परिच्छेद एक

# अध्ययनपरिचय

## १.१ अध्यताको पूरा नाम थर

विष्णुमाया खनाल

## १.२ अध्ययनशीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक "लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" रहेको छ ।

## १.३ अध्ययनप्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँपत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.४ परिचय

लोकसाहित्य समाजको ऐना हो । मानवजीवनका शाश्वत भावना र अनुभूतिहरूको कलापूर्ण यथार्थ अभिव्यक्ति कथाहरूमा पाइन्छ । मानव सभ्यताको संवाहकका रूपमा जन्मेको जेठो साहित्य लोकसाहित्य नै हो । लोकसाहित्यलाई विषयवस्तुका आधारमा गरिएको वर्गीकरणलाई हेर्दा लोकगीन, लोककथा, लोकगाथा, लोकनाटक, उखानतुक्का र गाउँखाने कथामा वर्गीकरण गरिएको छ । त्यसमा पनि लोकसाहित्यको दोस्रो महत्त्वपूर्ण विधाको रूपमा लोककथा रहेको छ । लोककथामा विभिन्न अवसरमा घटित घटनाहरूको नाटकीय ढङ्गबाट जीवन्त चित्रण र वर्णन गरिएको हुन्छ । आफ्ना अनुभवहरू अरूसँग भन्ने र सुन्ने क्रममा विकसित भएका लोककथाहरूका लागि वक्ता र स्रोता दुवैको आवश्यकता पर्दछ । लोककथामा लौकिक-अलौकिक, सम्भव-असम्भव आदि विषयको कुनै सीमा हुँदैन र ती सबैको साधरणीकरण भई रसात्मक अनुभूति प्राप्त हुन्छ । समाजको धार्मिक, सामाजिक, सांस्कृतिक मान्यता र परम्पराको यथार्थको विवरण बोक्ने साक्षीका रूपमा रहेको लोककथाबाट स्रोताले साहस, वीरता र उत्साहजस्ता भावहरू प्राप्त गर्दछन् । मनोरञ्जन र शैक्षिक ज्ञान दुवै यसबाट प्राप्त हुन्छन् । त्यसैले मानवजीवनका अनुभवका अवशेषहरूलाई समय र स्थानअनुसार समेट्दै र सुरक्षित गर्दै मौखिक परम्पराबाट पुस्तापुस्तासम्म हस्तान्तरण गर्दै प्रस्तुत गर्ने एउटा भण्डार वा सङ्ग्रहालयका रूपमा लोककथालाई लिन सकिन्छ ।

## १.५ अध्ययनको समस्या

लोकसाहित्यको एउटा उर्वर विधाको रूपमा रहेको लोककथाले समाजको विविध पक्षको चित्रण गर्ने कार्य गर्दछ। लोकसाहित्यको क्षेत्रमा लमजुङ जिल्ला यति धनी भएर पनि यस क्षेत्रमा कसैको पनि कलम नचल्नु एउटा समस्या हो। कथा सुनाउने र सुन्ने प्रथा निकै पुरानो भए तापनि त्यसको अध्ययन कार्य भने पहिलो भएकाले यस अध्ययन कार्यमा निम्न लिखित समस्याहरू उठाउने जमर्को गरिएको छ।

(क) लमजुङ जिल्लामा के-कस्ता लोककथाहरू प्रचलनमा छन् ?

(ख) प्रचलित लोककथाले लोकजीवनमा के-कस्तो भूमिका खेलेको छ ?

(ग) प्रचलित लोककथालाई कसरी सङ्कलन, वर्गीकरण र विश्लेषण गर्न सकिन्छ।

## १.६ अध्ययन कार्यको उद्देश्य

लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षकको अध्ययनकार्यमा मुख्य निम्नप्रकारका उद्देश्यहरू रहेका छन् :

(क) लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन गर्ने,

(ख) प्रचलित लोककथाहरूले लोकजीवनमा के-कस्तो भूमिका खेलेका छन् विश्लेषण तथा अध्ययन गर्ने,

(ग) प्रचलित लोककथाहरूको सङ्कलन गरी वर्गीकरण र विश्लेषण गर्ने, उल्लिखित समस्याहरूमा केन्द्रित भएर समस्याको समाधान गरिएको छ।

## १.७ अध्ययन कार्यको औचित्य

लोककथा लोकसाहित्यको उर्वर विधा हो। यसमा समाजका लौकिक-अलौकिक विविध पक्षहरू भित्रिएका हुन्छन्। लोककथाको सङ्कलन तथा अध्ययनबाट लोककथाको संरक्षण हुनुका साथै सम्बन्धित क्षेत्रका समाजको व्यापक अध्ययन पनि हुन्छ। त्यसैले लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण तथा विश्लेषणबाट त्यहाँ प्रचलित समाजको सामाजिक अवस्था, धार्मिक चिन्तन, सांस्कृतिक परम्परा र लोकविश्वासलाई पनि प्रष्ट्याउँछ। प्रचलित भाषिकाको अध्ययन गर्नेलाई पनि सहयोग पुऱ्याउँछ र लोककथाको अध्ययन गर्नेहरूलाई पनि आंशिक सहयोग प्रदान गर्नेछ। त्यसैले यस अध्ययन पत्रको औचित्य स्वतः स्पष्ट हुन्छ।

## १.८ पूर्वकार्यको समीक्षा

मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम संवाहकका रूपमा जन्मेको जेठो साहित्य लोकसाहित्य नै हो। लोकसाहित्यको एउटा उर्वर विधा लोककथा हो। यसको इतिहास धेरै पुरानो छ। समाजका लागि रुचिकर सिद्ध भएको यस विधालाई सङ्कलन गरी सुरक्षित राख्नुपर्दछ भन्ने ज्ञान धेरैपछि मात्र आयो। अझ लोककथालाई सिद्धान्तको कसीमा राखेर अध्ययन गर्ने परिपाटी नेपाली लोककथा साहित्यमा त भर्खरै मात्र आएको छ। नेपालका लोककथाहरूमा जातिगत, स्थानगत, भाषागत, भाषिकागत भेद-उपभेदहरू भेटिन्छन्। ती सबैको सङ्कलन, वर्गीकरण र विश्लेषण हालसम्म भएको छैन। छिटपुट रूपमा गरिएका प्रयासहरूले नेपाली लोककथालाई साङ्केतिक रूपमा चिनाउने काम भने गरेका छन्। त्यस्ता केही कृति र तिनमा गरिएका अध्ययनहरू जानकारीका निम्ति यहाँ क्रमशः प्रस्तुत गरिन्छ।

(क) तुलसी दिवस : 'नेपाली लोककथा' (२०३२) यस कृतिमा नेपाली कथाहरूलाई सङ्क्षेपमा चिनाउँदै तिनलाई चौध भागमा वर्गीकरण गरी उदाहरणसहित चिनाएको भए तापनि लमजुङ जिल्लामा प्रचलित लोककथाको बारेमा कुनै उल्लेख छैन।

(ख) प्रा.डा. दयाराम श्रेष्ठ : 'प्रारम्भिककालको नेपाली साहित्य इतिहास र परम्परा' यस कृतिमा प्रारम्भिक कालको नेपाली साहित्यको इतिहासलाई चिनाउने क्रममा नेपाली लोककथाहरूको पनि सङ्क्षेपमा चिनाउने काम गरिएको छ। लमजुङ जिल्लामा प्रचलित लोककथाको बारेमा भने कुनै सङ्केतसम्म पनि गरेको पाइँदैन।

(ग) प्रा.डा. दयाराम श्रेष्ठ : 'साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ' ( ) यस कृतिमा डा. श्रेष्ठका अनुसार २०१७ सालबाट मात्र नेपाली साहित्यको इतिहास लेख्न सुरु भएको तर २०५६ सालसम्म पनि लोकसाहित्यको बारेमा कुनै कृति नलेखिएको देखिन्छ। तर २०२१ मा भने रत्नध्वज जोसीको 'नेपाली कथाको कथा' भन्ने कृति देखापरेको पनि प्रस्टिन्छ। तर यस कृतिमा पनि लमजुङ जिल्लामा प्रचलित लोककथाहरूका बारेमा कुनै चर्चा देखिँदैन।

(घ) प्रा.डा. हरिप्रसाद शर्मा : 'कथा सिद्धान्त र विवेचना' यस कृतिमा डा. शर्माले लोककथाहरू नै साहित्यिक विधाका लागि आदिम स्रोत बन्न गएको, श्रुतिपरम्परामा आधारित हुँदै पुस्तापुस्तामा हस्तान्तरण हुने भनी विवेचना गरे तापनि लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको बारेमा कुनै चर्चा पाइँदैन।

(ङ) प्रा.डा. चूणामणि बन्धु : 'नेपाली लोकसाहित्य' (२०५८) यस कृतिमा डा. बन्धुले नेपाली लोकसाहित्यलाई विभिन्न विधा र उप-विधाहरूमा वर्गीकरण गरी लोककथाहरूको परिभाषा, वर्गीकरण, विश्लेषण तथा अध्ययन गरे तापनि लमजुङ जिल्लामा प्रचलित लोककथाको बारेमा कुनै चर्चा छैन।

(च) जीवेन्द्रदेव गिरी : 'हाम्रा लोकगाथा' यस कृतिमा लोककथा र लोकगाथा दुवै आख्यानात्मक विधा हुन् । खाली कथा गद्यात्मक र गाथा गेयात्मक हुन्छ भनी धेरै गाथाहरूको उदाहरण दिए तापनि लमजुङ जिल्लामा प्रचलित कुनै कथा, गाथाको बारेमा केही चर्चा छैन ।

नेपाली लोकसाहित्यका विकासको लागि जे-जस्ता कृतिहरू प्रकाशन भए तापनि अझसम्म लमजुङ जिल्लाको लोककथाका बारेमा कुनै पनि कृति प्रकाशन भएको छैन । प्रकाशित कृतिमा भएका लोककथाले त्यस जिल्लाको लोककथालाई औंल्याएका छैनन् । यी कृतिहरूबाहेक पनि हाल आएर दर्जनौं कृतिहरू लोककथाका बारेमा प्रकाशित भइसकेका छन् तर तिनमा पनि लमजुङ जिल्लाका प्रचलित लोककथाका बारेमा छुट्टै पहिचान, सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छैन । तसर्थ यस जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण तथा अध्ययन गर्ने उद्देश्य लिई यो अध्ययनपत्र तयार गरिएको हो ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनपत्र पूरा गर्न मुख्य रूपमा निम्नलिखित विधि अपनाइएको छ । (क) क्षेत्रीय विधि (ख) प्रश्नोत्तर तथा छलफल विधि (ग) पुस्तकालयीय विधि

(क) क्षेत्रीय विधि : यस विधिअन्तर्गत लमजुङ जिल्लाको भोटेओडार गाविसमा गई त्यहाँका लोककथा वाचकलाई भेटी उनीहरूसँग कथा लिने काम गरिएको छ । कथा लिँदा कथावाचकले भनेका कथाहरूलाई टेपरेकर्डरमा रेकर्ड गरिएको छ र प्राविधिक कठिनाई भएको ठाउँमा टिपोट पनि गरिएको छ ।

(ख) प्रश्नोत्तर तथा छलफल विधि : यस विधिअन्तर्गत कथाहरू टिपोट गर्ने क्रममा कुनै प्राविधिक कठिनाई आउँदा कथावाचकसँग सान्दर्भिक प्रश्न गर्दै छलफल गर्दै कथाको टिपोट गरिएको छ ।

(ग) पुस्तकालीय विधि : यस विधिअन्तर्गत प्राप्त लोककथालाई सङ्कलन गरिसकेपछि विषय विशेषज्ञसँग छलफल गरी लागेका शङ्काहरूको निवारण गरी स्पष्ट भई पुस्तकालीय विधि अपनाई प्राप्त सङ्कलित तथ्यलाई लिपिबद्ध पार्ने काम गरिएको छ। प्राप्त लोककथाहरूको आलेख उच्चारणका आधारमा गरिएको छ ।

## १.१० अध्ययन कार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यअन्तर्गत लोककथाको क्षेत्र व्यापक भए पनि यस अध्ययनमा लमजुङ जिल्लाको भोटेओडार र उर्दीपुर गा.वि.स.मा प्रचलित लोककथाहरूको मात्र सङ्कलन, वर्गीकरण, अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.११ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको रूपरेखा निम्नबमोजिम रहेको छ :

परिच्छेद १ : अध्ययन परिचय

परिच्छेद २ : लोककथा सिद्धान्त

परिच्छेद ३ : लमजुङ जिल्लाको परिचय

परिच्छेद ४ : लमजुङ जिल्लामा प्रचलित लोककथाहरूको विश्लेषण

परिच्छेद ५ : उपसंहार

परिच्छेद दुई

# लोककथा परिचय र विधागत वर्गीकरण

## २.१ लोकसाहित्यको परिचय

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो- लोकको साहित्य । यहाँ दुई शब्द छन् 'लोक' र 'साहित्य' । लोकको अर्थ दुनियाँ भन्ने पनि हुँदा र दुनियाँको विचार, रीतिस्थिति, संस्कृति, चाडपर्व, भाव आदिसँग सम्बन्धित विचारहरू लोकसाहित्यमा प्रस्तुत हुने हुँदा लोकसाहित्यलाई जनताको साहित्य पनि भन्ने गरिन्छ । मौखिक परम्परामा आधारित पुस्तौंपुस्तासम्म हस्तान्तरित हुँदैआएको यो साहित्यमा 'लोक' भन्नाले दुनियाँ वा समाज र साहित्य भन्नाले लिखित वा मौखिक रूपमा अभिव्यक्त गरिने भावोद्गार बुझिन्छ । तसर्थ नेपाली समाजको लोकजीवनमा बाँचेका सहरिया रमझमबाट टाढा रहेका मान्छेहरूको कोमल, निश्चल, सरल तथा सरस अभिव्यक्तिलाई लोकसाहित्य भन्ने गरिन्छ । लोकसाहित्य समाजको ऐना हो र यसलाई मौखिक परम्परामा आधारित साहित्यको रूपमा लिइन्छ ।

समाजमा समाजबाटै सिर्जित र जीवन्त रहिरहने साहित्य नै लोकसाहित्य भएको हुँदा यसभित्र सामान्य जनजीवनका हाँसो, खुसी, रोदन, दुःख, सुख, आँसु, पीडा, मर्म र वेदनाका अभिव्यक्तिहरू झल्केका हुन्छन् । पहाडी जीवनभित्र आफ्ना सुस्केराहरूलाई उजागर गर्ने क्रममा कलासाहित्यको रचना हुने गर्दछ । यसभित्र भूत, वर्तमानको पूर्ण विवरण र भविष्यप्रतिको मीठो आशा व्यक्त गरिएको हुन्छ । यसमा विभिन्न भू-खण्डहरूको प्रकृति, संस्कृति, मनोविज्ञान, कला र लोकचेतनालाई राम्ररी प्रस्फुटन गर्ने कार्यमा लोकसाहित्य माथिल्लो श्रेणीमा पर्दछ भने मनोरञ्जन गर्ने कार्यमा पनि उत्तिकै सफल मानिन्छ ।

लोकसाहित्यको सुरुवात सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । प्रारम्भदेखि नै मौखिक परम्परालाई आधार बनाउँदै आएको हालसम्म पनि श्रुतिपरम्परामा नै लोकसाहित्य बाँच्दै आएको छ भनेर पुष्टि गर्न सकिन्छ । सहज शैली र सरल भाषामा मुखरित हुने भएकाले नै सबैको मन छुने गर्दछ । लोकसाहित्यले समाजका सबै प्रकारका मानिसहरूलाई एउटै अँगालोमा बाँधेको छ । जीवनका सबै कुनालाई घच्घच्याउन पुग्ने र जातीय सेरोफेरोमा घुम्ने भएको हुँदा यसको चर्चा-परिचर्चा पनि बढी नै हुने गरेको पाइन्छ । त्यसैले होला यसका व्याख्याताहरूले लोकसाहित्य भनेको 'आदि वेद' को भन्दछन् ।

प्रसिद्ध समालोचक वासुदेव त्रिपाठी, लोकसाहित्यका खोजकर्ता चूडामणि बन्धु तथा मोतीलाल पराजुलीले पनि लोकसाहित्यलाई आदिम साहित्यको केन्द्रबिन्दु नै मानेका छन् ।

मनभित्र समसामयिक अनुभूतिको सहज प्रष्फुटन र ऐतिहासिक प्रसङ्ग पाइने भएको हुँदा आदिमता र नवीनता दुवै प्राप्त हुने कुरामा विद्वान्त्रय सहमत छन् । लोकसाहित्यमा विभिन्न उपविधाहरू समाहित हुने भएकाले लोकका सदस्यहरूले आफ्नो सभ्यता, संस्कृति, रीतिस्थिति आदिलाई आफ्नो स्थानीयताको आधारमा प्रस्तुत गर्ने गर्दछन् । यस्तै प्रस्तुति र अभिव्यक्तिको आधारमा यो परम्परादेखि चल्दैआएको छ । विश्वको मानचित्रमा नेपाल देश खोज्दा अन्य देशको दाँजोमा सानो भए पनि विविध जातीयताको कारण यस देशका संस्कृति, परम्परा, रीतिस्थिति आदि भने धेरै छन् । जसरी हीरा, माणिक, पक्ना अनुपातमा साना भए तापनि मूल्यमा ठूला छन्, त्यस्तै गरी सानो देशको पनि रीतिरिवाज ठूलो छ । यसको सुन्दरता र विशालतालाई हेर्न यसभित्रको लोकसाहित्यको अध्ययन गर्नुपर्दछ ।

लोकजीवनको मनोविज्ञान र भावनालाई बुझ्न लोकसाहित्यको अध्ययन जरुरी छ । लोकसाहित्य एक पुस्ताको अनुभव मात्र नभई हाम्रा पूर्वजहरूको अनुभव पनि हो । श्रुतिपरम्परा हुँदै हरेकको गलामा भिज्दै आएको यो साहित्य दुःखी-गरिब, ठूला-साना, आइमाई-केटाकेटी, वृद्धाको समेत मन पर्ने साहित्य हो । उनीहरूको मर्मदेखि उठेका आँसु, हाँसो, सुख-दुःखको पोको, पीडा, मर्म, रोदन आदिको सुसेली वा प्रस्तुति पनि हो । सृजनाकार अज्ञात भए पनि जीवन्तताको परिचायक भनेर लोकसाहित्यका मर्मज्ञहरूले यसलाई परिभाषित गरेका छन् । पूर्वजदेखि चल्दैआएको मौखिक परम्पराबाट श्रुतिपरम्परामा बाँच्दै आएको लोकमानसले अनुभव गरेको जीवनका तीता-मीठा, रोदन, पीडा आदिका अभिव्यक्ति नै लोकसाहित्य हो ।

## २.२. लोकसाहित्यको विधाहरूको वर्गीकरण

लिखित साहित्यलाई विभिन्न विधाहरूमा वर्गीकरण गरेजस्तै लोकसाहित्यलाई पनि यसको प्रस्तुति, बनावट र समाजमा दिने मनोरञ्जनका आधारमा निम्न लिखित शीर्षकमा विभाजन गरेर छुट्टाछुट्टै चर्चा गर्न सकिन्छ ।

क. लोकगीत

ख. लोककथा

ग. लोकगाथा

घ. लोकनाटक

ङ. उखान-टुक्का

च. गाउँखाने कथा

क. लोकगीत

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीतलाई सर्वाधिक चर्चित र सर्वप्रिय विधाको रूपमा लिन सकिन्छ । भाषाको उत्पत्तिसँगै लोकगीतको पनि उत्पत्ति भएको मान्न सकिन्छ । लोकगीत लोकजीवनको अभिन्न अङ्ग हो । लोकगीत लोकमा गाइने साङ्गीतिक अभिव्यक्ति हो । मानवजीवनका खुसी र पीडाहरूलाई लोकगीतबाट नै व्यक्त गरिएको पाइन्छ । लय वा भाका मिलाएर गाइने यस्ता गीतहरूले मानिसको मुटु नै छोएको हुन्छ । लोकगीत बाह्रै महिना गाएर मनोरञ्जन लिने गरिन्छ । लमजुङमा पनि जनजीवनका संस्कारगीत, कर्मगीत, पर्वगीत, बाह्रमासे गीत आदि विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् ।

ख. लोककथा

लोकसाहित्यको अर्को महत्त्वपूर्ण विधाका रूपमा लोककथा रहेको छ । लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एकले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई सुन्ने कथा पनि भन्ने गरिन्छ । लोककथा शब्दको प्रचलन लोकसाहित्यको धारणाको विकासपछि भएको हो । पहिले लोककथा नमानी दन्त्यकथा भनेको पाइन्छ । लोककथा सरल भाषामा प्रस्तुत हुने हुँदा बुझ्न पनि सजिलो हुन्छ । लोककथाको उत्पत्ति खोज्दै जाँदा भाषाको उत्पत्तिसम्म पुग्नुपर्ने हुन्छ । यसर्थ लोककथा प्राचीनकालदेखि नै एक पुस्ताबाट अर्को पुस्ता हुँदै मौखिक परम्परामा हस्तान्तरित हुँदै आएको विधा हो । लोककथाले मानिसको थकित अवस्था होस् वा फुर्सदको अवस्था होस् जुनसुकै बेलामा पनि मनोरञ्जन प्रदान गर्दछ ।

ग. लोकगाथा

लोकगाथा लोकसाहित्यको अर्को एउटा विधा हो । लोकगाथा परम्परादेखि चल्दैआएको श्रुतिपरम्परामा बाँधिएको कथात्मक गीत हो । यस्ता गाथाहरू भाका हालेर गाइन्छन् । गीतमा आख्यान प्रस्तुत हुन्छ । लोकगाथा लामा र छोटो दुवै खालका हुन्छन् । नेपालमा पनि पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म नै प्रचलनमा रहेका छन् । नेपाली लोकगाथाहरूमा हरिमल्ल राजा र भवमल्ली रानीको गाथा, रामायणको गाथा, सरुमै रानी आदि मुख्य छन् ।

घ. लोकनाटक

लोकनाटक लोकसाहित्यको अभिनयमूलक विधा हो । लोकगीत, लोकनृत्य र लोकसङ्गीत नै लोकनाटक हो । लोकनाटक लोक भावनाको अभिव्यक्ति गर्ने माध्यम हो र यो परम्परा र रुढिमा आधारित हुन्छ । यसमा शास्त्रीय नियमहरूको आवश्यकता पर्दैन ।

नाटक देखाउने मञ्च पनि लोकशैलीकै हुन्छ । मञ्चमा कुनै सजावट हुँदैन । गाउँका पाटी, पौवा, चौतारी र सहरका चोकहरू नै लोकनाटकका मञ्चहरू हुन् । नाटकलाई पञ्चम वेदका रूपमा लिने गरिएको पाइन्छ । बालुन, सोरठी, घाँटु आदि लोकनाटकका उदाहरणहरू हुन् । लोकनाटकको थालनी गुरूपरम्पराबाट हुने गर्दछ ।

ङ. उखान-टुक्का

उखान-टुक्का लोकसाहित्यको अर्को महत्त्वपूर्ण विधा हो । कथनलाई तीव्रतर र प्रभावोत्पादक बनाउन उखानले प्रमुख भूमिका खेलेको हुन्छ । पुस्तौंदेखि मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका उखानहरू अनुभवले खारिएका मानिसका वाणी हुन् । उखान-टुक्कालाई भाषाको गहना मानिएको छ । यो अनुभवको सार हो । विद्वान्हरूले धेरै समय लगाएर व्याख्या गरी बुझाउन नसकेका कुरा एउटा उखानको प्रयोगले बुझाउन सक्छ । जति उखानको प्रयोग हुन्छ भाषा उत्ति नै प्रभावशाली हुन्छ । उखान-टुक्का बेला वा समय र ठाउँ हेरी हुने गर्दछ । जस्तै : ठाउँ न ठहर बुढीको रहर, बाँदरको हातमा नरिवल, आँखा तर्नु, हामफाल्नु आदि ।

च. गाउँखाने कथा

लोकसाहित्यको एउटा मनोरञ्जनात्मक विधाका रूपमा गाउँखाने कथा रहेको छ । यसले मानिसको बुद्धिको परीक्षण पनि गर्दछ र तर्कशक्ति पनि बढाउने गर्दछ । यसलाई नेपालीमा अड्को थाप्नु पनि भनिन्छ । मनोरञ्जनको रूपमा सुरुभएको गाउँखाने कथामा प्रश्नकर्ताले प्रश्न सोधेर उत्तरको अपेक्षा गर्दछ । उत्तर दिन नसकेमा प्रश्नकर्तालाई गाउँ दिनुपर्दछ अनि मात्र प्रश्नकर्ताले उत्तर बताइदिन्छ । जस्तै : भएको भए दिने थिइन छैन खाएर जाऊ, मरेको लम्बा एक ठाउँमा जम्मा आदि ।

निष्कर्ष

लोकसाहित्य लोकजीवनमा परम्परादेखि नै मौखिक रूपमा हस्तान्तरित हुँदै आएको साहित्य हो । यसमा लोकजीवनका सुख-दुःख, हाँसो-आँसु, हर्ष विस्मात् आदि कुराहरू अभिव्यक्त भएका हुन्छन् । अशिक्षित समाजमा मनोरञ्जन र नैतिक शिक्षा दिने क्रममा लोकसाहित्य जीवित रहँदैआएको छ । लोकसाहित्यका विभिन्न विधाहरूले मानिसहरूलाई विभिन्न प्रकारले मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । विभिन्न विशेषताहरू बोकेको लोकसाहित्यको क्षेत्र विशाल रहेको छ । लिखित साहित्यको विकास पनि लोकसाहित्यबाट नै भएको हो ।

## २.३ लोककथाको परिचय

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । भाषाको उत्पत्तिसँगै उत्पत्ति भएको मानिने लोककथा लोकजीवनको एउटा अभिन्न अङ्ग भएको छ । लोककथाले लोकजीवनमा मनोरञ्जन, नैतिक शिक्षा तथा उपदेश दिने गर्दछ । लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदैआएका कथाहरू नै लोककथा हुन् । एकले भन्ने र अरूले सुन्ने हुँदा यसलाई 'भन्ने कथा' पनि भनिन्छ । लोककथा शब्दको प्रचलन भने लोकसाहित्यको विकासपछि मात्र भएको हो । लोककथाले विभिन्न ऐतिहासिक घटनालाई किंवदन्तीमा गाँस्ने, पुराणका कथालाई मौलिकतामा ढाल्ने र स्थानीय देवीदेवता तथा मेलापर्वको उत्खनन् गरी विभिन्न रीतिरिवाज, संस्कृति र लोकजीवनका पीडा तथा आनन्दको अभिव्यक्ति गर्दछ ।

नेपाल विश्वको मानचित्रमा छिमेकी राष्ट्रहरूको दाँजोमा सानै भए तापनि बहुजाति र बहुभाषीका कारण यो विविध संस्कृति र रीतिरिवाजमा भने धनी राष्ट्र हो । कृषिप्रधान देश भएकाले अधिकांश जनता कृषिमा नै निर्भर छन् । खेतबारीमा काम गरेर थाकेका बेला जाडोमा अँगेनाको डिलमा बसेर आगो ताप्दा, हिउँदभरि गरिने सामाजिक रिवाजको वखत, रातभरि कूलो कुर्दा, ढुङ्गामाथि बसी भनिने ठट्यौलीहरू वा कथा वा पूजा आजामा दियो जगाएर बस्दा भनिने हरिभजन वा बच्चाहरूलाई फुल्याउँदा वा सुताउँदा भनिने लोरी छन्, ती सबै लोकसाहित्यका विधाहरू हुन् र यसमा सर्वोत्कृष्ट र चर्चित विधा हो लोककथा । परापूर्व कालदेखि श्रुतिपरम्परा हुर्कंदै पुस्तौंदेखि हस्तान्तरण हुँदै मौखिक रूपमा जीवित हुँदै आएको यो विधालाई बच्चा, बुढा, जवान सबैलाई मन पर्दछ ।

लोककथामा मानवीय र मानवेतर दुवैखाले पात्रहरू पाइन्छन् । लोककथामा यथार्थ जीवनका घटनाभन्दा छुट्टै काल्पनिक संसारका कुराहरू प्रस्तुत हुन्छन् । ढुङ्गामाटो, नदी, हावा, भीरपाखा, जनावर, भूत, देवता आदि पात्रका रूपमा आएका हुन्छन् । प्रायः लोककथा मनोरञ्जन र नैतिक शिक्षा दिने उद्देश्यले प्रस्तुत हुन्छन् र यिनीहरू आधुनिक कथाभन्दा बेग्लै खालका हुन्छन् ।

## २.४ लोककथाको परिभाषा

लोककथाको सुरुवात सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । मानवीय सभ्यताको मिर्मिरेबाट नै यसलाई मौखिक वा लिखित रूपमा परिभाषित गरेका विभिन्न प्रमाणहरू भेटिन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारको परिभाषा दिएका छन्, जस्तै-

"लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहीत हुने गर्दछ ।"[ग] – तुलसी दिवस

"संसारका प्राणी वनस्पतिका सुखदुःखका मार्मिक कथा व्याख्याको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति नै लोककथा हो ।"[ङ] - मोतीलाल पराजुली

"लोककथाले आफ्नो वर्णनात्मक भनाइबाट लोकलाई आनन्द दिन्छ, चाखिलो र वर्णनात्मक विषयवस्तुमा बुनिएको हुन्छ र चोटिलो रचना पनि हो ।[घ]"

– धर्मराज थापा र हंसपुरे सुवेदी

"लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थुल प्रतीकले अभिव्यक्त गर्दछ ।[ढ]" – सत्येन्द्र

"लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदैआएका कथाहरू नै लोककथा हुन् ।[छ]" – चूडामणि बन्धु

नेपाली बृहत् शब्दकोषमा भने परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा नै लोककथा हो भनी प्रस्तुत गरिएको छ । यसरी विभिन्न विद्वान् तथा शब्दकोषमा लोककथालाई आ-आफ्नै तरिकाले चिनाइएको छ । जेहोस्, निचोडमा हेर्दा भने परापूर्वकालदेखि मौखिक परम्परामा एक पुस्ताबाट अर्कोमा हस्तान्तरित हुँदै मानव समुदायलाई मनोरञ्जन तथा नैतिक शिक्षा तथा उपदेश दिँदै लोकभावनालाई व्यक्ति गर्दै आएको गद्याख्यान नै लोककथा हो ।

लोककथाका यी विद्वान्हरूको परिभाषाबाट थाहा हुन्छ कि लोककथाले तत्कालीन समाजको आर्थिक, सामाजिक, सांस्कृतिक र नैतिक मूल्य तथा मान्यतालाई पुनर्जीवित गर्दोरहेछ । समयको गतिसँगै लोककथाको प्रस्तुतिमा पनि परिवर्तन आइसकेको छ । वक्ताले प्रस्तुतिमा देखापर्ने कौसलता, काल्पनिकता, अतिशयोक्तिको मिश्रण गर्न वैशिष्ट्यता नै बनेको छ । जेहोस्, लोककथाले लोकजीवनको प्रतिविम्बलाई उजागर गर्छ । लोकसंस्कारलाई सुरक्षित राख्दछ र लोकमानसमा परम्पराको संरक्षण गर्ने प्रेरणा गर्छ । यसले समाजमा उपदेश तथा अनुशासनको पाठ पढाउँछ । नेपाली लोककथाको स्रोत नै

---

१ चूडामणि बन्धु **नेपाली लोक साहित्य** (काठमाडौं, एकता बुक्स २०५८), पृ. २८४

२ मोतीलाल पराजुली **नेपाली लोकगाथा** (पोखरा, श्रीमती तारादेवी पराजुली २०४९) पृ. १२

३ धर्मराज थापा र हंसपुरे सुवेदी **नेपाली लोक साहित्यको विवेचना** (काठमाडौं, पा.वि.के.त्रिवि २०४१), पृ. २३३

४ चूडामणि बन्धु **नेपाली लोक साहित्य** (काठमाडौं एकता बुक्स २०५८), पृ. २८३

५ चूडामणि बन्धु **नेपाली लोक साहित्य** पूर्ववत, पृ. २८४

नेपालको पहाड, लेकबेसी तथा कन्दरामा बस्ने सिधा ग्रामबासीहरूको जनगल र जनजिब्रो हो ।

## २.५ लोककथाको स्वरूप

लोककथा गद्य विधामा आउने कथानकयुक्त विषयवस्तु हो । यसमा परम्परागत मान्यता र धारणा मात्र नभएर लोक जीवनका दुःख-सुख, आस्था-विश्वासजस्ता तत्त्वहरू पनि रहेका हुन्छन् । यसको स्वरूपलाई निम्नलिखित बुँदाहरूमा लेख्न सकिन्छ ।

(१) लोककथामा रचनाकार अज्ञात हुन्छ ।
(२) लोककथा स्थान र समयनुसार परिवर्तन हुँदै जान्छ ।
(३) लोककथाको भाषा सरल हुन्छ ।
(४) पात्रहरू मानवीय र मानवेत्तर दुवै हुन्छन् ।
(५) यो कथ्य विधा हो र यसमा कथानकको अनिवार्यता रहन्छ ।
(६) यसको प्रारम्भ एकादेशबाट सुरु हुन्छ र "भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला" भनी अन्त्य गराइन्छ ।
(७) तिलस्मी प्रवृत्ति रहे पनि सामाजिक पक्ष पनि सशक्त हुन्छ ।
(८) लोककथा एकले भन्ने र अरूले सुन्ने हुँदा एक्लैले लोककथा भन्नुको कुनै अर्थ हुँदैन ।
(९) गद्य विधा भए तापनि रोचकताको निम्ति बीचबीचमा गीत पनि आउन सक्छ ।
(१०) लोककथा लामा, छोटा, मझौलाजस्ता पनि हुन्छन् ।

## २.६ लोककथा र लिखित कथा

लोककथा र लिखितकथा वास्तवमा एकै जस्ता छन् । जुन मौखिक परम्परामा निर्वाह हुँदै आउने गर्दछन्, ती लोककथा हुन् भने व्यक्तिले लिपिबद्ध तरिकाले आफ्ना भावना र कल्पनाको मिश्रण गरी उतारेका कथा लिखित कथा हुन् । यी दुई बीचमा नजिकको सम्बन्ध छ । यी दुवै कथामा जीवन जगत्को चित्रण गरिएको हुन्छ । दुवै एउटा निश्चित संरचनामा संरचित हुन्छन् । दुवै विधाका तत्त्वहरू समान हुन्छन् । यति धेरै समानता हुँदाहुँदै पनि यी दुईमा केही भिन्नता देखिन्छ ।

| लोककथा | लिखितकथा |
|---|---|
| १. मौखिक परम्परामा आबद्ध हुन्छ । | १. लिपिबद्ध हुन्छ । |
| २. ग्रामीण समुदायमा प्रचलित हुन्छ । | २. ग्रामीण र सहर दुवैमा प्रचलित हुन्छ । |
| ३. कुनै पनि नियममा बाँधिएको हुँदैन । | ३. शास्त्रीय नियममा बाँधिएको हुन्छ । |
| ४. रचनाकार अज्ञात हुन्छ | ४. रचनाकार अगाडि आउँछ । |
| ५. सरल भाषाशैली स्वभाविक ढङ्गमा प्रस्तुत हुन्छ | ५. वैयक्तिक भाषाशैली र नाटकीय ढङ्गमा प्रस्तुत हुन्छ |
| ६. परिवर्तनशील हुन्छ | ६. अपरिवर्तनीय हुन्छ । |
| ७. लोकसंस्कृतिको प्रत्यक्ष प्रभाव हुन्छ । | ७. व्यक्ति चिन्तन, दर्शन, विचार आदिको प्रभाव हुन्छ । |
| ८. कथावाचक अशिक्षित भए पनि हुन्छ । | ८. कथावाचक शिक्षित नै हुनुपर्दछ । |
| ९. बुझ्न सजिलो हुन्छ । | ९. कहिले काहीँ कठिन शब्दको प्रयोगले गर्दा बुझ्न कठिन हुने गर्दछ । |

## २.७ लोककथाका तत्त्वहरू

नेपाली जनमानसको गलागलामा रसाउँदै आएका लोककथा लोकसाहित्यको एउटा प्रमुख विधा हो । लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन तथा शिक्षा प्रदान गर्दै आइरहेको छ। यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने कारकका रूपमा संरचित लोककथामा निम्नप्रकारका तत्त्वहरू रहेका छन् ।

(क) कथानक (ख) पात्र (ग) संवाद (घ) परिवेश

(ङ) उद्देश्य (च) भाषा (छ) शैली

### (क) कथानक

कथानक लोककथाको प्रमुख तत्त्व हो । आख्यानयुक्त विधा भएको हुँदा कथानकविना लोककथाको कल्पना सम्भव छैन। लोककथामा काल्पनिक र यथार्थ दुवै कथानक हुनसक्छ। लोकजीवनका सुख-दुःखका सन्दर्भहरू प्रेम, वीरता, आदिका सन्दर्भहरू लोककथाका विषय बन्न सक्छन् । लोककथाको कथानकभित्र स-साना सन्दर्भहरू जोडिन सक्छन् जसलाई उपकथा भनिन्छ र यिनै उपकथाहरूले कथालाई रोचक बनाएका हुन्छन् ।

यस्ता उपकथाहरू कल्पनाको माध्यमबाट सृजित हुन्छन्। कथावस्तुलाई कथानक वा 'मोटिफ' पनि भनिन्छ।

लोककथाको आख्यान प्रारम्भ, विकास, उपसंहारजस्ता आख्यान रचना शृङ्खलामा आबद्ध हुन्छन्। आरम्भमा कथाका बीजहरू देखिन्छन्। बीजहरू बढ्दै गएर कथानकले अर्को गति लिन्छ र कथा विकास भागमा पुग्दछ। कथाको पूर्ण विकास भएपछि कथा चरमोत्कर्ष विन्दुमा पुग्दछ। यही चरमोत्कर्ष पछि कथाले दिने जुन निचोड हो त्यही नै उपसंहार हो।

(ख) पात्र

लोककथाको दोस्रो महत्त्वपूर्ण तत्त्वको रूपमा पात्र रहेको छ। पात्र बिना कथानकको विकास हुन सक्दैन। कथानक शरीर हो भने पात्र त्यसका नसाहरू हुन्। लोककथा कल्पना प्रधान भएको हुँदा यसका पात्रहरू पनि जीवनको यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट ल्याइएका हुन्छन्। पात्रहरू मानवीय र मानवेत्तर दुवै खालका हुन्छन्। मानवीय पात्रहरूमा राजादेखि रंकसम्मका हुन्छन् भने मानवेतर पात्रहरूमा पशुपंछीदेखि ढुङ्गामाटो, पानी, भूतप्रेत आदि हुन्छन्। यी पात्रहरूको क्रियाकलाप यथार्थभन्दा धेरै टाढा हुन्छ र यिनै पात्रको क्रियाकलापबाट लोकजीवनले आनन्दको अनुभव गर्दै छक्क पार्दछ। यसरी लोककथामा पात्र अनिवार्य तत्त्वको रूपमा रहेको छ।

(ग) संवाद

संवाद लोककथाको अर्को तत्त्व हो। लोककथामा संवाद शिथिल रूपमा आएको हुन्छ। लोककथामा प्रयुक्त कथावस्तु र पात्रहरूलाई कथयिताले नै बढी मात्रामा प्रस्तुत गर्ने हुनाले संवाद शिथिल रूपमा रहन्छ। लोककथामा पशुपक्षी, ढुङ्गामाटो पनि पात्र बनेर कुरा गर्दछन्। यस्तो संवाद अयथार्थ र अस्वभाविक भए पनि स्रोतालाई भने मुग्ध बनाएकै हुन्छ। संवादले केही हदसम्म त कथालाई रोचक नै बनाउँछ र यस्तो संवाद स्रोताहरूलाई सुनिरहन पनि मन लाग्ने हुन्छ।

(घ) परिवेश

परिवेश लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो। लोककथामा ग्रामीण, आञ्चलिक, सहरीया, दरबारिया आदिको वर्णन पाइन्छ। कथावाचकले कथानुरूप नै कथाको परिवेश मिलाएको हुन्छ। लोककथामा आउने परिवेश लौकिक र अलौकिक दुवै किसिमका हुन्छन्। लौकिक परिवेशअन्तर्गत पृथ्वी र यस धरातलमा देखिने वस्तुहरू र गर्न सकिने कार्यहरू पर्दछन् भने अलौकिक परिवेशअन्तर्गत पृथ्वीभन्दा बाहिरका लोकहरू जस्तै- स्वर्ग, मर्त्य, पाताल आदि र असम्भाव्य कार्यव्यापारको चित्रण भएका कार्यहरू पर्दछन्। यसरी परिवेश कथामा महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ।

(ङ) उद्देश्य

लोककथाको अर्को महत्त्वपूर्ण तत्त्वको रूपमा उद्देश्य रहेको छ। लोककथाले लामो समयदेखि जरा गाड्दै आउनु र सधैँ लोकप्रिय हुनुको कारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो। लोककथाको मुख्य उद्देश्य लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु र नैतिक उपदेश, धार्मिक तथा सांस्कृतिक ज्ञानजस्ता कुराहरू प्रदान गर्नु हो। तसर्थ उद्देश्यविनाको कुनै पनि कार्य सम्भव छैन। यसैले लोककथामा उद्देश्य महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ।

(च) भाषा

लोककथाको भाषा पनि महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ। लोककथाको कथावाचक र स्रोताहरू पनि प्रायः ग्रामीण तथा विकट क्षेत्रका अशिक्षित जनता भएको हुँदा यसको भाषा पनि सरल हुन्छ। कथा सुनाउने र सुन्ने दुवै अशिक्षित भएको हुँदा भाषा बुझ्न सजिलो हुने गर्दछ। लिखित कथामा जस्तो क्लिष्ट भाषाको प्रयोग लोककथामा हुँदैन। सरल भाषाको प्रयोगमा कथावाचन गरिने हुँदा सर्वसाधारणले पनि सजिलोसँग बुझ्न सक्ने हुन्छन्।

(छ) शैली

शैली लोककथाको अर्को तत्त्व हो। लोककथा सरल भाषामा प्रस्तुत गरिन्छ। कथावाचक र सुन्नेहरू प्रायः अशिक्षित नै हुनेहुँदा यसको शैली पनि प्रायः ग्रामीण भाषामा हुनु स्वभाविक नै हुन आउँछ। वर्णनात्मक, गर्भकथात्मक र क्रमसम्बर्द्धनात्मक गरी तीन प्रकारका शैलीबाट कथा भन्ने गरेको पाइन्छ। वर्णनात्मक शैलीअन्तर्गत एकादेशमा यस्तो थियो रे भन्दै कथाको वर्णन गर्नुपर्ने हुन्छ र गर्भकथात्मक शैलीमा भने मूलकथाभित्र आएका स-साना उपकथा वा गर्भकथालाई जोड्दै भन्ने गरिन्छ र क्रमसम्बर्द्धनात्मक शैलीअन्तर्गत भने एउटै विषय बारम्बर पुनरावृत्ति गराएर भन्ने शैली हो। यी तीनै शैलीको प्रयोगबाट कथा भन्ने र सुनाउने गरेको पाइन्छ।

## २.८ लोककथाको वर्गीकरण

लोककथाहरू आदिमकालदेखि सङ्कलित हुँदै आए। यिनको खास वर्गीकरण भने स्पष्ट रूपमा देखिँदैन। यसलाई वर्गीकरण गर्न गाह्रो हुनुमा यस विधाले पाएको सर्व-व्यापकता पनि हो। व्यापक र विस्तृत क्षेत्रलाई ओगटेको भए पनि वैज्ञानिक तरिकाले वर्गीकरण गरेर यसका विविध क्षेत्रलाई केलाउने कार्यमा सफलता हासिल गर्नु यस लघुअनुसन्धानको ध्येय रहेको छ।

प्राचीन संस्कृत साहित्यका आचार्यहरूले पनि लोककथालाई विधागत रूपमा छुट्याएर वर्गीकरण गर्ने कोसिस गरेको पाइन्छ।★ आनन्दवर्द्धनले लोककथालाई (क) परीकथा (ख) सकलकथा र (ग) खण्डकथा गरी तीन भागमा विभाजन गरेको पाइन्छ। हरिभद्रले (क) अर्थकथा (ख) काम कथा (ग) धर्मकथा (घ) संकीर्णकथा गरी चार भागमा विभाजन गरेका छन्। दिनेशचन्द्रले (क) रूपकथा (ख) हास्यकथा (ग) धार्मिक कथा (घ) गीतिकथा गरी चार भागमा विभाजन गरेका छन्। त्यस्तै अर्का विद्वान् कृष्णदेव उपाध्यायका अनुसार प्रेमकथा, उपदेशकथा, सामाजिक कथा, व्रतकथा, मनोरञ्जनकथा र पौराणिक कथा गरी छ भागमा विभाजन गरेको पाइन्छ।

यसरी विभिन्न वर्गीकरणलाई हेर्दा कुनै पनि विद्वान्ले सम्पूर्ण क्षेत्रलाई समेटेर लोककथालाई वर्गीकरण गरेको भेटिँदैन। तसर्थ नेपाली लोकसाहित्यमा ख्याति कमाएका लोकसाहित्यका व्याख्याता तथा खोजकर्ता तुलसी दिवसले गरेको नेपाली लोक कथाहरूको वर्गीकरणलाई सान्दर्भिक मान्न सकिन्छ। उनकाअनुसार नेपाली लोककथालाई दस भागमा विभाजन गरेको पाइन्छ। ❖

क. सांस्कृतिक र ऐतिहासिक लोककथाहरू
ख. उपदेशका लोककथा
ग. पशुपंक्षीका लोककथाहरू
घ. मानवीय स्वभाव र प्रवृत्तिका लोककथाहरू
ङ. अतिमानवीय रूपका लोककथा
च. दैवी लोककथाहरू
छ. फलफूलका लोककथाहरू
ज. धार्मिक लोककथाहरू
झ. सहास र बहादुरीका लोककथाहरू
ञ. विविध लोककथाहरू

## निष्कर्ष

लोकसाहित्य लोकजीवनको अभिन्न अङ्गको रूपमा रहेको छ। श्रुतिपरम्परामा आधारित लोकसाहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको पाइन्छ। यसका विभिन्न विधाहरूका आ-आफ्नै प्रकारका उत्पत्ति, स्वरूप, परिचय, क्षेत्र विशेषता र वर्गीकरण रहेका छन्। लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा एउटा मनोरञ्जन र उपदेशात्मक विधा हो। प्राचीन कालदेखि भनिँदै सुनिँदै आए पनि यसको सङ्कलन भने २० औँ शताब्दीको अन्तिम दशकदेखि मात्र भएको पाइन्छ। श्रुतिपरम्परामा आधारित यो साहित्य सबैभन्दा जेठो साहित्य हो।

---

★ सुनिल अर्याल गोरखा जिल्लामा प्रचलित लोककथाहरूको संकलन वर्गीकरण र विश्लेषण २०६३ (स्नाकोत्तर शोधपत्र अप्रकाशित)

❖ तुलसी दिवस, नेपाली लोककथा

परिच्छेद तीन

# लमजुङ जिल्लाको परिचय

## ३.१ पृष्ठभूमि

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रमा अवस्थित गण्डकी अञ्चलभित्रका ६ जिल्लाहरूमध्ये एक जिल्ला हो 'लमजुङ। आफ्नै गौरवमय इतिहास, धार्मिक वैभव, संस्कृति र परम्पराहरू बोकेको यस जिल्लाको छुट्टै पहिचान छ। इतिहासका पानालाई पल्टाएर हेर्दा शाह वंशका संस्थापक श्री द्रव्य शाहको जन्मभूमि यस जिल्लामा अहिले पनि उनले खेलेको प्राङ्गण, दरबार र चोकहरू देख्न सकिन्छ। दर्जनौं हिमशृङ्खला, नदीहरू र विविध खालको हावापानी र भौगोलिक विविधता भएको यस जिल्लामा अनेकौं धार्मिक स्थल तथा प्रख्यात मन्दिरहरू पनि छन्। जातिगत विविधता भएको यस जिल्लामा सांस्कृतिक रीतिरिवाज र धार्मिक परम्परा पनि विविध पाइन्छन्।

## ३.२ नामकरण

लमजुङ जिल्लाको लमजुङ नाम रहनुमा धेरै कारणहरू नभए तापनि एउटा ऐतिहासिक कारण भने रोचक छ। ऐतिहासिक सत्यतथ्यअनुसार सुरुमा लमजुङमा घले राजाहरूले राज्य गर्दथे। उनीहरूको अत्याचार अरू जातिहरूलाई सैह्य थिएन। अरू जातिले घलेहरूको शासन व्यवस्थालाई नमान्ने र अर्कै नयाँ राजाको स्थापना गर्ने निर्णय गरे। ठकुरी वंशको क्षत्रीय कूलको व्यक्तिलाई राजा बनाउनुपर्छ भन्ने धारणा बोकेर पाल्पा भिरकोटका राजा कुलमण्डन शाहको दरबारमा केही व्यक्तिहरू गए। लमजुङेहरूले कुलमण्डन शाहसमक्ष आफ्ना सबै वृत्तान्त बताए र एउटा राजकुमार राजा बनाउनको लागि दिन अनुरोध गरे। कुलमण्डन शाहले पनि सबै जानकारी पाएपछि आफ्ना छोराहरूमध्ये कालु शाहलाई लमजुङको राजा बनाउन भनी दिएर पठाए। लमजुङेहरूले पनि कालु शाहलाई लमजुङको राजा बनाए। यो कुरा घले राजालाई सैह्य भएन। एकै ठाउँमा दुईवटा राजा हुनु ठीक छैन, यस विषयमा वार्ता गर्नुपर्‍यो भनी नजिकैको मर्स्याङदी नदीको किनारमा बोलाए। वार्ता गर्न भनी कालु शाह र केही मानिस लिएर कालु शाह सन्धिस्थलतर्फ लागे। सन्धिस्थल पुगेर वार्ता हुनु अगाडि नै घले पक्षले मर्स्याङ्दीको किनारको बालुवाभित्र लुकाएर राखेका हतियार झिकी कालु शाहको षडयन्त्रपूर्ण हत्या गरे।

हत्याले मर्माहत भएका लमजुङे पुनः कुलमण्डन शाहको दरबारमा गई आफ्ना पीडा सुनाए र पुनः अर्को राजकुमार राजा बनाउनको लागि दिन बिन्ती गरे। यतिबेला लमजुङबाट कुस्माखर घिमिरे, चिरञ्जीवी अधिकारी, खजे दुरा, लक्ष्मण दुरा, नारायण

दुराहरू गएका थिए। छोराको षडयन्त्रपूर्ण तरिकाको हत्याले रानीले अर्को छोरा दिन मानिन्। तर लमजुङेहरूको मर्का बुझ्केका राजाले धेरैबेर सम्झाएपछि रानीले पनि स्वीकार गरिन्। लाममा सुतेका राजकुमारमध्ये एउटालाई लैजानु भनी राजाले भने। लाममा सुतेका राजकुमारमध्ये जो अलिकति माथि सरेको छ त्यसैलाई जुम्म छोपेर जावेको थैलोभित्र राखी खजे दुराले बोकेर ल्याए। यसरी ल्याइएका राजकुमार यशोब्रम्हा शाह रहेछन्। उनकै छोरा नाति हुँदै आज नेपालको राजा सिंहासनमा बसेका छन्। लाममा सुतेका राजकुमारलाई जुम्म छोपेर ल्याएकाले लम्जुङबाट अपभ्रंश हुँदै लमजुङ भएको भन्ने यो ऐतिहासिक रोचक भनाइ छ।❖

## ३.३ भौगोलिक अवस्था र सीमाना

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चलको पहाडी जिल्लाको रूपमा परिचित छ यो जिल्ला। लमजुङ जिल्लाको पूर्वमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ पर्दछन्। ६१ वटा गाउँ विकास समिति रहेको यो जिल्ला झण्डै गोलो आकारको छ। दक्षिणतर्फको केही भूभाग भने अलि काटिएकाले मात्र यसलाई गोलो भन्न मिल्दैन।

## ३.४ हावापानी र माटो

लमजुङ जिल्लाको हावापानी शीतोष्ण, समशितोष्ण र उष्ण तीनै प्रकारको पाइन्छ। जिल्लाको उत्तरी भागमा जाडो किसिमको वा लेकाली हावापानी पाइन्छ। बीच भागमा न्यानो किसिमको जलवायु र दक्षिण भेगमा भने ठूलाठूला टारहरू भएकाले गर्मी हावापानी पाइन्छ। यस जिल्लाको पहाडी भागमा कालो माटो डाँडाकाँडा भए तापनि खेतीयोग्य भूमि छ, दक्षिणतर्फ ठूलाठूला टारहरू जस्तै रम्घाटार, तार्कुटार, उल्काटार, हाँडेटार, भोर्लेटार आदि टारहरू छन्। यहाँको माटो भने रातो छ। उत्तरतर्फको हावापानी भने जाडो भएकाले यहाँ ओसिलो किसिमको कालो तर खुकुलो ढुङ्ग्याइलो माटो पाइन्छ।

## ३.५ खेतीपाती, फलफूल, जडिबुटी र पशुपंक्षी

यस जिल्लाको उत्तरतिर शीतोष्ण जलवायु पाइने हुँदा यहाँ जौ, मकै, आलु, गहुँ, फापर खेतीमा मुख्य छन् भने फलफूलमा स्याउ, चुत्रो मुख्य छन्। जडीबुटीमा निरमसी, पाँचऔंले, जटामसी, धूपी, कम्मर्‌रु आदि पाइन्छन्। पशुमा वन्यजन्तु बाघ, भालु, कस्तुरी, मृग, चितुवा पाइन्छन् भने पंक्षीमा डाँफे, मुनाल, कालिज आदि मुख्य छन् र यस क्षेत्रमा भेडा, च्याङ्ग्रा, चौंरी, खच्चड आदि पालिन्छ।

---

❖ स्रोत व्यक्ति तीर्थराज अधिकारीबाट प्राप्त मौखिक जानकारी

## ३.६ प्रसिद्ध स्थानहरू

यो आफै ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण जिल्ला हो। विविध जनजातिले बसोबास गरेको यस जिल्ला लमजुङ दरबार जहाँ शाहवंशका संस्थापक श्री द्रव्य शाहको जन्मस्थल हो, इशानेश्वर महादेव, अलका, थानीकोथान आदि प्रमुख स्थलका रूपमा छन् भने धार्मिक स्थलहरूमा दूधपोखरी, इलमपोखरी, घले उत्तरकन्या आदि प्रमुख मानिन्छन्।

## ३.७ नदीनाला र हिमाल

यस जिल्लामा हिमाली चुचुराहरू पनि छन्। जिल्लाको नाउँबाट नै एउटा हिमाली चुचुराको नाम लमजुङ हिमाल रहेको छ। गणेश हिमाल र लमजुङ हिमाल धवलागिरि हिमाल शृङ्खलाअन्तर्गत पर्ने यी दुई हिमाल पनि यसै जिल्लामा पर्दछन्। यस जिल्लाको मध्य भागलाई सिँचित गर्दै लमजुङको भूमिलाई रसिलो पार्दै सुसेली हाल्दै प्रसिद्ध मर्स्याङ्दी नदी बगेको छ। सात गण्डकीको सहायक गण्डकीमध्ये यो एउटा गण्डकी पनि हो। यसका अतिरिक्त यहाँ दर्जनौं खोलाहरू छन्, जुन महाभारत पर्वतबाट निस्केका हुनाले यी खोलाहरू बाह्रैमासा अटूट रूपमा बग्दछन्। खोलाहरूमा भिदिम, नाउदी, फाउडी, पाउदी, रिस्ति, खुदी, मझुवा, दरौंती, रुदी, किसेदीजस्ता खोलाहरू यस जिल्लामा पर्दछन्। मर्स्याङ्दी नदीको मुहान भने प्रसिद्ध तीर्थस्थल मुक्ति क्षेत्रको हो। त्यसैले यसको पानी अत्यन्त चीसो छ।

## ३.८ धर्म, जाति र संस्कृति र चाडपर्वहरू

विविध जातजातिले बसोबास गरेको यस जिल्लामा विविध किसिमको भाषा, भेषभूषा, सांस्कृतिहरू पाइनु स्वभाविकै हो। झण्डै ९० प्रतिशत हिन्दूहरूको बसोबास भएको यस जिल्लामा कुमाल, दरै, बोटे, सार्की, दमाई, गुरुङ, मगर, दुरा, ब्राम्हण, शेर्पा, क्षेत्री, नेवार, कामी आदि जातिले बसोबास गर्दछन्। यस जिल्लाका मानिसहरूको मुख्य पेसा भने कृषि नै हो। दसैं तिहारलाई मुख्य पर्वको रूपमा मनाउँछन् भने सिजन अनुसारका अन्य पर्वहरू जस्तै तीज, कृष्णअष्टमी, माघेसङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनैपूर्णिमा आदि। क्षेत्री, ब्राम्हणपछि अर्को ठूलो सङ्ख्या गुरुङहरूको रहेको छ। यिनीहरू बौद्ध धर्ममा विश्वास राख्दछन्। शेर्पाहरूले आफ्नो मुख्य पर्वको रूपमा लोसार पर्वलाई लिएका छन्। यसबाहेक उँधौली र उभौली पनि पर्वका रूपमा मनाउने गर्दछन्। गुरुङ जातिले पर्वका रूपमा वैशाख पूर्णिमा, अर्घौ र पुटपुटेजस्ता संस्कारगत पर्वहरू मनाउने गरेको पाइन्छ।

भेषभूषा पनि आ-आफ्ना जातिअनुसार लगाएको पाइन्छ। हिमाली क्षेत्रमा बढी जाडो भएका कारण बख्खु, दोचा गोडाजस्ता न्यानो कपडाको प्रयोग गरेको पाइन्छ। पहाडी क्षेत्र वा मध्ये भागमा भने गुरुङ मगर, दुरा जातिका आइमाइहरूको घलेक, चोलो, मुजेत्रो, धोती (पोशाकी) र पटुवा, गलामा ठूलो झुप्पो पोते, ठूलो गेडी माला लगाएको पाइन्छ। क्षेत्री

ब्राम्हण समाजमा भने साधारण धोती, चोलो पटुका, पछ्यौरा लगाएको पाइन्छ। अधिकांश जनता खेतीपातीमा नै व्यस्त छन् तर कोही भने पल्टनमा भर्ती भएर काम गर्ने, कोही लुगा सिलाउने र कोही व्यापार गर्ने पनि गर्दछन्। कोही पढाइ लेखाइतर्फ पनि लागेका छन् तर अरू पेसा कृषिको दाँजोमा नगन्य नै छ।

## ३.९ स्वास्थ्य र शिक्षा

लमजुङ जिल्लाको सदरमुकाम बेसीसहर हो र यहाँ एउटा हस्पिटल पनि रहेको छ। यो जिल्लाको सबैभन्दा ठूलो हस्पिटल हो। जिल्लाका अन्य भाग जस्तै दुराडाँडा, चिती, सुन्दरबजार, गिलुङ, तार्कुघाट, भोर्लेटार आदि ठाउँमा स्वास्थ्य केन्द्रहरू रहेका छन्।

शिक्षाको क्षेत्रमा हेर्दा यो जिल्ला करिब २०० जति प्रा.वि., ४० वटा जति मा.वि., यिनै मा.वि.मा पनि प्रायः जसो उच्च मा.वि. र ४ वटा क्याम्पसहरू छन्। यस जिल्लाको सुन्दर बजारमा एउटा कृषि क्याम्पस पनि छ। पहाडी जिल्ला भए तापनि लमजुङ शिक्षाको क्षेत्रमा नेपाल अन्य विकसित जिल्लासरह नै रहेको पाइन्छ। जिल्लाका यी सुविधा र सेवाहरू प्रायः सुगम ठाउँमा नै छन् र हिमाली क्षेत्रतिर भने नगन्य नै छ।

## निष्कर्ष

लमजुङ जिल्ला नेपालका पहाडी जिल्लामध्ये एउटा जिल्ला हो। सदरमुकाम बेसीसहरसम्म मात्र ४२ कि.मि.पक्की सडक भएको यस जिल्लामा देशमा कुलेखानीपछिको दोस्रो ठूलो जलविद्युत् योजना लमजुङको भोटेओडारमा बन्दै छ, जसलाई मध्यमर्स्याङ्दी जलविद्युत् परियोजना भनिन्छ। यसबाट ७० मेघावाट विद्युत निकाल्ने लक्ष्य छ। अरू विकासका काम भने त्यति भएका छैनन्। धार्मिक, संस्कृतिक, पौराणिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको यो जिल्ला विभिन्न अभाव, तनाव र छट्पटीमा बाँच्नु परेको छ। वर्तमान अवस्थासम्म पनि यहाँका मानिसहरूले आफ्ना छटपटीलाई लोकसाहित्यको माध्यमबाट मनभित्र गुम्सेका पीडा र सुख-दुःखका अनुभूतिहरूलाई अभिव्यक्त भने गर्दै आएका छन्। यिनै अभिव्यक्तिहरूको समयमा नै संरक्षण र सम्बर्द्धन गर्नुपर्ने देखिन्छ। यतिमात्र होइन यिनीहरूको वर्गीकरण तथा विश्लेषण गर्नु पनि आवश्यक छ। तसर्थ लोकसाहित्यमा चासो राख्ने खोजकर्ताहरूको ध्यानाकर्षण भैदिएमा लमजुङ जिल्लाको छुट्टै पहिचान बन्ने थियो।

लमजुङ जिल्ला नेपालका पहाडी जिल्लामध्ये आफ्नै पहिचान र इतिहास बोकेको एउटा जिल्ला हो। हालसम्म सडक ४२ कि.मि. मात्र पक्की सडक भएको र यस जिल्लामा विकासका काम भने त्यति हुन सकेका छैनन्। तैपनि ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पौराणिक दृष्टिले भने यसलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ। जिल्लाको निर्माणाधीन अवस्थामा रहेका खुरी हाइड्रोपावर जलविद्युत् योजना र भोटेओडारमा मध्यमर्स्याङदी

जलविद्युत् योजना सम्पन्न भएपछि राष्ट्रलाई ठूलो मद्दत हुनेछ। उद्योग धन्दाको नाममा उत्तरी भेकका गुरुङ महिलाहरूले घरमा नै राडी पाखी, वख्खु बुन्ने काम गर्छन् भने पुरुषहरूले निगालोबाट डालो, स्याखु, घुम, डोका, नाम्ला, थुन्से, मान्द्रा, भकारी बुन्ने काम हुन्छ। त्यस्तै जिल्लाको टार भागमा कुमाल बस्ती भएको तिर माटाका भाँडा बनाउने जस्तैः गाग्रो, कोसी, अटल, मक्कल, गमला आदि बनाउने काम हुन्छ र सार्कीहरूले छालाका जुत्ता सिलाउने काम गर्दछन्। वर्तमान अवस्थामा जति नैरास्य छाए तापनि लोकसाहित्यका माध्यमबाट यहाँका जनताहरूले आफ्ना मनमा गुम्सेका भावनाहरू व्यक्त गर्दछन्। यस्ता सुसेलीहरूलाई समयमा नै संरक्षण र सम्बर्द्धन गर्नुका साथै विविध विषयवस्तुलाई समेटी वर्गीकरण र विश्लेषण गर्नु पनि जरुरी देखिन्छ।

परिच्छेद चार

# लमजुङ जिल्लामा प्रचलित लोककथाको विश्लेषण

लोककथा निर्माणका सन्दर्भमा आधुनिक कथामा जस्तै ख्याति प्राप्त स्रष्टाको जरुरत पर्दैन । लोककथा त स्थानीय वातावरणको सेरोफेरोमा जन्मिएका हुन्छन् । लोककथाहरू सरल र सामान्य भाषामा प्रस्तुत हुने हुँदा बोधगम्य पनि हुन्छन् । सहजता र सरलता नेपाली लोककथाको आफ्नै वैशिष्ट्य हो । सरल र सहज हुँदाहुँदै पनि लोककथाको निर्माणमा केही निश्चित तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । लोककथाका खोज कर्ता भनौं वा यस विधामा चासो राख्ने विज्ञहरूको मतमा भने लोककथाका तत्त्वहरूको बारेमा एकरूपता पाइँदैन । लोकसाहित्यका अध्येता श्रीराम शर्माले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन, चरित्र-चित्रण, वातावरण, शैली र उद्देश्यलाई लिएका छन् भने सत्येन्द्रले लोकमानस, कथावस्तु, पात्र, अभिप्राय, घटनाहरू संघटनाहरू, कथामानस, उपयोगको दृष्टि, अलङ्कारको प्रयोग र वातावरणलाई लिएको पाइन्छ ।

लोककथाका तत्त्वहरूको बारेमा विद्वान्हरू मत-मतान्तर पेस गरे तापनि लमजुङ जिल्लाको सेरोफेरोमा प्रचलित लोककथालाई कथावस्तु, पात्र, परिवेश, संवाद, भाषा शैली र उद्देश्यका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको ।

## ४.१. कथावस्तुको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

चारित्रिक कार्यव्यापारको स्वरूप अर्थात् कथावस्तुमा प्रारम्भ, मध्य र अन्तको निर्वाह गर्न सक्षम तथा परम्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथानक भनिन्छ । कथानक वा कथावस्तुले कथाको चरित्रविकासमा सहयोग पुऱ्याउनु र योगदान दिनु मुख्य उद्देश्य हो । कथावस्तुलाई कथा संरचनाको सबैभन्दा स्थुल र सबल तत्त्व मानिन्छ । कथाको मूल्य निर्धारणसमेत कथावस्तुकै आधारमा हुन्छ ।

विश्वका कुनै पनि पाटामा प्रचलित लोककथाहरू कथावस्तुका दृष्टिले हेर्दा अत्यन्त धनी हुन्छन् । नेपाली लोककथाहरूको सेरोफेरो र यसभित्र सङ्कलित कथाहरू पनि कथावस्तुमा कमजोर छैनन् । लमजुङ जिल्ला एउटा ऐतिहासिक र विविध संस्कृतिले भरिपूर्ण जिल्ला भएको हुँदा यहाँका लोककथाहरू पनि कथावस्तुको गहनता, मार्मिकता र लोकजीवनसँग नजिकको सम्बन्ध गाँस्ने स्तरका छन् । यहाँका लोककथाहरुमा टुनामुना, जादु, परी, दुष्ट चरित्र आदिको प्राधान्यता, चरित्र तथा उपदेश, मनोरञ्जन कथावस्तु भएका लोक कथाहरू पाइन्छन् । लोककथामा प्रतीकात्मकता पनि भेट्न सकिन्छ ।

लोककथाहरूभित्र उपकथा पनि भेट्न सकिन्छ। जसले गर्दा मुख्य कथाहरूमा भन्दा लौकिक कथाहरूमा प्रायः अन्तर कथाका सङ्ख्याहरू बढी देखिन्छन्। फलस्वरूप मुख्य पात्रहरूको आन्तरिक विश्लेषणले गर्दा कथावस्तुलाई झन् कौतुहलपूर्ण बनाएको हुन्छ। कल्पना तत्त्व बढी हुने गर्दा कतिपय घटनाहरू अवास्तविक र अतिशयोक्ति युक्त लाग्ने गर्दछन्। यस्ता चरित्रबाट लमजुङ जिल्लाका लोककथाहरू पनि बँच्न सकेका छैनन्।

कथावस्तुभित्र तथ्यमूलक विषयवस्तु र तिनीहरूको संयोजन राम्ररी हुनु जरुरी हुन्छ। कथाको लक्ष्य भने उपदेशमूलक, मनोरञ्जनात्मक, नैतिक, धार्मिक र सूचनामूलक के-कस्ता छन् भनेर अध्ययन गर्ने एउटा बिन्दु हुन्छ। लोककथामा घटनाको प्राद्यान्याता हुन्छ। मूल/कथावस्तुले विभिन्न घटनाहरूको संयोजन गर्दै अगाडि बढेको हुन्छ। सङ्कलित लोककथाहरूलाई कथावस्तुको आधारमा विश्लेषण गर्ने क्रम मूल कथावस्तु र प्रासंगिक कथावस्तु गरी दुई भागमा विभाजन गरी हेर्ने प्रयास गरिएको छ।

कथा सङ्ख्या : १

## कसको विद्या ठूलो

(क) मूलकथावस्तु

एउटा परिवारमा तीनजना छोरा र एउटा बाबु हुन्छन्। छोराले पढ्नुपर्छ भन्ने समाजको मान्यतालाई अँगाल्दै तीनै भाइ छोराहरू एउटै साइतमा घरबाट पढ्न निस्कन्छन्। एउटै विषय तीनै भाइले पढेमा कुनै औचित्य नहुने देखेर छुट्टाछुट्टै विषय पढ्ने निर्णय गर्छन्। समाजमा चाहिने कर्मकाण्डजस्तो विषय जेठोले रोज्छ, अन्धापरम्परा र जादुटुनाले भरिएको यो समाजमा मार्ने र जगाउने खालको विद्या पनि आवश्यक छ भनी माइलोभाइले त्यही विषय पढ्ने निर्णय गर्छ। समाजमा सोझो भएर बाँच्न कठिन छ भन्ने कुरालाई सम्झेर चातुर्‍याइँ विद्या पढ्ने निर्णय कान्छोले गर्छ। पढेर फर्केपछि सबैलाई आफ्नो विद्या कत्तिको सफल छ त जान्ने तीब्र इच्छा प्रकट हुन्छ र हड्डीको टुक्रामा तन्त्रमन्त्र गरी अक्षता फ्याक्छन् अनि हड्डीको टुक्राले बाघ बनेर बचाउनेलाई नै मार्छ। चतुर्‍याइँ विद्या पढेको कान्छोले दाइहरूलाई बचाउँछ। यसो हेर्दा सामाजिक कथाजस्तो लाग्ने यो कथा संयोगान्तमा टुङ्गिएको छ  र कथाको मर्म पनि यही हो।

यस कथाको आरम्भ, विकास र उपसंहार अत्यन्त सुगठित ढङ्गबाट संयोजन गरिएको छ। यो सामाजिक तथा अतिरञ्जित तत्त्व मिसिएको कथा हो। यसले समाजमा शिक्षाको सन्देश दिने काम गरेको छ।

कथा सङ्ख्या : २

## दूधको धारा दिने चलन

एउटा गरिब केटाका आमा छोरा हुन्छन् । छोरो साहुका घरमा भैंसी गोठालो हुन्छ । रातदिन भैंसी चराउँदा केटाको भेट सर्पसँग खोलाको किनारमा हुन्छ । सर्पले आफू नाग देवता भएको बताउँछन् । केटालाई नाग देवताले आफ्नो घरमा लगी बुबा-आमाको आशिर्वाद र मणि दिएर पठाउँछ । नाग देवताको आर्शीवादले केटाका आमा छोरा धनी भई सुखसँग बस्छन् । छिमेकमा अर्को केटाले पनि गरिब केटा जस्तै धनी हुने इच्छा राख्छ, ऊ पनि नागदेवतासँग गरिब भएको बताउँछ । नागदेवताले तिमी गरिब छैनौं भन्दा पनि मान्दैन र अन्त्यमा उसलाई नागदेवताले डसेर मारिदिन्छन् । गरिब केटाका आमाछोरा धनी भएकाले छिमेकीहरूले उनीहरूलाई चोरको आरोप लगाउँछन् तर नागदेवता आएर समस्याको समाधान गरिदिन्छन् । गरिब केटोले नागदेवतासँग मीत लगाएको हुन्छ । मीतको कामबाट खुसी भएर नागदेवताका इच्छाअनुसार श्रीपञ्चमी र नागपञ्चमीका दिन दूधको धारा दिने चलन चलेको हुन्छ ।

अतिरञ्जित तत्त्व र संस्कृतिको समिश्रण भएको प्रस्तुत कथाको आरम्भ, विकास र उपसंहार सुगठित एवम् सङ्गठित भएको देखिन्छ । सांस्कृतिक परम्पराको विकास कसरी भयो ? भन्ने कारण पत्ता लगाउने क्रममा यो कथा बनेको देखिन्छ ।

कथा सङ्ख्या : ३

## सत्य र कलि

यस कथामा सत्य र कलिको संयोगले भेट गराइएको छ । आ-आफ्नो प्रमाणको लागि मानवीय पात्रहरू पनि खडा गरिएको छ । कलि आफै सुनको स्याखु बनी बस्छन् । सुन भनेपछि कस्तो हुन्छ भन्ने कुरालाई प्रस्ट्याइएको छ । सम्पत्तिको कारणले एक अर्कामा हत्यासमेत हुन्छ भन्ने कुरा देखाइएको छ ।

कथाको आधार, विकास र अन्त्य सङ्गठित छ । यसको आख्यानमा द्वन्द्वलाई पनि प्रस्तुत गरिएको छ । मानवेतर काल्पनिक पात्रको प्रयोग गरी कथालाई रोचकता दिने प्रयास गरेको देखिन्छ ।

कथा सङ्ख्या : ४

## ऱ्याङ र ठ्याङ

यस कथामा ज्योतिषीका बुढाबुढी हुन्छन् । बुढीले गर्भधारण गरेकी हुन्छिन् । बच्चा जन्मने बेलामा ज्योतिषी बुढा बाहिर बस्छन् र भित्रबाट बुढीले बच्चा जन्मेपछि आवाज

दिन्छिन् । त्यही च्याङको आवाजअनुसार टिप बनाइ हेर्दा मूल परेको बच्चा भएको बच्चाको मुखै नहेरी बुढा घरबाट निस्किन्छन् यता बुढाको छोरो पनि ज्योतिषशास्त्र नै पढ्छ । एक दिन आमासँग सबै हालीमुहाली बुझी छोरा बाबुको खोजीमा निस्कन्छ । एउटा गाउँमा मानिसहरू जम्मा भएर ज्योतिषीको सल्लाहानुसार यो समयमा सागरबाट माछा खस्छ, त्यसैको लागि पोखरी खनेको भनी पोखरी खन्दै गरेको छोराले भेट्छ । गाउँलेहरूले कुरा सुनेपछि छोराले पनि यसो गणना गर्छ अनि भन्छ कुरा त ठीकै हो तर हावाको झोक्काले गर्दा माछा यता खस्छ भन्यो । गाउँलेहरूले छोरा ज्योतिषीको कुरा मानेन । एकैछिनमा ज्योतिषीले भनेको समयमा माछा खस्यो । छोरा ज्योतिषीले भनेको नमान्दा माछा जमिनमा बजारियो अनि भुतुक्कै भयो । त्यसैबेला छोरो ज्योतिषीले भन्यो यो पनि हाम्रो बाबु जस्तै रहेछ । यो कुरो बुढो ज्योतिषीले पनि सुनिरहेको थियो । तत्काल ज्योतिषी दुवैको भेट भयो एकले अर्कालाई प्रश्न गरे । बुढाले छोरो रहेछ भन्ने चिनी हाले । त्यसपछि एक आपसमा परिचय गरी बाबुछोरा घर फर्की सुखसँग रहे ।

प्रस्तुत कथाको आरम्भ, विकास र अन्त्य सुसङ्गठित तरिकाले भएको छ। सामाजिक/पारिवारिक परिवेशमा ज्ञानको महत्त्व दर्शाउने सामग्री यसमा प्रस्तुत गराएको छ ।

<u>कथासङ्ख्या : ५</u>

## अर्ती

एउटा परिवारमा बुढाबुढी हुन्छन् । बुढो दसैंको लागि खसी किन्न भनी स्वास्नीसँग तीन मोहर लिएर घरबाट निस्कन्छ । बाटोमा जोगीसँग भेट हुन्छ । हरेक वाक्यको एक मोहर लिएर मात्र जोगीले कुरा गर्ने कुरा बुढाले थाहा पाउँछ । खसी किन्न ल्याएको तीनै मोहरको तीनवटा अर्ति सुनी बुढो फर्कन्छ । फर्कंदा एउटा गाउँमा धनी तर कुष्ठरोगी मान्छे मरेको र उसको दाहसंस्कार गर्ने कोही नभएको उसले थाहा पाउँछ । त्यस गाउँमा आफूलाई कसैले पनि नचिन्ने र प्रशस्त सम्पत्ति पनि पाउने आशामा मृतक कुष्ठरोगीको दाहसंस्कार गरी बोक्न सकेको सम्पत्ति लिई घर फर्कन्छ । सम्पत्ति कति रहेछ त भनी जान्ने इच्छाले बुढाले बुढीलाई छिमेकमा पाथि खोज्न पठाउँछ । छिमेकीकी बुढीले पिँधमा लिसो टाँसी दिएकोले एउटा रुपियाँ अड्कन्छ । छिमेकी बुढीले बुढाकी बुढीसँग कसरी सम्पत्ति आयो भनी जान्न खोज्दा बुढाले तातो रोटी खाँदै बताउने कुरा बुढीलाई भन्छ । बुढीले पनि छिमेकी बुढीलाई सबै बताउँछे र बेलुकी सुन्न आउनु भनी बोलाउँछ । बुढाले भोकलाग्दा सिउँडीको दूध खाएको र दिसाको सट्टा पैसा आएको बताउँछ । छिमेकी स्वास्नीले पनि आफ्नो लोग्नेलाई त्यस्तै गर्न लगाउँछे तर ऊ मर्छ । बुढालाई ज्यानमाराको मुद्दा लाग्छ । राजा नै मुद्दा छिनोफानो गर्ने हुँदा र राजालाई नढाँट्न भन्ने जोगीको तेस्रो

अर्ती प्रयोग गर्छ। त्यसैले सत्य कुरा बुढाले राजालाई बताउँछ। राजा खुसी भएर छिमेकीकी स्वास्नीलाई दण्ड र बुढाको पक्षमा फैसला सुनाउँछन् । त्यसपछि बुढाबुढी खुसी साथ बस्छन् ।

सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत कथाको आदि, मध्य र अन्त्यको सङ्गठन कुशल देखिन्छ ।

कथा सङ्ख्या : ६

## तपस्वी र परमात्मा

एकजना ऋषिमुनि दिव्य बाह्र वर्षसम्म तपस्या गरी सकेर भगवान्को दर्शनका लागि जाँदा बेलपत्र टिप्दा एउटा हाँगो झुक्किएर भाँचिएको र त्यस पापको कटनीमा फेरि दिव्य बाह्र वर्ष तपस्या गर्नुपर्ने भगवान्को सुझाव छ ।  एउटा किसान बेलघारी फाँडेर खेती गर्न लागेको र त्यसको बदलामा कुनै पाप नलाग्ने प्रसङ्ग पनि कथामा छ । लोभी भएर कुनै दान पुण्य नगरी कर्म काण्ड जति आतेपाते पारेको वापत एउटा पण्डित अजिङ्गर भई लडेको घटना र एउटा मानिसले चौतारो बनाई प्रतिष्ठा गरेको पच्चीस वर्ष हुँदा पनि कुनै पातहरू र हाँगा बिंगा नपलाएको जस्ता कुराहरू पनि कथामा पाइन्छन् । यसो उनको कारण चौतारो बनाउने व्यक्तिले चौतारोमा नै रुपियाँ पैसा गाग्रोमा राखी गाडेको र त्यो पैसा झिकी गरिबलाई बाँडेमात्र हाँगाबिंगा र पात पलाउने कुरा कथामा पढ्न पाइन्छ ।

धार्मिक उपदेशमा आधारित प्रस्तुत कथाको आरम्भ, मध्य र अन्त्य सुसङ्गत ढङ्गबाट सङ्गठित छ ।

कथा सङ्ख्या : ७

## घोडाको फुल

गाउँको एउटा लठेब्रो बजार घुम्न जाँदा फर्सी देख्छ। पसलेसँग के भनी सोध्दा पसलेले घोडाको फुल हो भन्छ। लठेब्रोले त्यसलाई घोडाको फुल सोची किनेर ल्याउँछ। बाटामा उसलाई बाहिर बस्न मनलाग्छ र फर्सीलाई रुखको कापामा राख्छ। त्यसैबेला हावा चल्छ। फर्सी भूइँमा झरेर फुट्छ। झाडीमा लुकेर बसेको स्याल फर्सी खसेको आवाजले भाग्छ। लठेब्रोले भाग्दै गरेको स्याल देख्छ। पक्का पनि घोडाको फुलबाट बच्चा निस्क्यो र भाग्यो भन्ने सोची स्यालको पछि लाग्छ। लठेब्रोले स्याललाई भेट्टाउँदैन। थाकेर घरमा जान्छ र सबै घटना स्वास्नीलाई सुनाउँछ। ल्याएको भए ठाँटले चढ्ने थिएँ भन्ने स्वास्नीको इच्छालाई उसले मान्दैन किनकि त्यस्तो बच्चामाथि चढेर ढाड भाँचौंला भन्दी हो भनी एक दुई लात्ती हान्छ। स्वास्नी रुन्छे, अब नरोऊ सन्तोक गरी बस भेटिएछ भने चढौंला भनी लठेब्रोले भन्छ ।

हास्यपरक विषयमा आधारित प्रस्तुत कथाको आरम्भ, विकास र उपसंहार सुसङ्गठित छ । लाटाबुङ्गाको माध्यमबाट मनोरञ्जन लिने लोकपरम्पराको मूलस्वरूप यस कथामा पनि भेटिन्छ ।

कथासङ्ख्या : ८

## टुहुरो

एउटा सिकारीले टुहुरो केटालाई पालेर सिकार खेल्न सिकाउँछ । केटो बन्दुक लिएर भाग्छ । बाटामा भटमास, सियो, बाघ उसको पछि लाग्छन् । तिनैको सहायताबाट कुनै गाउँमा दुःख दिएकी राक्षेसनी बुढीलाई मार्छन् । बुढीको सम्पत्ति गाउँलेहरूले केटालाई दिन्छन् र सबै सुखपूर्वक बस्छन् ।

प्रस्तुत कथा अतिरञ्जित तत्त्वले भरिएको छ । टुहरा केटाको पुरुषार्थले समाजको समस्या समाधान गरेको विषय यसमा प्रस्तुत गरिएको छ । कथाको आदि, मध्य र अन्त्यको सङ्गठन सङ्गठित छ ।

कथा सङ्ख्या : ९

## लेखेको मेटिदैन

राजाले भान्से बाहुन पालेको हुन्छ । वनविहार गर्न राजा सौखिन भएका कारण बाहुन केटोलाई पनि साथै लैजान्छन् । जङ्गलमा डुल्दा केटोलाई तिर्खा लाग्छ । पानीको खोजीमा जाँदा एक ठाउँमा मानिसहरू तिलकुश हालेको केटाले देख्छ । के रहेछ भनी बुझ्दा त कसकसका छोराछोरी कोकोलाई जुराएको रहेछ भनी हेरेको केटाले थाहा पाउँछ । केटाले आफ्नो पनि हेर्न लगाउँदा त्यही राजाकी छोरीसँग आफ्नो बिहे लेखेको कुरा थाहा पाउँछ । पछि फर्केर आएपछि राजालाई सबै बताउँछ । राजाले कसकी छोरी भनी सोध्दा उसले नबताएको हुँदा उनलाई शङ्का लागि सुनको बाकस बनाउन लगाई केटोलाई त्यसैभित्र राखेर बगाई दिन्छन् । निसन्तान तर  धनी एक जोडीले सन्तानको मुख हेर्न पाउँ भनी तपस्या गरेको बाह्र वर्ष पुगेकै दिनमा बाकस जहाँ तापस्वी जोडी बसेका थिए, त्यही ठाउँमा गएछ । जालारीको मद्दतबाट बाकस भित्रको चिज तपस्वीले लिनेर बाकस जालारीलाई दिने सर्तमा जालारीले जालको सहायताबाट निकालेछ । बाकसभित्र केटो देखेर तपस्वी जोडीलाई केटोलाई छोरो बनाएछन् । केही समय पछि केटाको ब्रतबन्ध गर्ने विचार तपस्वी जोडीले गरे । ब्रतबन्धमा राजालाई पनि निम्तो थियो । राजाले जब तपस्वी पुत्रलाई देखे, उनले आफ्नी छोरी दिने इच्छा गरे, राजाले यस्तो इच्छा गरेको देखेर तपस्वीको जोडी पनि खुसी भए । यसरी लेखेको मेटिदैन भन्ने भाव यस कथामा पाइन्छ ।

भाग्य तथा कर्मवादी भावना बोकेको प्रस्तुत कथाको आरम्भ, मध्य र अन्त्य सुसङ्गठित बनेको छ। समाजमा भाग्य वा कर्म लिएर आएका दुःखी मानवहरू पनि आफ्नो भाग्यको उदय भएपछि सफल हुन्छन् भन्ने धारणा यसमा व्यक्त भएको छ। साथै ठूला मानिसमा रहेका क्रूरपनलाई पनि यहाँ चित्रण गरिएको छ।

कथासङ्ख्या :–१०

## लोभी

बुढाबुढी निसन्तान हुन्छन्। उनीहरूलाई रोटी खान मन लाग्छ। दुवै मिली तेल, चामलको बन्दोबस्त मिलाउँछन्। बुढीले जम्मा तीनवटा रोटी पकाउँछे। रोटी बराबर बाँडेर खानुको सट्टा भोलिपल्ट जो ढिलो उठ्छ उसले दुईवटा खाने सर्त राखी उनीहरू सुत्छन्। अबेलासम्म नउठ्दा छिमेकीहरूले ढोका फुटाएर गई हेर्दा उनीहरू मरे जस्तै गरी सुत्दछन्। सोझा गाउँलेहरूले उनीहरू पक्का पनि मरेकै छन् भन्ने सोचेर उनीहरूलाई मसानघाटमा लगेर जलाउन ठीक पर्छन्। दाउरा थोरै भएका कारण तीनजना बसेर जलाउने र अरू जङ्गलमा गई दाउरा खोजेर ल्याउने सल्लाह हुन्छ। पोल्न लागेपछि बुढो जुरुक्क उठ्दै आथ्यू तैं खा दुईवटा म एउटै खान्छु भनी पहिला बुढो र पछि बुढी चिताबाट जुरुक्क उठ्छन्। पोल्न बसेका तीनजना मलामी भने यिनीहरू त भूत भइसकेका रहेछन्, अब हामीलाई खान्छन् भनी त्यहाँबाट भागेछन्। बुढाबुढी घरमा गई रोटी हेर्छन् त भाँडो खाली रहेछ।

हास्य तथा चरित्रचित्रणमा आधारित विषयवस्तु भएको यस कथालाई आरम्भ, विकास र अन्त्य सुसङ्गठित छ। यस कथाले कुनै पनि मानिसले हठले काम गर्नु हुँदैन भन्ने सन्देश दिएको छ।

## ४.२ पात्र र चरित्र चित्रणका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

कथानक पछि हरेक लोककथामा पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। प्रकृतिमा पाइने मानव, पशुपंक्षी, ढुङ्गा, माटो, नदीनाला, देवीदेवता, बोटविरुवा, लौरो, भट्मास, जीवजन्तु आदि सबै जीवन पदार्थहरू लोककथाका पात्र बन्न सक्दछन्। यस्ता पात्र छन् मिल्दैन भन्ने केही पनि बन्देज हुँदैन। यिनीहरू पनि मानिसले जस्तै बोलचाल गर्न सक्छन् र मानवीय व्यवहार गरेको कथामा पाइन्छ। पात्रहरू भने कुनै मुख्यपात्रका रूपमा, कुनै सहायक पात्रका रूपमा र कुनै गौण पात्रका रूपमा रहेका हुन्छन्। कथामा मुख्य भूमिका खेल्ने पात्र मुख्य पात्रका रूपमा रहन्छ। मुख्य पात्रलाई मद्दत गरी कथालाई अघि बढाउने सहायक पात्रका रूपमा र आफू प्रत्यक्ष नभएर पनि कथालाई अघि बढाउने काम गर्ने गौण पात्रका रूपमा रहेको पाइन्छ। मुख्य पात्रहरू आदर्शवादी, लडाकू,

संघर्षशील, वीर, निडर, स्वाभिमानी बनाएर खडा गराइएको हुन्छ। यहाँ सङ्कलित कथाहरूलाई पनि मुख्य, सहायक र गौण गरी हेर्ने जमर्को गरिएको छ।

कथा सङ्ख्या : १

## कसको विद्या ठूलो

यस कथामा मुख्य पात्रको रूपमा कान्छो भाइ देखापर्दछ। तीनै दाजुभाइ एउटै साइतमा विद्याआर्जन गर्न गएर एकै दिनमा फर्कदा जङ्गलमा भएको घटनामा यदि कान्छो भाइ त्यति चलाख नभएको भए कथाको अन्त्य त्यसैमा हुने थियो। कान्छो भाइले गर्दा उनीहरूले आ-आफ्नो विद्याको सदुपयोग समेत गर्न पाए। सहायक पात्रको रूपमा उसका अन्य दुई दाजुहरूलाई लिन सकिन्छ भने गौण पात्रका रूपमा पढ्न गएका ठाउँका गुरुहरू र घरपरिवारका सदस्यहरूलाई लिन सकिन्छ। किनकि यी पात्रहरूले आफू देखा नपरिकन पनि कथालाई अघि बढाएका छन्। जङ्गलमा देखिएको हड्डीको टुक्रालाई आफ्नो विद्या कत्तिको सफल भयो, जान्नको लागि एउटा बाघको कल्पनासमेत गरिएको छ। बाघले पनि यस कथामा सहायक पात्रको रूपमा काम गरेको छ।

कथा सङ्ख्या : २

## दूधको धारा दिने चलन

यस कथामा मुख्य पात्रका रूपमा गरिब केटोलाई लिन सकिन्छ। कथामा सुरुदेखि अन्त्यसम्म गरिब केटाको भूमिका मुख्य देखिन्छ। केटोलाई सहयोग पुऱ्याउने अर्को मुख्य पात्रको रूपमा नागदेवतालाई लिइएको छ। नागलाई मानवीय व्यवहार गराउनको लागि भूमिका खेलाइएको छ। यिनीहरू सहायक पात्रमा पर्दछन् भने गौण पात्रमा साहु, भैंसी, केटाकी आमा, नाग देवताका आफन्त पर्दछन्। यसरी मानव तथा मानवेत्तर प्राणीलाई पात्र बनाइ संस्कृतिको प्रचलन र परम्परालाई बुझाउने कार्य यस कथामा प्रस्तुत गरिएको छ।

कथा सङ्ख्या : ३

## सत्य र कलि

यस कथामा मुख्य पात्रका रूपमा सत्य र कलि दुवैलाई लिन सकिन्छ। आफ्ना कार्यहरू कसरी सफल पार्न सकिन्छ भनी कलि धातुमा परिणत भई दुई जना मानिसहरू मार्फत् कार्य फत्ते गर्न लगाइएको छ। यसरी हेर्दा ती दुई मानिसहरूबाट कथावस्तुलाई अगाडि बढाइएको छ, त्यसैले ती मानिसहरूलाई सहायक पात्रका रूपमा र गाउँलेहरूलाई गौण पात्रका रूपमा लिन सकिन्छ। कथामा गाउँलेहरू देखा नपरे पनि कथा वस्तुलाई अगाडि बढाउने काम भने गरेका छन्।

कथा सङ्ख्या : ४

## ऱ्याङ र ठ्याङ

यस कथामा मुख्य पात्रका रूपमा छोरा देखापर्दछ र सहायक पात्रका रूपमा बाबुलाई लिन सकिन्छ । सुरुदेखि अन्त्यसम्म बाबुछोरा दुवै देखापर्दछन् तापनि बाबुको भन्दा छोराको भूमिका बढी देखापरेको छ । कथावस्तुलाई अघि बढाउन छिमेकी गाउँलेहरू र ज्योतिषीकी बुढीको पनि कम महत्त्व छैन तसर्थ ज्योतिषीनी बुढी र गाउँलेहरूलाई गौणपत्रका रूपमा लिन सकिन्छ ।

कथा सङ्ख्या : ५

## अर्ती

यस कथामा मुख्य पात्रका रूपमा बुढालाई लिन सकिन्छ । कथामा सुरुदेखि अन्त्यसम्म बुढाको भूमिका सक्रिय देखिन्छ । बुढीको भूमिका पनि सुरुदेखि अन्त्यसम्म नै कथामा आए तापनि भूमिका भने कथावस्तुलाई अगाडि बढाउने मात्र छ । सहायक पात्रको रूपमा जोगी, बुढाकी बुढी, छिमेकीकी बुढीजस्ता पात्र छन् र यिनै मार्फत् कथा वस्तु अघि बढेको देखिन्छ भने एक हुल मानिस कुष्ठरोगीको लास, पञ्च, राजा, छिमेकी सबै गौण पात्रका रूपमा देखिन्छन् । यिनीहरूले कथालाई अगाडि बढाउन मद्दत गरेको देखिन्छ ।

कथा सङ्ख्या : ६

## तपस्वी र परमात्मा

यस कथामा मुख्य पात्रको रूपमा तपस्वीलाई लिन सकिन्छ । किनकि कथामा सुरुदेखि अन्त्यसम्म तपस्वीले सबै भूमिका निभाएको देखिन्छ । कथावस्तुलाई विकास गराउने सहायक पात्रको रूपमा यहाँ कुनै पात्रलाई पनि लिन गाह्रो छ तापनि परमात्माले नै केही हदसम्म भूमिका निभाएकाले परमात्मालाई सहायक पात्रको रूपमा लिन सकिन्छ र गौण पात्रको रूपमा भने किसान, चौतारो बनाउने मानिस र अजिङ्गरलाई लिन सकिन्छ । यिनीहरूले नेपथ्यबाट पनि कथावस्तुलाई अगाडि बढाएका छन् ।

कथा सङ्ख्या : ७

## घोडाको फुल

यस कथाको मुख्य पात्रको रूपमा गोज्यांग्रेलाई नै लिन सकिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म उसैले नै सक्रिय भूमिका खेलेको देखिन्छ । उसकी श्रीमती र पसले भने सायक पात्रका रूपमा देखापरेका छन् । यिनीहरूले पनि कथावस्तुलाई अघि बढाउने काम गरेका छन् । गौण पात्रका रूपमा भने जङ्गलको झाडीमा लुकेको स्याललाई लिन सकिन्छ ।

कथा सङ्ख्या : ८

## टुहुरो

यस कथामा मुख्य पात्रका रूपमा टुहुरोलाई लिन सकिन्छ। कथामा सुरुदेखि अन्त्यसम्म उसैको भूमिका सक्रिय देखिन्छ। टुहुरो ठूलो भएपछि बन्दुकसहित सिकारीको घरबाट अलक्षित यात्रामा हिँड्दा भेट भएका भट्मास, सियो, बाघ सबै सहायक पात्रका रूपमा देखा पर्दछन्। राक्षसनी खल पात्र हो भने गौण पात्रका रूपमा गाउँलेहरूलाई लिन सकिन्छ। यी सबैले जसरी भए पनि कथावस्तुलाई बढाएका छन्।

कथासङ्ख्या : ९

## लेखेको मेटिँदैन

यस कथामा मुख्य पात्रका रूपमा बाहुन केटालाई लिन सकिन्छ। सुरुदेखि अन्त्यसम्म केटालाई कथामा सक्रिय भूमिका दिइएको छ। राजा र तपस्वी जोडीलाई भने सहायक पात्रका रूपमा र केही मानिस (जो जङ्गलमा तिल राख्दै थिए) राजाका सिपाही जालाहारी आदिलाई गौण पात्रका रूपमा लिन सकिन्छ।

कथासङ्ख्या : १०

## लोभी

यस कथामा मुख्य पात्रका रूपमा बुढाबुढी दुवैलाई लिन सकिन्छ। सुरुदेखि अन्त्यसम्म कथामा दुवै जना उत्तिकै रूपमा देखा परेका छन्। यस कथामा सहायक पात्रका रूपमा कसैलाई पनि लिन सकिँदैन भने गौण पात्रका रूपमा गाउँलेहरू र मलामीलाई लिन सकिन्छ। यिनीहरूमार्फत् नै कथामा विषयवस्तु रोमाञ्चित हुँदै अघि बढेको छ।

## ४.३ वातावरण वा परिवेशका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

आधुनिक कथामा जस्तो लोककथामा कथाकारको व्यक्तिगत प्रभाव कम हुन्छ। लोककथा वाचकको वैयक्तिक भाषाका सम्बन्धमा थोरै प्रभाव परे तापनि अन्य तत्त्वमा भने त्यसको स्थान कमै हुन्छ। भाषामा वैयक्तिकभन्दा स्थानविशेषको सामाजिकताले बढी प्रभाव पारेको पाइन्छ। लोककथामा सामाजिक वातावरण कुनै कुनै रूपमा भित्रिएको हुन्छ। लोककथा सामाजिकताको सङ्केत हो भने लोकतत्त्व सामाजिक वातावरणको उपस्थिति हो। अतः लमजुङ जिल्लाका सङ्कलित कथाहरूलाई परिवेशको आधारमा यसरी हेर्न सकिन्छ।

कथासङ्ख्या : १

## कसको विद्या ठूलो

यस कथामा सामाजिक वातावरण पाउन सकिन्छ। समाजमा बसेपछि आफ्ना सन्ततिहरूलाई शिक्षा दीक्षा दिलाउनुपर्छ। यस कथामा पनि तीनै जना दाजुभाइ शिक्षाआर्जन गर्न भनी गएको देखिन्छ। त्यसैले यस कथालाई सामाजिक मान्न सकिन्छ। कथाको अन्त्यतिर एउटा हड्डीबाट तान्त्रिक शक्तिद्वारा बाघ बनाएको घटना भने असामाजिक जस्तो देखिन्छ। जेहोस्, कथावाचकले असामाजिक भन्दा धेरै पक्षहरू सामाजिक भएको कथामा देखाएका छन्।

कथा सङ्ख्या २

## दूधको धारादिने चलन

यस कथालाई सामाजिकभन्दा पनि बढी धार्मिक कथाका रूपमा राख्न सकिन्छ। स्वच्छ मनले गरेमा दैवीशक्तिले जे पनि दिन सक्छ भन्ने कुरा कथामा देखाउन खोजिएको छ। आज पनि श्रीपञ्चमी र नागपञ्चमीका दिन नागदेवतालाई सम्झेर दूधको धारा दिने चलन समाजमा पाइन्छ। त्यसैले यो कथा बढी धार्मिक भएको र समाजमा धर्मले पनि केही गर्छ, सच्चा दिलबाट देवताको सम्झना गरेमा देवताले पनि सहयोग गर्छन् भन्ने कुराको सन्देश दिएको छ। नागले सम्पत्ति दिनु यसको बलियो पक्ष हो।

कथा सङ्ख्या : ३

## सत्य र कलि

यस कथामा पाइने वातावरण सामाजिक देखिँदैन। तर कलियुगमा मानिसहरू यति साह्रो गिर्न सक्छन्- जहाँकि उनीहरूले सम्पत्तिको लागि आफ्नो इष्टमित्र, कसैलाई पनि छाड्दैनन्। मानिस जति सबै काटाकाट गरी मर्नु र विष राखेको खाने कुरा खानु यसको प्रमाण हो।

कथा सङ्ख्या : ४

## ग्याङ र ठ्याङ

यस कथामा पाइने परिवेश सबै सामाजिक छ। समाजमा यस्ता घटनाहरू घट्न सक्ने सम्भवनाहरू हुन्छन्। कथाको उठानदेखि लिएर बैठानसम्म सामाजिक परिवेश पाइन्छ। बाबु छोरा दुवै ज्यातिषी बन्नु र पछिल्लो आवाजको मात्र ख्याल गर्नु यसको बलियो पक्ष हो।

कथा सङ्ख्या : ५

## अर्ती

यस कथामा पनि सामाजिक परिवेश नै ज्यादा पाइन्छ। महिला जातिलाई विश्वास नगर्नु भन्ने भनाई आज समाजमा व्यापक रूपमा चलेको छ। यस कथ्यलाई प्रमाणित गर्न यो कथाले त झन् ठूलो मद्दत पुऱ्याएको छ। श्रीमतीले लोग्नेले भनेको पत्याई छिमेकीकी स्वास्नीलाई खबर गर्नु यसको बलियो पक्ष हो।

कथा सङ्ख्या : ६

## तपस्वी र परमात्मा

यस कथाको परिवेशलाई हेर्दा धार्मिक परिवेशमा राख्न सकिन्छ। सिधा मनले व्यवहार गरेमा कहीँ जान पर्दैन, सबैको आत्मालाई एकै सोच्ने हो भने त्यही नै ठूलो धर्म हो भन्ने कुरा समाजमा देखाउन यस कथाको माध्यमबाट सकिन्छ। कथाको माध्यमबाट पनि समाजमा धर्म र अधर्मको ज्ञान दिन सकिन्छ। किसानले सबै  बेलघारी फाँड्नु यसको बलियो पक्ष हो।

कथा सङ्ख्या : ७

## घोडाको फुल

यस कथामा पनि सामाजिक परिवेश पाइन्छ। गाउँका सिधा व्यक्तिहरू जो मानसिक अपाङ्ग छन्, तिनीहरूमा यस्तो घटना घट्न सक्छ भन्ने कुरा यस कथामा पाइन्छ। त्यसैले यो कथा पनि एउटा सामाजिक कथा नै हो। अधबेस्रोले फर्सीलाई घोडाको फूल सोच्नु यसको सबल पक्ष हो।

कथा सङ्ख्या : ८

## टुहुरो

यस कथामा पाइने परिवेश एउटा दन्त्य कथामा पाइने खालको मान्न सकिन्छ। कथाकारको कल्पनाले गर्दा ढुङ्गा, माटो, जीवनजन्तु, मट्मास, राक्षेस मानिस सबै एक आपसमा कुरा गर्नसक्ने जमाना समाजमा पाउन सकिन्न, तसर्थ यो असामाजिक कथाको रूपमा लिन सकिन्छ। यसका परिवेशहरू गाउँले भए तापनि घटना भने अलौकिक छ। भट्मास, बन्दुक, बाघ, सियोले टुहुरोलाई मद्दत गरी बाघ मार्नु यसको बलियो पक्ष हो।

कथा सङ्ख्या : ९

## लेखेको मेटिदैन

यस कथाको परिवेश सामाजिक भए तापनि घटित घटनाहरू भने सामाजिक देखिँदैनन् । यसलाई एउटा मनोरञ्जन दिने खालको कथाको रूपमा यसका परिवेशहरूको निर्माण भएको छ। केटोलाई वाकसमा बगाउनु, तपस्वी जोडीले भेट्नु, राजालाई ब्रतबन्धमा निम्ता जानु र राजाले केही नबुझी छोरी दिनु यसका बलिया पक्ष हुन् ।

कथा सङ्ख्या : १०

## लोभी

यस कथामा पाइने वातावरण भने सुरुदेखि अन्तसम्म सामाजिक पाइन्छ तर घटित घटनाहरू भने सामाजिक पाइँदैन । गाउँलेहरू जम्मा भएर बुढाबुढीलाई बाँधेर घाटमा लैजानु र पोल्नसम्म तयार हुनु यसको बलियो प्रमाण हो ।

यसरी १० वटा सङ्कलित कथामा ८ वटा कथामा सामाजिक परिवेश पाइन्छ । त्यसैले भन्न सकिन्छ कि लमजुङ जिल्लामा सङ्कलित लोककथाहरूमा पनि अन्य लोककथाहरूमा जस्तै मनोरञ्जनात्मकताको उद्देश्यले अलौकिक वातावरण र लोकतत्त्वका कारण सामाजिक वातावरणको प्रबलता पाइन्छ ।

### ४.४ संवादका आधारमा सङ्कलित लोककथाको विश्लेषण

आधुनिक कथामा जस्तो लोककथाहरूमा पाइने संवाद ज्यादै सरल, स्पष्टता र गाउँले पाराका हुन्छन् । आधुनिक कथामा कथाकारले जटिल भाषाको प्रयोग गर्न सक्दछ । तर लोककथामा बोलिने भाषा त्यस्तो खालको हुँदैन किनकि लोककथाका कथावाचक र स्रोता दुवै पढेका नहुन सक्छन् । त्यसैले तिनीहरूले प्रयोग गरेका शब्दहरू पनि गाउँले पाराका नै हुन्छन् । तर लोककथामा कथा वाचकको व्यक्तिगत बोलाइको ढाँचा र परिवेशले भने केही असर पारेको हुन्छ । लमजुङ जिल्लामा पाइने लोककथाहरूलाई संवादको आधारमा यसरी हेर्न सकिन्छ ।

कथा सङ्ख्या : १

## कसको विद्या ठूलो

यस कथामा प्रयोग भएका शब्दहरू सबै सरल, स्पष्ट र गाउँले जीवनमाप्रयोग हुने खालका छन् ।

कथासङ्ख्या : २

## दूधको धारा दिने चलन

यस कथामा नागदेवता र गरिब केटाको संवाद भए तापनि सरल भाषामा रहेको छ। मानवेत्तर प्राणीहरूले पनि मानिसकै जस्तो भाषा बोल्न सक्छन् भन्ने आत्मशीलतावादी भावना यस कथामा पाउन सकिन्छ।

कथासङ्ख्या : ३

## सत्य र कलि

यस कथामा पाइने संवाद पनि ज्यादै सरल र स्पष्ट छ। कथामा घटित घटना समाजमा पनि एक दिन हुनसक्छ भनी देखाउन खोजेको छ। स्याखु, सुन, विष, हतियार आदि स्थानीय शब्दहरू यस कथामा प्रयोग भएका छन्।

कथा सङ्ख्या : ४

## ऱ्याङ र ठ्याङ

संवादको दृष्टिले हेर्दा यसमा प्रयोग भएका संवादहरू सबै सरल बुझ्ने खालका छन्। जस्तै : मूल परेको, बेली विस्तार, मरे बाँचेको, वृद्ध ब्राम्हण आदि।

कथा सङ्ख्या : ५

## अर्ती

यस कथामा पनि ज्यादै सरलर स्पष्ट खालका संवादहरू प्रयोग भएका छन्। जस्तै : उकुस मुकुस, मृत्यु भएको, दाहसंस्कार गरिदिने, सिउडीको दूध आदि।

कथासङ्ख्या : ६

## तपस्वी र परमात्मा

यस कथामा पनि ज्यादै सरल र बुझ्न सकिने खालका संवादहरू प्रयोग भएका छन्, जस्तै : कति पाप लाग्ला, प्रतिष्ठासमेत, परमात्माको दर्शन, अजिङ्गरेका रूप आदि।

कथासङ्ख्या : ७

## घोडाको फुल

यस कथामा पाइने संवाद ज्यादै सरल र बुझ्न सजिलो छ। जस्तैः फर्सी बेच्न, कुलेलम ठोक्नु, पुर्पुरोमा हात राख्दै, सानो बछेटो आदि।

कथा सङ्ख्या : ८

## टुहुरो

यस कथामा प्रयोग भएका संवादहरू सरल र बुझ्न सजिलो पाराका छन्, जस्तै : परेको बखत, भिजेका भट्मास, कचहरी बसे, आँगनमा ढली आदि ।

कथा सङ्ख्या : ९

## लेखेको मेटिदैन

यस कथामा प्रयोग भएका संवादहरू ज्यादै सजिला र बुझ्ने खालका छन् । जस्तै : तिर्खा लाग्यो, तिल कुश राखेको, कसको छोरा कसकी छोरी, सङ्कल्प गरे आदि ।

कथा सङ्ख्या : १०

## लोभी

यस कथामा पनि सरल र बुझ्ने खालका संवादहरूको प्रयोग भएको छ । जस्तै : तेल किनेर ल्याई, तैपनि उठेनन्, बाँधछाँध गरी  घाटतिर लगे, जुरुक्क उठे आदि ।

## ४.५ शैलीका आधारमा सङ्कलित लोककथाको विश्लेषण

आधुनिक कथामा जस्तो जटिल भाषाको प्रयोग लोक कथाहरूमा हुँदैन । यसमा पाइने शैली ज्यादै सरल र स्पष्ट खालका हुन्छन् । आधुनिक कथामा कथाकारले कथाको मध्य, आदि र अन्त जसरी पनि गर्न सक्छ तर लोककथामा त्यस्तो हुँदैन । लोककथा सँधै एकादेशमा, कुनै गाउँमा, कुनै ठाउँमा, परापूर्वकालमा, धेरै वर्ष पहिलेजस्ता शब्दहरूबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनेर अन्त्य गरिन्छ । तसर्थ लमजुङ जिल्लामा पाइने लोककथाहरूलाई पनि शैलीका आधारमा यसरी हेर्न सकिन्छ ।

कथा सङ्ख्या : १

## कसको विद्या ठूलो

यस कथाको थालनी एकादेशबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला भनेर टुङ्गिएको छ । कथाको प्रस्तुतिमा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

कथा सङ्ख्या : २

## दूधको धारा दिने चलन

यो कथा पनि एकादेशबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनेर टुङ्ग्याइएको छ। यसमा पनि वर्णनात्मक शैलीको प्रयोग भएको छ।

कथा सङ्ख्या : ३

## सत्य र कलि

यस कथा परापूर्व काल भन्ने शब्दबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउलामा आएर टुंगिएको छ। यसमा पनि कथा वाचक एक्लैले कथा भन्ने र अरूले सुन्ने गरेको पाइन्छ। यो कथा पनि वर्णनात्मक शैलीको प्रयोग भएको छ।

कथा सङ्ख्या : ४

## न्याङ र ठ्याङ

यस कथाको थालनी कुनै गाउँबाट सुरु भएको र सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनेर टुङ्ग्याइएको पाइन्छ र यसमा पनि कथावाचकले एक्लै कथा भन्ने र अरूले सुन्ने गरेको पाइन्छ। यो कथा पनि वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ।

कथा सङ्ख्या : ५

## अर्ती

यो कथाको सुरुवात एकादेशमा भन्ने शब्दबाट सुरु भएको छ भने सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनेर अन्त गरिएको छ। यसमा पनि कथा वाचकले भन्ने र अरूले सुन्ने गरेको पाइन्छ। यो कथा पनि वर्णनात्मक शैलीमा प्रस्तुत भएको पाइन्छ।

कथा सङ्ख्या : ६

## तपस्वी र परमात्मा

यो कथा एकादेशमा भन्ने शब्दबाट सुरु भई भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनेर अन्त भएको छ। यसमा

पनि कथावाचकले कथा भन्ने र श्रोताले सुन्ने गरेको पाइन्छ । यो कथा पनि वर्णनात्मक शैलीमा प्रस्तुत भएको पाइन्छ ।

कथा सङ्ख्या : ७

## घोडाको फुल

यो कथा एकादेशमा भन्ने शब्दबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला भनेर टुङ्ग्याइएको छ । कथावाचक एक्लैले कथा भन्ने र श्रोताले सुन्ने गरेको यसमा पाइन्छ । यो कथा पनि वर्णनात्मक शैलीमा प्रस्तुत भएको पाइन्छ ।

कथा सङ्ख्या : ८

## टुहुरो

यो कथा एकादेशमा भन्ने शब्दबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला भनेर टुङ्ग्याइएको छ । यसमा पनि कथा वाचक एक्लैले कथा भन्ने र श्रोताले सुन्ने गरेको देखिन्छ । यो कथा पनि वर्णनात्मक शैलीमा नै प्रस्तुत भएको देखिन्छ ।

कथा सङ्ख्या : ९

## लेखेको मेटिदैन

यो कथा एकादेशमा शब्दबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला भनेर टुङ्ग्याएको देखिन्छ । अरू लोककथामा जस्तै यसमा पनि कथावचक एक्लैले कथा भनेको र स्रोताले सुनेको पाइन्छ । यो कथा पनि वर्णनात्मक शैलीमा प्रस्तुत भएको पाइन्छ ।

कथा सङ्ख्या : १०

## लोभी

यो कथा एकादेशमा बाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला भनी टुङ्ग्याइएको पाइन्छ । अरू लोककथामा जस्तै यसमा पनि कथावाचक एक्लैले कथा भन्ने र अरूले सुन्ने गरेको पाइन्छ । यो कथा  पनि वर्णनात्मक शैलीमा नै प्रस्तुत भएको देखिन्छ ।

### ४.६ उद्देश्यका आधारमा सङ्कलित लोककथाको विश्लेषण

लोककथा होस् वा आधुनिक कथा उद्देश्य एउटा अनिवार्य तत्त्वका रूपमा रहन्छ। उद्देश्यमा लेखक वा रचनाकारको सामान्य वा विशिष्ट जीवनदृष्टिको विवेचना हुन्छ। लोककथाका सन्दर्भमा भन्दा समग्र लोकसाहित्यको मूल उद्देश्य जनमानसमा मनोरञ्जन दिने भए तापनि कतै न कतै कुनै न कुनै रूपमा उद्देश्य वा विचारको पनि संलग्नता पाउन सकिन्छ। आधुनिक कथामा लेखकको वैयक्तिक वा विशिष्ट जीवनदृष्टि पाउन सकिन्छ भने लोककथामा लोकतत्त्वको अनिवार्यताको कारणले सर्वमान्य वा सर्वसाधारणको जीवनदृष्टि पाउन सकिन्छ। लमजुङ जिल्लामा प्रचलित सङ्कलन गरिएका लोककथालाई उद्देश्यका आधारमा विश्लेषण गरी हेर्न सकिन्छ।

कथा नं. १

#### कसको विद्या ठूलो

कथाको शीर्षकअनुसार कथाका पात्रहरूबाट स्पष्ट हुने वातावरणको सिर्जना भएको छ। समाजको नियमअनुसार छोराले शिक्षा आर्जन गर्नुपरेकाले बुढाका तीनवटै घरबाट एउटै साइतमा विद्या आर्जन गर्नको लागि निस्कन्छन्। एउटा किसिमको विद्या नपढ्ने भिन्दाभिन्दै खालका विद्या पढ्ने निर्णय उनीहरूमा हुनाले श्रोता वर्गमा कथामार्फत् कथावाचकले सबैमा एकै किसिमको ज्ञान हुनु हुँदैन, भिन्दाभिन्दै किसिमको ज्ञान आर्जन गर्नुपर्दछ। सबै प्राणीहरूमा मानव चेतनशील प्राणी भएको हुँदा र समाजमा रहने हुँदा समाजका नियमअनुसार चल्नुपर्छ भन्ने कुरा यस कथाले दिएको छ र ज्ञान आर्जन गरिसकेपछि सँगै फर्कनुको उद्देश्य दाजुभाइमा मेल हुनुपर्छ भन्ने सन्देश पनि यसले दिएको छ। लोकजीवनमा यसले शिक्षा तथा मनोरञ्जन दुवै दिएको पाइन्छ।

कथा नं. २

#### दूधको धारा दिने चलन

कथाको शीर्षकअनुसार यसभित्रको कथावस्तुले पनि यसको शीर्षकलाई सार्थकता दिएको छ। कथाको मुख्य पात्र गरिब केटोलाई गराएको भूमिका मार्फत् भगवान्मा विश्वास गर्नुपर्दछ। सोझो भएर काम गरे दैवले साथ दिन्छन् भन्ने खालको सन्देश जनमानसमा दिनु यस कथाको उद्देश्य देखिन्छ। लोकजीवनमा यसले धर्मप्रति आस्था जगाउने काम पनि गरेको छ। यस कथाले समाजमा धर्म वा कर्मको व्याख्या गरेको पाइन्छ।

कथा नं. ३

## सत्य र कलि

यस कथाले लोकजीवनमा मानिसहरू कतिसम्म विश्वासघात गर्न सक्छन् । विश्वास भनेको कसैलाई पनि गर्न नसकिने, मानिसहरू खाली स्वार्थ र आफ्ना बन्धुवर्गहरूप्रति पनि कुनै चासो नराखेन सम्पत्तिभन्दा ठूलो कसैलाई पनि महत्त्व नदिने, त्यसको लागि ज्यानै लिन पनि पछि नहट्ने कुरा समाजमा, कलियुगमा अर्थात् निकट भविष्यमा आउँछ र समाज नै त्यस्तै खालको हुन्छ भन्ने कुरा देखाउनु यस कथाको मुख्य उद्देश्य हो । लोकजीवनमा यसले केही सचेत पनि गराएको छ । यस कथाले मनोरञ्जनको साथै उपदेश पनि दिएको छ ।

कथा नं. ४

## ञ्याङ र ठ्याङ

यस कथामार्फत् ज्योतिष क्षेत्रमा काम गर्ने मानिसहरूलाई व्यङ्ग्य गर्नु कथाको मुख्य उद्देश्य देखिएको छ । सानो कुराको वास्ता नगर्दा कति घरबार बिग्रन्छन्, शङ्का गरेपछि कति दुःख भोग्नुपर्छ भन्ने कुरा बाबु ज्यातिषीको भूमिकाबाट कथामा देखिइएको छ । ज्योतिष क्षेत्रमा काम गर्ने मानिसहरूलाई सचेत गराउनु यस कथाको उद्देश्य रहेको छ । लोकजीवनलाई यसले केही सचेत पनि गराएको छ । मनोरञ्जनका साथै उपदेश तथा शिक्षा दिनु यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

कथा नं. ५

## अर्ती

यस कथाको माध्यमबाट भन्न खोजिएको छ कि नारी जातिहरू अति जिद्दीवाल हुन्छन् । उनीहरूलाई विश्वास गर्न हुँदैन । गोपनीयता उनीहरूसँग खोल्नु हुँदैन । राजा वा पञ्च भलाद्मीले ठूलो मानिसलाई ढाँट्नु हुँदैन वा झुटो कुरा बोल्नु हुँदैन । अर्काको घरको वा कसैको पनि चासो राख्नु हुँदैन र चियोचर्चो पनि गर्नु हुँदैन । यही सन्देश कथाले लोकजीवनमा छोडेको पाइन्छ । लोकजीवनमा यसले मनोरञ्जनका साथै अर्ती र उपदेश पनि दिएको छ ।

कथा नं. ६

## तपस्वी र परमात्मा

अनजानमा गरेको पापले कसैलाई पनि केही हुँदैन । भगवान्ले त्यसलाई भुल सम्झेर क्षमा गरिदिनु हुन्छ । स्वार्थीभाव राख्न हुँदैन । दान धर्म गर्नुपर्छ । आफै मात्र खाउँ लाउँ

भन्ने भावना लिनु हुँदैन भन्ने सन्देश यस कथाले दिन खोजेको छ। किसान, अजिङ्गर र चौतारो बनाउने पात्रहरू खडा गरी उनीहरूमार्फत् कथाले यस्तो सन्देश दिएको छ। लोकजीवनमा यसले परोपकारको भावना जगाउने काम गरेको छ। यस कथाले धार्मिक भावना र कर्मको व्याख्या गरेको सन्देश समाजमा छोडेको छ।

कथा नं. ७

## घोडाको फुल

समाजमा भएका शारीरिक वा मानसिक अपाङ्ग तथा सोझा व्यक्तिलाई कथाको पसले चरित्रले गाउँको अधबेस्रो मानिसलाई गरेको व्यवहार गर्नु हुँदैन भन्ने कुराको सन्देश यस कथाले दिएको छ। लोकजीवनमा यसले मनोरञ्जन प्रदान गरेको छ। तापनि यस कथाले अपाङ्ग मानिसलाई साङ्गहरूले सही बाटोमा हिंडाउनु पर्ने कुराको निर्दिष्ट गरेको पाइन्छ।

कथा नं. ८

## टुहुरो

टुहराको पनि दिन फर्किन्छ भन्ने भनाइलाई यस कथाले सार्थक पारेको छ। मिलनसार भएदेखि पशु, पंक्षी, भट्मास, मानिस सबैले मद्दत गर्दछन्। अर्काको उपकारका लागि आफूले बलिदान दिन परे पनि पछि हट्न हुन्न भन्ने कुरा यस कथाले दिन खोजेको उद्देश्य हो। लोकमानसमा मनोरञ्जन दिएको छ। यसका अतिरिक्त परोपकार गर्नु धर्म हो र मिलनसार पनि बन्नुपर्छ भन्ने सन्देश कथाले दिएको छ।

कथा नं. ९

## लेखेको मेटिदैन

जन्मिएको छैठौंको दिनमा भावीले मानिसहरूलाई जुन कुरा लेखेको हुन्छ, त्यो जसरी भए पनि पुगिछाड्छ भन्ने कुराको सन्देश यस कथाले दिएको छ। राजा र एउटा गरिब भान्से बाहुन केटाले कथामा खेलेको भूमिकाले यसको उद्देश्यलाई जनमानसमा पुऱ्याउने काम गरेको छ र यसको शीर्षक पनि सार्थक छ। लोकजीवनमा यसले भाग्यमा बढी विश्वास गर्न सिकाएको छ। यस कथाको माध्यमबाट धर्ममा विश्वास गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ।

कथा नं. १०

## लोभी

यस कथाका मुख्य पात्र बुढाबुढीमार्फत् समाजमा यसो हेर्दा बढी जिद्दीवाल र लोभी पुरुषभन्दा महिला नै बढी हुन्छन् भन्ने कुरा कथाले भन्न खोजेको देखिन्छ। भएको कुरामा

सन्तोष गर बढी लोभ नगर भन्ने कुराको शिक्षा समाजलाई दिएको छ। यस कथाले मनोरञ्जनका साथै जे छ त्यसमा रमाउ भन्ने सन्देश दिन खोजेको पाइन्छ।

उपर्युक्त विश्लेषणबाट हेर्दा लमजुङ जिल्लामा प्रचलित लोककथामा शिक्षा, उपदेश, प्रदान गर्ने तथा मनोरञ्जन  दिने सम्पूर्ण लोककथाहरूमा पाइने साझा उद्देश्य जस्तै : उद्देश्यहरू प्रस्तुत कथामा भेटिन्छन्। लोकजीवनलाई बुद्धि, धर्म, भाग्य, सत्य, लोभ, चरित्र, प्रेमजस्ता सामाजिक संस्कृतिक विचारहरू प्रस्तुत गर्न पनि उद्देश्यका रूपमा रहेका छन्।

## निष्कर्ष

श्रुतिपरम्परामा आधारित लोकसाहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको पाइन्छ। अर्ती, उपदेश, सन्देश धर्म र आस्थाको भावना जगाउने तथा प्रायः जसो मनोरञ्जन दिने लोकहरूका उद्देश्य हुन्छन्, तिनै उद्देश्यबाट वञ्चित नभएका लोककथाहरू लमजुङ जिल्लाका लोककथा पनि हुन्। यस परिच्छेदमा यस जिल्लामा प्रचलित लोककथाहरूको कथाका तत्त्वहरूको (कथावस्तु, पात्र, परिवेश, संवाद, भाषाशैली र उद्देश्य) का आधारमा विश्लेषण गरिएको छ। अरू ठाउँका लोककथाले जस्तै यस जिल्लाका लोककथाहरूमा पनि लोक मानसका भावनाहरू पाइन्छन्। यी कथाहरूले पनि समाजमा शिक्षा, उपदेश तथा मनोरञ्जन दिएको पाइन्छ। श्रुतिपरम्परामा बाँच्ने र एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आउने भएकाले यस्ता कुराहरू कालान्तरमा लोप हुने हुनाले अबको पुस्ताले यसको सम्बर्द्धन र संरक्षण गर्न आवश्यक देखिन्छ। लोकसाहित्यका खोजकर्ताहरूले पनि यसमा बढी चासो देखाउनुपर्ने देखिन्छ।

परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ। दोस्रो परिच्छेदमा लोककथा नेपाली लोकसाहित्यको प्रमुख विधा हो भन्दै लोकसाहित्यको परिचय, विधागत वर्गीकरण, परिभाषा र लोककथाको वर्गीकरण गरिएको छ। लोककथाको अभिव्यक्तिले समाजका सम्पूर्ण वर्गलाई शिक्षा, उपदेश, धार्मिक आस्था तथा मनोरञ्जन दिने हुनाले यसको विषयगत वर्गीकरणमा ज्यादा जोड दिइएको छ। यस अध्ययनपत्रको तेस्रो परिच्छेदमा लमजुङ जिल्लाको परिचय दिने क्रममा जिल्लाको पृष्ठभूमि, उल्लेख गर्दै नामाकरणको प्रसङ्ग धार्मिक तथा ऐतिहासिक स्थलहरूको चर्चा गर्दै जिल्लाको भौगोलिक सीमाना, साँध, धर्म, जाति, भाषा, हावापानी, खेतीपाती, फलफूल, शिक्षा, स्वास्थ्य आदिको बारेमा जानकारी दिइएको छ।

अध्ययनपत्रको चौथो परिच्छेदमा लमजुङ जिल्लामा प्रचलित लोककथालाई लोककथाका तत्त्वका आधारमा अध्ययन, शीर्षकको उद्देश्यको अनुरूप विश्लेषण गरिएको छ।

## ५.२ निष्कर्ष

'लोकसाहित्य' सहरी वातावरणदेखि टाढा विकट बस्तीका भीरपाखा, पहाड कन्दरा, हिमालका फेदीमा बस्ने सोझा, निमुखा, अनपढ, गरिब जनताको हृदयबाट मुखरित कोमल भावनाको सुसेली हो। यस्तो सुसेली जुनसुकै भाषाबाट पनि उजागर हुन सक्छ। लोकसाहित्यमा शास्त्रीयता, जटिलता नभई सरल, सहज र सुमधुर अभिव्यक्ति मिसिएको हुन्छ। लेकबेसी, खेतबारी, मेलापात, डाँडापाखा आदिमा आफ्नो जीवन गुजारा गरिरहेका दुःखी र सोझा अशिक्षित जनताहरूको हृदयबाट उजागर भई मुखरित हुँदै निस्केका यिनै सुसेलीहरूले नै आदिमताको आड लिएर वर्तमानलाई प्रष्ट्याएका हुन्छन्। तसर्थ लोकसाहित्यलाई समाजको ऐना वा दर्पण पनि भन्ने गरिन्छ। मानव सभ्यताको विकास सँगसँगै विकसित हुँदै हालसम्म आइपुगेको लोकसाहित्यका रचनाकारहरू भने अज्ञात नै हुन्छन्। लोकजीवनमा सकेसम्म मनोरञ्जन दिनु, शिक्षा, उपदेश जस्ता कुराहरू पनि दिने उद्देश्य लोकसाहित्यमा हुन्छ। नेपाली नेपालीबीच भावनात्मक एकताको विकास गराउने आफ्नो कला र संस्कृतिलाई आवश्यकताअनुरूप व्याख्या गर्नु लोकसाहित्यको अर्को

विशेषता हो । जनश्रुति परम्पराभित्र रहेर पनि संसारको मन जित्न सफल छ । यो विभिन्न उमेर तथा वर्गका मानिसलाई आफ्नो रुचि अनि क्षमताअनुरूप विधागत छनौट गर्न पनि यसमा पाइन्छ । समाजको महत्त्व र गरिमा पनि यसमा झल्केको पाइन्छ ।

लोकसाहित्यका विभिन्न विधाहरू छन् । लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का र गाउँखाने कथा यी विधामध्ये कुनचाहिँ जेठो र कुन चाहिँ कान्छो हो भनी छुट्याउनतर्फ नलागी कुन विधाको कति महत्त्व छ भनी बुझ्न जरुरी देखिन्छ। लोकसाहित्यका विविध विधाहरूको सहयोगबाट नै वेद, पुराण, रामायण, महाभारत आदि ग्रन्थहरूको निर्माण भएको कुरालाई नकार्न मिल्दैन । यसले गर्दा लोकसाहित्यको महत्त्व अझ बढी झल्केको पाइन्छ । लोकसाहित्यका विभिन्न विधामध्ये 'लोककथा' लाई दोस्रो महत्त्वपूर्ण विधाका रूपमा लिन सकिन्छ । मानव समुदायले आफ्ना दुःख, सुख, हर्ष, विस्मात, क्रोध, रोदन, उतारचढाव आदिका अभिव्यक्ति नै लोककथा हुन् । ती अभिव्यक्तिहरू मनोञ्जनका लागि हुन् वा शिक्षा वा उपदेशात्मक नै किन नहुन् । जब मानिसले आफ्ना अभिव्यक्तिहरूको उजागर गर्दछ वा व्यक्त गर्दछ त्यतिबेला नै लोककथाको उत्पत्ति भएको हुनसक्छ । लोककथाले मानवको हर्ष, विस्मात, पीडा, व्यथा मात्र झल्काउने होइन यसले मनोरञ्जन, उपदेश र शिक्षासमेत दिने काम गर्दछ ।

लमजुङ जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने एउटा पहाडी जिल्ला हो । नेपालका शाहवंशको उदय यसै जिल्लाबाट भएको इतिहास साक्षी छ । अन्य सामाजिक, धार्मिक, सांस्कृतिक मान्यताहरू धेरै भएको यस जिल्लाको लोक साहित्यमा पनि आफ्नै पहिचान छ । ६३ गा.वि.स. भएको र एउटा पनि नगरपालिका नभएको यस जिल्लामा भर्खरै ४२ कि.मि. पक्की मोटर बाटो बनेको छ । अन्य सहरी जिल्लाको दाँजोमा हेर्दा यो जिल्ला विकासमा धेरै पछि परेको छ । जिल्लामा बहु जातजाति र बहु भाषाभाषीहरू रहने भएको हुँदा यहाँको संस्कृति पनि विविध किसिमको छ । यस्ता झलकहरू हामी यहाँको लोकसाहित्यमा देख्न सक्छौं । यहाँका परिवेशमा भनिने लोककथाहरूले यहाँको आर्थिक, सामाजिक र सांस्कृतिक चित्रलाई राम्ररी प्रतिबिम्बित गरेका हुन्छन् । लमजुङ जिल्लामा भनिने प्रचलित लोककथाहरूले यहाँका मानिसको जनजीवनभित्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक सबै परिवेश झल्किने हुँदा अन्य जिल्लासँग दाँजेर तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

यस जिल्लाका केही सङ्कलित कथाहरूलाई विषयवस्तु, पात्र, चरित्र, परिवेश र उद्देश्यका आधारमा विश्लेषण गरिएको छ । शोध परिचयमा नै शोधको नाम 'लमजुङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण' राखिएको छ । त्यसपछि जिल्लाको परिचयअन्तर्गत पृष्ठभूमि, नामकरण, भौगोलिक अवस्था, सीमाना, हावापानी,

माटो, खेतीपाती, फलफूल, जडीबुटी र पशुपंक्षी प्रसिद्ध ठाउँ, नदीताल र हिमाल, धर्म, जाति, संस्कृति र चाडपर्व, स्वास्थ्य शिक्षाजस्ता कुरा राखी थोरबहुत चर्चा गरिएको छ। लोकसाहित्यको परिचय, परिभाषा र वर्गीकरण पनि थोरै गरिएको छ। अन्य जिल्लामा जस्तै लमजुङ जिल्ला पनि एउटा लोकसाहित्यको क्षेत्रमा धनी जिल्ला हो भन्न सकिने कुराहरू सङ्कलित कथाहरूको विश्लेषणबाट भन्न सकिन्छ।

'लोक' जनसमूहको वाचक शब्द हो। जुन कृतिमतोरहित आदिम मनोवृत्तिमा आधारित हुन्छ। यही निरक्षर समूहको आशा-निराशा, हर्ष-विस्मात, जीवनमरण, लाभ-हानि, सुख दुःख, आँसुहाँसो आदि सिङ्गो ध्वनि पाइने साहित्य लोकसाहित्य हो। लोककथा गाउँखाने कथा र उखान टुक्काभन्दा व्यापक लोकनाटकको दृश्यात्मकता भन्दा कथानात्मक, लोकगीतको भावनात्मकता भन्दा वस्तुपरक विधाका रूपमा चिनिएको छ। गद्यात्मक र वर्णनात्मक लोककथाको मूल स्वरूप हो। कथानक र चरित्र आदि केन्द्रीय रूपमा रहन्छन्, जसले लोककथाको निर्माण गर्दछन्।

लोककथा अवैयक्तिक र श्रुतिकथन परम्परामा आधारित हुन्छन्। लोकजीवनका संस्कृति एकातिर हुन्छन् भने आर्कतिर मानवको स्वभाव प्रवृत्ति, प्रेमजस्ता कुरा हुन्छन्। घटनाको बाहुल्यता एवम् वर्णनात्मक त छँदैछ अझ लौकिक, अलौकिक  मानव एवम् मानवेत्तर पात्रलाई समेत समावेश गराइ कौतुहलपूर्ण तरिकाबाट प्रस्तुत गर्नु लोककथाको विशेषता हो। प्रायः लोककथाहरू संयोगमा टुङ्गिन्छन् र त्यस सन्दर्भमा सत्ले असतलाई परास्त पार्छ। यसरी सत्यको जीत हुने शिक्षा लोककथाले दिएको हुन्छ।

यस शोधपत्रमा सङ्कलित १० वटा कथाहरूमध्ये आठवटा कथाहरू एकादेशबाट सुरु भएका र एउटा परापूर्वकालबाट सुरु भएको र एउटा कुनै गाउँमा बाट सुरु भएको देखिन्छ। यी कथाहरूमध्ये ९ वटा कथाहरू संयोगान्तमा नै टुङ्गिएका छन् र एक वटा कथा भने त्यसै टुङ्गिएको छ। यी कथाहरूमा ४ वटा सामाजिक, १ वटा धार्मिक, ३ वटा उपदेशात्मक, २ वटा मनोरञ्जनात्मक खालका छन्।

समग्रमा भन्नुपर्दा लमजुङ जिल्लाका लोककथाहरूको अध्ययन गर्दा सामाजिक र मनोरञ्जनात्मक कथाहरू नै बढी फेला पर्दछन्।

परिशिष्ट–१

# लमजुङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन

कथा संख्या : १

## कसको विद्या ठूलो

एकादेशमा एउटा बुढाका तीन भाइ छोराहरू थिए रे । उनीहरू अलि ठूला भएपछि तीनै भाइ पढ्न जान्छम् भनेछन् रे । तीनै भाइ एउटै दिन उही साइतमा घरबाट निस्केछन् । घरबाट निकै हिँडेपछि एउटा चौबाटोमा पुगेछन् रे । तीनै भाइले आपसमा एउटै विषय पढेम भने त्यसको कुनै औचित्य हुँदैन, त्यसैले छुट्टाछुट्टै विषय पढ्नुपर्छ भनी सल्लाह गरेछन् रे । जेठो भाइले कर्मकाण्ड पढ्छु भन्यो रे, माइलोले मार्ने र जगाउने पढ्छु भन्यो रे, कान्छोले भने चतुर्‍य पढ्छु भनेछ रे । ती तीनै भाइ केही वर्ष पढिसकेर एउटै वर्ष, एकै दिन, एकै समय र एकै बारमा त्यही छुटेको ठाउँमा अर्थात् चौबाटोमा नै भेट हुने सल्लाह गरी तीनै भाइ त्यही चौबाटोबाट आ-आफ्नो बाटो लागेछन् रे ।

वर्ष बित्दै गए, तीनै भाइ आ-आफ्नो विषयमा पास पनि भएछन् । सबैले आफ्नो सल्लाहलाई सम्झेका रहेछन् । केही वर्षपछि सल्लाहबमोजिम तीनै भाइ त्यही चौबाटो तोकिएको मिति र समयमा भेट भए । तीनै भाइ आफूले रोजेको विषय राम्रोसँग पास गरी फर्केकोमा दङ्ग थिए । उनीहरू घरतर्फ जाँदै थिए, बीच बाटोमा जङ्गल पर्दथ्यो । त्यही जङ्गलको बाटोमा एउटा हड्डी देखे । यो हड्डीको टुक्रा केको होला भन्ने तिनीहरूमा जिज्ञासा जाग्यो । उनीहरूको पढाइ के-कति सफल छ भनी उनीहरूलाई थाहा पनि थिएन । खाली किताबी ज्ञान मात्रै थियो । सफल हुन्छ कि हुन्न भनी विचार गरी हेर्नु पनि पर्‍यो भन्ने विचार गरी जेठो भाइले माइलोलाई भन्यो- ए ! माइला तँ यसलाई जगाउन सक्छस् ? माइलोले सक्छु भनी झोलाबाट चामल झिकेर मन्तर्न थाल्यो । मन्तर गरिसकेपछि त्यस हड्डीलाई हान्न लाग्नु अगाडि नै कान्छो भाइले माइलाको हात च्याप्प समात्यो र एकछिन पख भन्यो र माइलो दाइसँग अलिकति मन्तर गरेको चामल माग्यो र झोलामा राखी हतार हतार नजिकैको ठूलो रुखमा चढ्यो । यता दुवै भाइ जेठो र माइलो भने हड्डीको टुक्रा अगाडि उभिइरहेका थिए । माइलोले तिनै मन्तर गरेका चामल छ्वास्स के फालेको थियो हड्डीको टुक्रा त एउटा ठूलो बाघ बनी ङारङुर घारघुर गर्दै मडारिँदै ब्युँझिएर झुरुक्क उठ्यो । बाघका अगाडि उभिरहेका ती दुवै भाइलाई झम्टेर त्यहीं मार्‍यो । उनीहरूको रगत र मासु सबै बाघले खाइदियो । त्यहाँ केवल हड्डी मात्र बाँकी

रहे । एकछिन पछि बाघ जङ्गलतर्फ लाग्यो । यो सबै घटना रुखमा चढेर बसेको कान्छो भाइले हेरिरहेको थियो । बाघ जङ्गलतर्फ लागेपछि कान्छो भाइ रुखबाट तल झऱ्यो र दाइहरूको हड्डीमा तिनै माइलो दाइसँग मागेको मन्तर गरेको चामल छर्‍यो । चामल छर्केपछि दुवै भाइ निद्राबाट ब्युँझिएको जस्तै गरी ब्युँझे । कान्छो भाइले उनीहरूलाई सबै घटना बतायो । त्यसपछि कसको विद्या ठूलो हो त ! भन्दै छलफल गर्दै उनीहरू घरतर्फ लागे । तर उनीहरू एक आपसमा मेरो विद्या ठूलो भनी द्रुवादस गरिरहन्थे अब कसको विद्या ठूलो हो भन्ने निर्णय स्रोताहरूले नै ठेकान गर्नुहोस् भन्दै यो कथा टुङ्गिन्छ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला ।

कथावाचकको नाम : भीमनाथ खनाल

स्थान : भोटेओडार, लमजुङ

वर्ष : ५८

मिति : १९-१०-२०६०

कथा संख्या : २

# दूधको धारा दिने चलन

एकादेशमा एउटाका आमा र छोरा थिए रे । उनीहरू ज्यादै गरिब थिए । छोरा भने गाउँकै एउटा धनी मानिसको घरमा भैंसी चराउन भनी गोठालो बसेको थियो । केटो साहुका भैँसीहरू दिनभर चराइदिन्थ्यो र बेलुकी सुत्न भनी आफ्नै घरमा जाने गर्दथ्यो । यसरी नै उसका दिनहरू बित्दै थिए । एकदिनको कुरा हो- केटो दिनभरि भैंसी चराएर एकछिन भैँसीहरूलाई पानी खुवाउन र आहाल बसाउन नजिकैको मर्स्याङदी नदीमा लिएर गएछ । भैँसीहरू पानी टन्न खाएर नदीको किनारमा आहाल बसेछन् । गरिब गोठालो केटो किनारको एउटा ठूलो ढुङ्गामाथि बसेर वरिपरि यताउता हेर्दै थियो । त्यसै बखत कता हो कताबाट ए मनुष्य ! ए मनुष्य ! भनेको आवाज सुन्यो केटोले, यताउता हेऱ्यो कतै पनि केही कोही देखेन । उसकी आमाले बेलाबेलामा मर्स्याङदीमा भूत हुन्छन्, एक्लै जान हुँदैन भन्ने गरेकी थिई । केटोले आमाको कुरा झ्वाट्ट सम्झ्यो र आमाले भनेको सत्य रहेछ भनी सोच्यो । उसलाई डर पनि लाग्यो । त्यसैले आहाल बसिरहेका भैंसीलाई उठाएर त्यहाँबाट फटाफट साहूको घरतर्फ लाग्दै थियो । यसो हेर्दा त आफै बसेको त्यही ठूलो ढुङ्गामुनि एउटा सर्प रहेछ, उसैले पो केटालाई बोलाएको रहेछ । केटो डराएर हिँडेको देखेर सर्पले फेरि भन्यो- "यता आऊ, मदेखि नडराऊ, डराउनु पर्दैन भन्यो ।" केटो अब मलाई सर्पले टोक्ने भयो भनी झन् झन् डराउन थाल्यो । सर्पले फेरि भन्यो- तिमी नडराऊ म तिमीलाई केही गर्दिन । केटो झन्झन् डराउन थाल्यो । त्यहाँबाट कसरी भागूँ भन्ने सोच्न थाल्यो । वास्तवमा सर्प नाग थियो । केटो डराएर भाग्न खोजेको देखेर केटोलाई चारैतिरबाट छेकी बीचमा पारेर सर्पले भन्यो । ए मनुष्य ! नडराऊ, म नागदेवता हुँ, मेरो बुबा आमाले भन्नुभएको छ । तिमीले कतै दुःख पाउने मनुष्य देख्यौ या भेट्यौ भने मीत लगाउनू । त्यसैले आज म तिमीसित मीत लगाउँछु । म तिमीलाई केही गर्ने छैन भनी भन्यो र केटो र सर्पबीच मीत बोले र त्यसदिन आआफ्नो बाटो लागे ।

केटाले साहूका भैंसीहरू साहूको गोठमा लगेर बाँधिदियो । साहूका घरका कसैलाई पनि सर्प र आफ्नो बीचमा भएको कुराकानी भनेन । नागदेवताले केटोलाई कसैलाई पनि यो घटना नबताउनु भनी अगाडि नै भनिसकेको थियो । साँझतिर केटो आफ्नो घरमा गयो । तर केटाले आमालाई भने दिउँसो भएको सबै घटना बतायो र सर्पले कसैलाई पनि नभन्नु भनेको कुरा भन्यो र भोलिपल्ट आफू सर्पसँग उसको घरमा जाने कुरा बतायो । आफूले सर्पसँग मीत लगाएको कुरा केटाले आमासँग भन्यो र मीतज्यूले पनि हामी गरिब एकाले हामीलाई मद्दत गर्ने रे ! भनी सुनायो । मीतले आफूलाई मद्दत गर्ने आसामा आफू मीतको घर जाने कुरा बताएपछि केटाकी आमाले भनी- बाबु ! तँ मेरो एक्लो छोरा होस् । तँबाहेक मेरो यस दुनियाँमा कोही छैन । साँच्चै त्यो नाग देवता नभई सर्प रहेछ भने के गर्ने ? उसको घरमा गएपछि सबै सर्पहरू मिलेर तँलाई डसेर मार्छन् कि ! त्यसैले भो छोरा

नजा भनी आमाले भनी। आमा जन्मेपछि एक पटक अवश्य मर्नुपर्छ, फेरि मीतज्यूले पनि आफू नागदेवता भएको बताएका छन्। मलाई केही हुँदैन, एकपटक जान्छु जे त होला भनी केटोले भन्यो। भोलिपल्ट नागले भनेबमोजिम केटो पनि उही ठाउँ र भनेकै समयमा पुग्यो। नागदेवता पनि अगाडि नै आएर त्यहीँ बसिसकेका रहेछन्। लौ जाऊँ, ढिला भइसक्यो भनी दुवै नागका घरतर्फ लागे। जब नागदेवताको घरको तगारो आयो, तगारोमा छिर्नु अघि केटाको मीतज्यूले आफ्ना सबै दिदीबहिनी, बुबाआमा, दाजुभाइलाई मीतबा, मीतआमा, मीतदिदी, मीतबैनी भनी नाता लगाउनु भनी सिकायो। केटाले पनि त्यसै गर्छु भनी भन्यो। नागले पनि केटाको बारेमा सबै वृत्तान्त आमाबाबुसँग बताउने कुरा बतायो। जब उनीहरू घरभित्र छिरे सबै सुतेका नागहरू मनुष्यको गन्ध आयो भन्दै उठे। नागले बुबा आमा ! मैले हजुरहरूले भनेजस्तै गरी गरिब मनुष्यसँग मीत लगाई आज घरमा नै लिएर आएको छु भनी भन्यो। आफ्नो छोराको कुरा सुनेपछि उनीहरू खुसी भए। केटाले पनि मीतज्यूले सिकाएजस्तै गरी सबैलाई नाता लगायो। नागहरूले केटालाई केही पनि गरेनन्। सबै नागहरू पहरामा बसेको केटाले देख्यो। जब मीतज्यू र केटो ढोकाबाट भित्र पसे त्यहाँ केटाले सुनको दरबार देख्यो। मीतका बुबाआमा पनि सुनकै खाटमा बसेको देख्यो। बेलुका मीठामीठा खाना खान दिए। सुत्ने बेला भयो। केटालाई सुनको खाटमा सुताए। नागहरूको ठूलो समूह देखेर केटोलाई साह्रै डर लागेको थियो। राति आएर डस्ने पो हुन् कि ! भन्ने चिन्ताले ऊ निदाउन त्यति सकेन। केटोको मीतले भने कत्ति पनि नडराउनु भन्ने सल्लाह दिएको थियो। केटा ननिदाएको हुँदा मीतका बाआमाले केटोसँग (मीत छोरा) धेरै कुराहरू सोधखोज गरे। मीतबुबाआमाले यसरी कुरा गरेपछि केटो पनि निर्धक्क भई सुनको खाटमा आनन्दसँग सुत्यो। भोलिपल्ट बिहान खाना खाएपछि मितबुबाआमा र अरू नागहरूसँग पनि बिदा भएर केटो आफ्नो घरतर्फ लाग्न आँट्यो। बिदा हुने बेलामा मीतले केटोलाई एउटा मणि चोरेर कसैलाई पनि नदेखाई लैजाऊ र आफ्नो घरमा लगेर राम्रोसँग राख भन्यो। मीतबुबाआमाले भने लौ जाऊ हामीले तिमीलाई आशीर्वाद दिएका छौं। मीतले दिएको मणि र मीतबुबाआमाले दिएको आर्शीवाद लिएर केटो घर आयो। मीतले भनेझैं कसैलाई पनि नदेखाई केटोले आफ्नी आमालाई मणि जतनसँग राख्नु भनी दियो। मणिको प्रभाव र मीतबुबाआमाको आशीर्वादको प्रभावले गर्दा केटाको घरमा दिन प्रतिदिन एकएक मूल्यवान चिज बन्न थाल्यो। केटाका आमाछोरा अब धनी बन्दै गए। केटाको यो अवस्था देख्दा गाउँलेहरूलाई सहिनसक्नुभयो। गाउँलेहरूले केटोलाई शङ्का गर्न थाले। केटाले पक्का पनि कसैको मूल्यवान् चिज चोरेर ल्याएको हुनुपर्छ। हैन भने यस्तो कसरी हुनसक्छ ? केटोलाई चोरीको दोष लगाए। गाउँका सबै भद्रभलाद्मी र गाउँलेहरू जम्मा भई केटालाई कारकेर गर्न थाले। भन यस्तो सम्पत्ति तैंले कसरी बनाइस ? कसको चोरेर ल्याइस भनी एकमुख लगाएर सोध्न थाले। वास्तवमा कोही व्यक्ति पनि मेरो चोरी भयो भन्न आएका थिएनन्। गाउँलेहरू भित्रभित्रै अचम्म मानिरहेका थिए भने अर्कोतर्फ इर्ष्या पनि गरिरहेका थिए। केटाले भद्रभलाद्मी र गाउँले समक्ष आएर मैले कसैको केही पनि चोरेको छैन, मलाई भगवान्ले आशिर्वाद दिनुभएको हो र त्यही आशिर्वादको प्रभावले गर्दा यस्तो भएको हो भन्यो। गाउँलेहरू केटाको कुरा मान्न

तयार भएनन् । अर्काको घरमा गोठालो बस्ने मानिसले यस्तो सम्पत्ति कसरी कमाउन सक्छ । कतै भगवान्ले आशीर्वाद दिएर यस्तो हुन्छ ? भनी एक आपसमा कुरा गर्न थाले । विचरा केटाको पक्षमा बोल्ने कोही पनि भएनन् । केटाले गाउँलेहरूले आफ्नो कुरा नपत्याएपछि भन्यो- एकछिन तपाईंहरू यहीँ बसिराख्नुस्, म मेरा देवतासँग सोधेर आउँछु भनी सरासर त्यही नदीको ठूलो ढुङ्गोतर्फ लाग्यो, जहाँ उसले नागलाई भेटेको थियो । उसको मीत पनि त्यही ढुङ्गामुनि बसिरहेको रहेछ । केटोले मीतज्यूलाई सबै वृत्तान्त सुनायो र आफूलाई गाउँलेहरूले चोर दोष लगाएको समेत बतायो । गाउँलेहरूले मेरो घर घेरे मलाई शान्तिसँग बस्न पनि दिएनन् भन्यो । नागमीतले आफ्नो मनुष्यमीतको सबै मर्म बुझ्यो अनि नागले अरू आफ्ना आफन्त नागहरू लिएर केटाको घरमा जाने विचार गर्‍यो । केटोसँगै सर्पको बथान आएको देखेर गाउँलेहरू छक्क परे । केटाको घर घेरेर बसिरहेका गाउँलेहरूलाई केटाको मीत नागले यो सम्पत्ति कसैको पनि चोरेको होइन, मेरा बुबाआमाले दिएको आशीर्वादको फल हो भनी गाउँलेहरूलाई सुनायो । सर्पको यस्तो कुरा सुनेपछि सबै गाउँलेहरू आ-आफ्नो घरतिर लागे ।

केही समयपछि छिमेकको एकजना केटाले त्यही करिब केटोसँग सोध्यो- तैंले कसरी नागसँग भेट गरिस् ? मलाई पनि बताइदे भन्यो । गरिब केटाले भन्यो- हेर, तँ धनी छस्, तै पनि ऊ त्यही खोलाको ढुङ्गामुनि नागदेवता होलान् मैले त्यही भेटेको हुँ । तँ जाने भए जा भनी छिमेकको केटालाई देखाई दियो । छिमेकको केटो पनि त्यसै ढुङ्गामाथि बस्यो र हे नाग देवता ! म पनि त्यो केटाजस्तै गरिब छु । मलाई पनि उसको जस्तै सम्पत्ति देऊ भन्यो । ढुङ्गामुनि धेरै नै नागहरू बसेका रहेछन् । उनीहरूले त्यो केटालाई भनेछन्- हैन, तिमी गरिब छैनौ, तर लोभी भने छौ भन्दा हैन म गरिब नै छु भनी केटोले बारम्बार भनेछ । नागहरूलाई रिस उठेछ अनि सबै मिलेर उसलाई लखेटेछन् । यो सबै कुरा गरिब केटोले हेरिरहेको थियो । नाग मीतका सबै साथीहरू पनि गरिब मीत केटोसँग बिदा भएर जान लाग्दा केटोले भनेछ- मीतज्यू तपाईंले मेरो लागि धेरै गर्नुभयो, म तपाईंको लागि के गरम भन्दा मीत नागले भनेछ- त्यहाँ भएको सम्पत्ति सबै तपाईंको नै हो, गाउँलेहरूसँग नडराउनु, केही त्यस्तो पर्‍यो भने चाहिँ म भएको ठाउँमा आउनु भनेछ । अनि तपाईंले मेरो लागि केही गर्नुपर्दैन खाली श्रीपञ्चमी र नागपञ्चमीका दिनमा मलाई सम्झेर दूधको धारा दिनु भए हुन्छ भनी भनेछ । त्यसैले आज पनि मानिसहरूले नागहरूको सम्झनामा दूधको धारा दिने चलन छ । कथा यतिमा नै टुङ्गिन्छ । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला ।

कथावाचक : लक्ष्मी विश्वकर्मा

ठेगाना : भोटेओडार लमजुङ

वर्ष : ४४

मिति : १८-१०-२०६०

कथा संख्या : ३

# सत्य र कलि

परापूर्व कालमा सत्य र कलिको भेट भएछ रे। भेट भएपछि को हो के हो भनेर एकआपसमा सोधखोज भएछ। आफूहरू सत्य र कलि भएको कुरा एकअर्कामा बताए छन्। कलिले सत्यलाई सोधेछन्- तँ के काम गर्छस् भन्दा कलिले भनेछन्- म जस्ताको तस्तै अहिले नै देखाउन सक्छु। त्यसपछि सत्यले पनि भविष्यमा हुने कुरा अहिले नै देखाउन सक्छु वा भन्न सक्छु भनेछन्। सत्यले फेरि कलिलाई सोध्छन्- अहिले नै देखाउन सक्छस् त भन्दा सक्छु भनी कलिले उत्तर दिएछन्। लौ हुन्छ, भनी 'कलि' एउटा राम्रो सुनको स्याखु बनेर बीच बाटोमा बसेछन्। सत्य भने लुकेर यो दृश्य हेरिरहेका थिए। केही छिनपछि त्यही बाटोमा एकातिरबाट दुई जना र अर्कातिरबाट पनि दुईजना मानिसहरू आए र त्यही सुनको स्याखु भएको ठाउँमा चारैजनाको भेट भयो। चारै जनाले सुनको स्याखु देखे। चारै जनाले त्यहाँ कसैलाई पनि देखेनन्। त्यसैले बराबर बाँडेर आपसमा लिने विचार गरे। बराबर गरी काट्नको लागि काट्ने हतियारको खाँचो पऱ्यो। त्यसैले नजिकको गाऊँमा गई हतियार ल्याउने सल्लाह भयो। दुवैतिरबाट आएका एक/एक जना गरी दुई जना हतियार खोज्न गाउँतर्फ लागे। दुवैतिरबाट आएका एक/एक जना भने त्यही बाटोमा सुनको स्याखु कुरेर बसे।

काट्ने हतियार खोज्न गाउँ गएका दुईजनाले केही खाने कुरा पनि खाने मौका पाए। उनीहरूले स्याखु कुरी बसेका दुईजनालाई पनि केही खानेकुरा ल्याइदिने विचार गरे। गाउँ गएका ती दुई जनाले खानामा विष राख्ने षडयन्त्रसमेत रचे। त्यसपछि काट्ने हतियारसहित विष राखेको खाने कुरा लिएर उनीहरू ती साथी भएतर्फ आए। जब विष राखेको खानेकुरा खान्छन् उनीहरू मरिहाल्छन् अनि हामी दुई मात्र बाँडेर लिने भन्ने गाउँतर्फ गएकाको सल्लाह थियो। यता सुनको स्याखु कुरी बस्नेहरूले पनि छुट्टै षडयन्त्र रचेका थिए। जब गाउँबाट ती दुई साथीहरूले काट्ने हतियार ल्याउँछन्, हामीले भनौं तिमीहरू थाकेका छौं, खै हतियार लेऊ, तिमीहरू बस, हामी काट्छौं। जब हतियार हामीलाई दिन्छन्, त्यसैबखत उनीहरूलाई काटेर मारौं। त्यसपछि यो हामी दुई मात्रै बाँडेर लिऊँ भनी सल्लाह गरेका थिए। गाउँमा हतियार खोज्न गएका दुवै साथीहरू हतियार र सुनको स्याखु कुरी बसेका दुवै साथीलाई खानासमेत ल्याएर दिँदै भने- लौ ! तिमीहरूलाई पनि भोक लागेको होला, हामीले त उही खायौं, तिमीहरू पनि पहिला खाऊ अनि बाडौंला भन्दा त सुनको स्याखु कुर्नेले मानेन्। उनीहरूले गाऊँमा हतियार खोज्न गएका साथीलाई भन तिमीहरू कहाँ-कहाँ डुलेर यो हतियार खोजी ल्यायौं, थाकेका छौं होला, तिमीहरू खै

हामीलाई बस हतियार देऊ पहिला यो काटेर बाँडौं अनि खाउँला भनी हतियार मागे । जब ती दुई हतियार बोकेका साथीले हतियार दिए, स्याखु कुरी बस्नेले हतियार पाएपछि पहिला स्याखु काट्नुको बदला तिनै साथीलाई पो काटे । अब स्याखु कुरी बस्ने दुई साथी पनि पहिला त्यो खानेकुरा खाऊँ, दुईजनालाई बाँड्ने त हो नि के को हतार ? भनी त्यही विष राखेको खाने कुरा खाएछन् । विष राखेको खानेकुरा खाएपछि उनीहरू पनि भुतुक्कै भई त्यहीँ मरे । यसरी कलिले कलियुगमा यस्तोसमेत घटना घट्न सक्छ भन्ने कुरा सत्यलाई देखाइदिए र कलिको धर्म पनि यही नै हो रे । लुकेर बसी हेरेका सत्यले सम्पूर्ण घटनाहरू हेरेका थिए । यो घटना देखेपछि सत्य र कलि केही छिन कुराकानी गरेर आ-आफ्नो बाटो लागे ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला ।

कथावाचक : माधवप्रसाद अधिकारी
ठेगाना : भोटेओडार लमजुङ
वर्ष : ६०
मिति : १५-१०-०६०

कथा संख्या : ४

# च्याङ्ग र ठ्याङ्ग

कुनै गाउँमा एउटा ब्राम्हण ज्योतिषीका बुढाबुढी बस्ने गर्दथे। ब्राम्हण खुनखार ज्योतिष थिए। उनकी ब्राम्हणी गर्भवती थिइन्। महिना पुगेपछि ज्योतिषीकी बुढीलाई सुत्केरी हुने व्यथा लाग्यो। बुढीलाई व्यथा लागेपछि ज्योतिष बुढाले भने- जब बच्चा जन्मन्छ, तिमी यसै थालमा यही पैसाले ठ्याङ्ग ठ्याङ्ग हान्नु म बाहिर बसेर सुनिरहन्छु भनी एउटा डबल र चरेसको थाल व्यथाले घटपटाएकी बुढीको नजिकै राखिदिए। जब बच्चा जन्मियो, बुढीले पनि बुढाले भने जस्तै गरी आवाज दिइन्। बुढाले जब च्याङ्गको आवाज सुने, त्यही साइतअनुसारको टिप लगाई चिना बनाएर हेर्दा बालक छोरा रहेछ र त्यो मूल परेको रहेछ। बाबुको मूल परेको छोरालाई हेर्नु हुँदैन भनी ज्योतिषी बाहिरैबाट बुढीसँग सबै बेलीविस्तार लगाई बिदाबादी भएर घरबाट निस्के। घरबाट निस्केपछि देशविदेश घुम्न थाले। राम्रो ज्योतिषी भएका कारण उनी भएको ठाऊँमा मानिसको भने सधैं भीड लाग्ने गर्दथ्यो। कहिलेकाहीँ भविष्यवाणीसमेत गर्दथे। यसरी बुढाको दिनचर्या बितिरहेको थियो।

ज्योतिषीको छोरा पनि सानै उमेरदेखि ज्योतिष शास्त्रमा बढी चासो देखाउँदथ्यो। एकदिन छोराले आफ्नी आमासँग बाबुको बारेमा सोधपुछ गर्‍यो। आमाले पनि भएका सम्पूर्ण बेलीबिस्तार छोरालाई सुनाइन्। छोरो आफै पनि एक ज्योतिषी भएको र एक प्रख्यात ज्योतिषीको छोरा भएकोमा खुसी भयो। अब म बुबाको खोजीमा जान्छु, मरे बाँचेको पत्ता लगाएर आउँछु, जिउँदै भेटेमा साथै ल्याउँछु भन्ने विचार गरी आमासँग बिदाबारी भएर घरबाट हिंड्यो। बुबाको खोजीमा छोरो ज्योतिषी धेरै ठाउँ डुल्यो। कुनै एक गाउँमा एउटा वृद्ध ब्राम्हण ज्योतिषी काम गरेर बसेको छोराले थाहा पायो। कतै तिनै वृद्ध ब्राम्हण मेरै पिता त होइनन् भन्ने शङ्का गरी छोरो ज्योतिषी पनि त्यही ठाऊँमा गयो। त्यहाँ जाँदा त्यस गाउँका सबै मानिसहरू मिलेर हतार-हतार पोखरी खन्दै रहेछन्। यो के गरेको भनी छोरा ज्योतिषीले गाउँलेहरूसँग सोधे। गाउँलेहरूले पनि ज्योतिषीको सल्लाहअनुसार पाखेरी खनेको बताए। उनीहरूले अर्थात् गाउँलेहरूले भने- आज यति बजेर यति मिनेट जाँदा आकाशबाट एउटा माछा पृथ्वीमा खस्छ। टाढादेखि खस्ने हुँदा, यदि त्यो माछा जमिनमा बज्रियो भने ठहरै मर्नसक्छ, त्यसैले हामीले माछालाई बचाउन पोखरी खनेका हौं। पोखरी खनेर पानी जम्मा गरेपछि माछा पानीमा पर्दा बाँच्न सक्छ भनी गाउँलेहरूले उत्तर दिए। यो भविष्यवाणी तीनै बुढा ब्राम्हण ज्योतिषीले गरेको पनि छोरा ज्योतिषीले थाहा पायो। छोरा ज्योतिषीले पनि यसो जोखाना हेरे र भने- हो, आज सगरबाट माछा पक्का खस्छ तर त्यो माछा तपाईंहरूले खनेको पोखरीमा पर्दैन। किनकि

हावाको झोक्कालाई ज्योतिषीले ख्याल गरेनन् । पोखरी अलिकति उतापट्टि खन्नुहोस्, हैन भने माछा मर्छ । तर गाउँलेहरू आफ्नै गाउँको वृद्ध ज्योतिषीले भनेअनुसार नै खन्ने निधो गरे । त्यसपछि छोरा ज्योतिषीले भन्यो- यो ज्योतिषी पनि हाम्रै बाबु जस्तै रहेछ । ती बुढा ज्योतिषी पनि त्यहीँ बसिरहेका थिए । जब त्यो युवक ज्योतिषीले 'हाम्रो बाबुजस्तो' भनेको सुने, त्यसपछि बुढालाई पनि शङ्का लाग्यो र सोधे- छोरो ज्योतिषीले आफ्नी आमाले भनेको सबै कुराको वृत्तान्त सुनायो र उसले भन्यो मेरा बाबुले 'ठ्याङ्ग' को अनुसार चिना बनाउनुपर्नेमा 'च्याङ्ग' को अनुसार चिना बनाउनु भएछ । च्याङ्गको अनुसार बनेको चिना मूल परेछ अनि मूल परेको छोराको मुखै नहेरी त्यसैदिनदेखि घरबाट हिंड्नु भएको आजसम्म मरे बाँचेको कुनै खबर छैन भनी छोरा ज्योतिषीले भन्यो । युवक ज्योतिषीको कुरासुनेपछि वृद्ध ज्योतिषीले आफ्नो छोरा रहेछ भनी चिनीहाले ।

यत्तिकैमा आकाशबाट माछा पनि ज्योतिषीले भनेकै समय खस्यो तर हावाको झोक्काले गर्दा बाबु ज्योतिषीले भनेको ठाउँमा नखसी छोराले भनेको ठाउँमा खस्यो । साह्रो जमिनमा खसेको हुनाले माछा ठहरै मर्‍यो । यसरी आफूभन्दा पनि बढी जान्ने ज्योतिषी पाएर बुढा ज्योतिषीको हर्षको सीमा नै रहेन । आफूलाई युवक ज्योतिषीको बुबा हुँ भनी चिनाएर दुवै बाबु छोरा घरमा आए । यसरी बुढाबुढी र छोरा खुसीसाथ रहन थाले । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठजाला भन्ने बेलामा तुरुन्त आउला ।

कथावाचक : लालबहादुरभुजेल
भोटेवोडार : लमजुङ
वर्ष : ६४
मिति : १७-१०-२०६०

कथा संख्या : ५

# अर्ती

एकादेशमा एउटाका बुढाबुढी थिए। उनीहरू कुनै एउटा गाउँमा बस्ने गर्दथे। समाजमा बस्दा हरेक प्रकारका सामाजिक रीतिरिवाजहरूलाई पनि उनीहरूले मान्दैआएका थिए। यसै सिलसिलामा दसैं पनि आयो। बुढाबुढीसँग तीन मोहर पैसा मागी लिएर दसैंको लागि खसी किन्न जान्छु भनी घरबाट निस्किएर हिँडे। बाटोमा हिँड्दै जाँदा बुढाले एउटा जोगीलाई भेटे। बुढा र जोगी चुपचाप भएर निकै लामो बाटो हिँडे। जोगी यति लामो बाटो एक शब्द पनि नबोली हिँडेको देख्दा बुढालाई असैह्य भयो र के भनूँ कसरी कुरा गरुँ भनी उकुस मुकुस भयो। अब आफै बोल्नु पऱ्यो भनी मनमनै विचार गरे। जोगीलाई आदरपूर्वक भने केही त बोल्नोस् महाराज ! जोगीले भने उसको एक वाक्यको एक मोहर लाग्ने बतायो। बुढाले पनि ठीकै छ नि त खसी दुई मोहरको नै किन्नु पर्ला भनी मनमनै सोची एक मोहर जोगीलाई दिए। एकमोहर लिएबापत त्यसको सट्टामा 'मौकामा कोरीको पनि पाउ पर्नू' भनी जोगी चुपचाप रहे। जोगीको एक वाक्य सुनेपछि बुढालाई अर्को वाक्य पनि सुन्ने इच्छा भयो र अर्को मोहर पनि जोगीको हातमा राखिदिए। दोस्रो मोहर लिएबापत जोगीले पनि 'आइमाई वा नारीजातिलाई कहिल्यै विश्वास नगर्नू' भनी भने। जोगीका अर्तीरूपी दुई वाक्य सुनेपछि बाँकी तेस्रो मोहरको पनि वाक्य सुन्ने इच्छा हुँदा बुढाले जोगीको हातमा बाँकी तेस्रो मोहर पनि राखिदिए किनकि एक मोहरले खसी पनि आउने थिएन। तेस्रो मोहर लिएबापत जोगीले बुढालाई 'राजालाई कहिल्यै नढाट्नू' भनी भने। यति भनेपछि जोगी चुपचाप आफ्नो बाटो लाग्यो।

जोगीका यिनै तीनवटा अर्ती बोकेर बुढा घरतर्फ फर्कन लाग्दा बाटोमा मानिसहरूको जमघट देखे। ती मानिसहरू अब के गर्ने कसो गर्ने भन्ने छलफल गरेको सुनी बुढा पनि के रहेछ भनी बुझ्न त्यतै लागे। त्यसै गाउँको ज्यादै धनी व्यक्ति उसको भर्खरै मृत्यु भएको तर त्यस मानिसलाई कुष्ठरोग लागेको र उसका नजिकका आफन्तहरू कोही पनि नभएको हुँदा अब दाहसंस्कार कसले गर्ने हो, कसरी लैजाने हो भन्ने छलफल गरेको कुरा बुढाले थाहा पाए। मृतक धनी भए पनि कुष्ठरोगी भएको हुँदा त्यस गाउँका कुनै पनि मानिस मृतकको दाहसंस्कार गर्न चाहँदैनथे। बुढाले यसो विचार गरे- मलाई यस गाउँमा कसले चिनेको छ र ! त्यसमा पनि जोगीको 'मौकामा कोरीको पनि पाउ पर्नू' भन्ने अर्तीलाई झ्वाट्ट सम्झिए। बुढाले गाउँलेहरूलाई भने- यदि तपाईंहरूलाई यस्तै अप्ठेरो परेको छ भने म यस कोरीको दाहसंस्कार गर्छु। गाउँलेहरूको सर्त के रहेछ भने उनीहरूले खनिदिएको खाडलमा मृतक कोरीलाई लगेर राखिदिने र दाहसंस्कार गरिदिने, त्यसपछि

नुहाई धुवाई सकेपछि उसले आफूले बोक्न सक्ने धनसम्पत्ति दिएर पठाउने । बुढा पनि गाउँलेहरूको सर्तबमोजिम मृतकलाई गाउँलेहरूले खनेको खाडलमा बोकेर राखिदिए पछि दाहसंस्कार गरिसकेपछि नजिकको नदीमा गई नुहाई धुवाई सकेर आफूले बोक्न सके जति सम्पत्ति बोकेर घरतिर लागे ।

सकी नसकी सम्पत्ति बोकेर बुढा घर फर्केको देखेर बुढी दङ्ग परिन् । एकदिन बुढालाई आफूले बोकेर ल्याएको सम्पत्ति कति रहेछ भनी जान्ने इच्छा लाग्यो । बुढाले बुढीलाई गाउँतिरबाट पाथी खोजेर ल्या भनी अह्राए । बुढीले पनि गाउँकी एक छिमेकीको घरमा गई पाथी मागिन् । पाथी माग्दा छिमेकीकी बुढीले किन चाहियो भनी सोध्दा बुढीले सम्पत्ति भर्न भनी भनिन् । बुढी ज्यादा सोझी भएकी हुँदा उनले सबै वृत्तान्त बताइदिइन । छिमेकीकी श्रीमती निकै चलाख थिई । उसले पाथीको पिँधमा लिसो टाँसेर दिई । बुढीले पाथी घरमा ल्याएर बुढाबुढी मिलेर भर्ने काम गरे । काम सकिए पछि बुढी फेरि पाथी फर्काउन छिमेकीको घरमा गइन् । पाथीको पिँधमा एक रुपियाँ टाँसिएको बुढाबुढीलाई पत्तै भएन । भोलिपल्ट छिमेकीकी श्रीमतीले बुढीसँग हैन तिम्रा बुढाले कसरी सम्पत्ति कमाएर ल्याएछन् भनी सोध्दा आफूलाई त्यसबारेमा केही थाहा नभएको र अब गएर बुढासँग सोध्ने कुरा बताइन् । बुढीले बुढासँग यो सम्पत्ति कसरी कमाएर ल्यायौ भनी सोध्दा बुढाले जोगीको दोस्रो अर्तीलाई झ्वाट्ट सम्झिए । बुढाले बुढीलाई आलटाल गरी राखे ।

आइमाइहरू सिद्धिवाल हुन्छन् भन्ने कुरा बुढालाई राम्ररी थाहा थियो । उनले पनि बुढीको जिद्दीको लागि केही सोच्नुपर्छ भनी विचार गरे । एकदिन बुढाले बुढीलाई भने- रोटी पका म तातो रोटी खाँदै कसरी सम्पत्ति कमाएर ल्याएँ भन्ने कुरा भनिदिन्छु । सोझी बुढीले छिमेकीकी श्रीमतीलाई बुढाले भनेको कुरा सबै सुनाई र त्यसै दिन बेलुका पिँढीमा बसी झ्यालबाट सबै कुरा सुन्नु भनी सल्लाह दिई । बुढीको योजनाअनुसार छिमेकीकी श्रीमती पनि बुढीको घरमा आएर पिँढीमा बसी । यता बुढीको घरमा रोटी पाक्यो । बुढाले ताता रोटी खादै भन्न सुरु गरे । बुढाले भने- हेर बुढी ! सम्पत्ति कसरी कमाएर ल्याए भन्ने कुरा तँलाई भन्छु लौ सुन् । जब म तँसँग तीन मोहर मागी खसी किन्न भनी घरबाट हिँडे । बाटामा हिँड्दा-हिँड्दै मलाई साह्रै भोक लागेर आयो । हिँड्दा-हिँड्दै बाटोमा एउटा ठूलो सिउडीको बार आयो, मसँग खाने कुरा केही पनि थिएन, जेसुकै होस् भनी ठाने र सिँउडीको हाँगो मर्काएँ । हाँगोबाट सिउडीको दूध तररर झ¥यो । त्यसैबेला पातको बोहोतो (दुनो) बनाएर त्यसै बोहोतो भरी सिउँडीको दूध टन्न थापेर पिएँ । बाटोमा हिँड्दै थिए एकछिनपछि मेरो पेट कटक्क काट्यो । मलाई बाहिर बसौं जस्तो लाग्यो । बाहिर बस्न गएँ । बाहिर बस्दा त दिसाको सट्टामा खररर मोहर रुपियाँ पो झ¥यो । यही हो मैले सम्पत्ति कमाएर ल्याएको तरिका भनी तातोतातो रोटी खाँदै बुढीलाई बुढाले सुनाए ।

कन्सुत्ले लाएर बसेकी छिमेकीकी श्रीमतीलाई यति सुनेपछि पुगिहाल्यो । छिमेकीकी श्रीमती आफ्नो घरमा गएर लोग्नेलाई सारा वृत्तान्त सुनाई र उसलाई पनि त्यसैगरी सम्पत्ति कमाएर लेऊ भनी अह्राई । श्रीमतीको कुरा ठीकै होला भनी छिमेकीको श्रीमान्ले पनि त्यसै गऱ्यो । एक बोहोतो सिउँडीको दूध के खाएको थियो, त्यही ठहरै मऱ्यो । मृतककी श्रीमतीले मैले फलानाले भनेको सुनेर मेरो श्रीमानलाई पनि यस्तो गर्न लगाएको हुँ, उसैको कारणले गर्दा मेरो श्रीमान्को ज्यान गयो भनी ज्यानमारा केसको मुद्दा दिई । त्यसबखत हरेक मुद्दाको सुनुवाई र फैसला राजाबाट नै हुने गर्दथ्यो । दुवै वादी प्रतिवादी राजासमक्ष गएर उभिए । त्यहाँ राजा, भद्रभलाद्मी र अरू गाउँलेहरू पनि राजासमक्ष जम्मा भएका थिए । दुवै वादी प्रतिवादी आ-आफ्नो कुरा राजा र जनसमक्ष राखे । बुढाले भने- आफ्नी श्रीमतीसँग ठट्टाको रूपमा सिउँडीको दूध खाएर पैसा कमाएको कुरा गरेको हो । सिउँडीको दूध विष हुन्छ भन्ने कुरा सारालाई थाहा भएको कुरा हो । यस्तो थाहा हुँदाहुँदै पनि मृतककी श्रीमतीले आफ्नो श्रीमान्लाई सिउँडीको दूध खान लगाई आफैले श्रीमानको ज्यान लिएको देखिन्छ । धन कमाउने लोभमा मृतककी श्रीमती आफैले श्रीमानको ज्यान लिएको हुँदा उनी आफै ज्यानमारा हुन भनी बुढाले बयान दिए ।

त्यसैबेला बुढाले जोगीको तेस्रो अर्ती सम्झिए । त्यसैले बुढाले राजासमक्ष आफ्नो यथार्थ राखे । आफ्नो यथार्थ थाहा पाएपछि समाजबाट आफू वहिष्कार हुने डर र जोगीको दोस्रो अर्ती नारी जातिलाई विश्वास नगर्नु भन्नेले गर्दा आफूले सत्य नबताएका कुरा बुढाले राजासमक्ष बताए । राजालाई कहिल्यै नढाँट्नु भन्ने जोगीको तेस्रो अर्तीको कारणले राजासमक्ष सत्य बोलेको कुरा पनि बुढाले बताए । यस्तो सत्य र तथ्य थाहा पाए पछि राजा अत्यन्त खुसी भए । मृतककी श्रीमतीलाई उसको बिरामअनुसार दण्ड दिई बुढाको पक्षमा मुद्दाको फैसला गरिदिए । त्यस दिनदेखि बुढाबुढी कसैको पनि चासो नराखी त्यसै गाउँमा आनन्दपूर्वक बस्न थाले ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला ।

कथावाचक : कृष्णकान्त खनाल
ठेगाना : भोटेवोडार लमजुङ
वर्ष : ५४
मिति : १९-१०-२०६०

कथा संख्या : ६

# तपस्वी र परमात्मा

एकादेशमा एकजना ऋषि थिए । उनले कैलास पर्वतमा दिव्य बाह्र वर्षसम्म तपस्या गरेका थिए। आफ्नो तपस्या पूरा भएपछि ऋषिले विचार गरे- अब म एक पटक भगवानको पाउ पर्न जान्छु। दर्शनको लागि उनले बेलपत्र टिप्न जाँदा एउटा हाँगो भाँचियो । हाँगो भाँचिएपछि ऋषिलाई ठूलो चिन्ता पऱ्यो । अब परमात्माले कति लाग्ने बताउनुहुन्छ भन्ने चिन्ता गर्दै उनी आफ्नो बाटो लागे । बाटो हिँड्दै एक ठाउँमा एउटा किसानले ठूलो बेलघारी फाँडेर खेती गर्न लागेको ऋषिले देखे । ऋषिले मनमनै विचार गरे- मैले अन्जानमा एउटा हाँगो भाँच्दा त कति पाप लाग्ला भन्ने छ, यसले त यत्रो घारी फाँड्यो झन् यसलाई कति होला । ऋषि टक्क किसानको अगाडि उभिएको देखेर किसानले किन होला भनी सोध्दा उनले किसानलाई तिमीलाई कति पाप लाग्ला भन्ने सोचेको, मैले अन्जानमा एक हाँगा भाँचिदा मलाई कति पाप लाग्ला भन्ने सोचिरहेको छु। आफू परमात्माको दर्शन गर्न जान लागेको पनि किसानलाई बताए । किसानले उसो भए मलाई कति पाप लागेछ। परमात्मासँग सोधेर आउनु भनी ऋषिलाई भन्यो। त्यहाँबाट ऋषि हिँड्दै थिए- बाटामा एउटा चौतारो देखे । त्यस चौतारामा एउटा मानिस पनि रहेछ । त्यो मानिसलाई पनि ऋषिले आफू परमात्माको दर्शन गर्न जान लागेको बताए । त्यो मानिसले भन्यो- हेर्नुहोस्, यो चौतारो बनाएको र प्रतिष्ठासमेत गरेको २५ वर्ष भयो। यसमा लगाएका विरुवाबाट हाँगाबिगा त के कुरा पातसम्म पनि पलाएन के कारणले रहेछ यो सोधि आउनु होला भनी चौतारो कुरेको मानिसले भन्यो । त्यहाँबाट पनि ऋषि अगाडि बढ्दै थिए । बाटोमा एउटा नदी आयो, त्यो नदी शाली नदी रहेछ । ऋषि नदीको किनारमा बालुवा माथि हिँड्दै थिए । बालुवा माथिका ढुङ्गामा टेक्न के खोजेका मात्र थिए त्यो ढुङ्गा जस्तो लागेको त अजिङ्गर पो रहेछ। अजिङ्गरले ऋषिलाई टोक्न खोज्यो। ऋषिले आफू परमात्माको दर्शन गर्न जान लागेको बताए । अजिङ्गरले भन्यो- उसो भए म के कारणले अजिङ्गर भई यस नदीको किनारमा लडेको रहेछु, परमात्मासँग सोधेर आइदेऊ । ऋषिले पनि हुन्छ भनी त्यहाँबाट हिँडे । ऋषि बल्लतल्ल परमात्माको ठाउँमा पुगे । आफू परमात्माको दर्शन गर्न आएको कुरा त्यहाँ पालेहरूलाई बताए । पालेहरूले सबै ढोकाहरू खुला गरिदिए । ऋषि परमात्मा भएको ठाऊँमा गई तपस्याको बलले आफ्नो रोशन (तेज) आफैले खिची ल्याएको बेलपत्र चढाई भगवान्को दर्शन गरी पाऊमा परे । धेरै बेरसम्म पाउमा नै रहेको देखेर भगवान्ले पनि उठ, किन हो भनी सोध्दा ऋषिले आफूले दिव्य १२ वर्ष तपस्या गरेको र तपस्या सकिएपछि दर्शनका लागि आउने इच्छा हुँदा एउटा बेलपत्र

टिप्न खोज्दा झुक्किएर हाँगो भाँचिएको हुँदा मलाई कति पाप लाग्ला भनी सोधे। भगवान्ले भने- अब फेरि दिव्य १२ वर्ष तपस्या गर। ऋषिले किसानको बारेमा पनि सोधे। भगवान्ले उसलाई कुनै पाप नलाग्ने बताए किनभन्दा भगवान्ले भने- अब किसानले त्यस ठाऊँमा खेतीबाली लगाउँछ, चराचुरुङ्गी, दुःखी गरिब सबैले खान पाउँछन्, उम्रेको घाँस पशुहरूले खान पाउँछन्। त्यसैले उसलाई कत्ति पनि पाप लाग्दैन। तर तिमीले तल हेरेर बेलपत्र टिप्दा हाँगो भाँचियो। आँखा चिम्लेर तिमीले यो पाप गऱ्यौ। चौतारो कुरेर बसेको मान्छेको प्रश्न पनि भगवान्सँग ऋषिले सोधिदिए। उत्तरमा भगवान्ले भने- त्यो मानिसले चौताराको छपनी मुनि गाग्रोभरि पैसा राखेर गाढेको छ, त्यो झिकेर दुःखी गरिबलाई बाँडिदिए मात्र पातहरू पलाई हाँगाहरू पनि फैलिन्छन् र शीतल दिन्छन्, हैन त्यस्तै हुन्छ। अजिङ्गरको कुरा पनि ऋषिमुनिले परमात्मा सामु राख्दा उत्तरमा परमात्माले भने त्यो अजिङ्गर पहिला एउटा पण्डित थियो। मानिसहरूको कर्मकाण्ड, आलटाल आतेपाते गरी गराइदिन्थे। कहिले पनि कसैलाई केही दिँदैनथे, दान धर्म भन्ने कुरा त पटक्क थिएन, त्यही पापले गर्दा ती पण्डित अजिङ्गरको रूपमा त्यहाँ लडेको कुरा ऋषिलाई परमात्माले बताइदिए। ऋषि फर्कदा बाटोमा सबैका कुराहरू बताउँदै आए। कथा यही टुङ्गिन्छ। भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलाम तुरुन्त आउला।

कथावाचक : सरस्वती अधिकारी
ठेगाना : उदीपुर लमजुङ
वर्ष : ७५
मिति : १६-१०- २०६०

कथा संख्या : ७

# घोडाको फुल

एकादेशमा एउटाका लोग्ने स्वास्नी बस्दा रहेछन्। उनीहरू दुवै अलि अधबेस्राजस्ता रहेछन्। उनीहरू बसेको नजिकै बजार पनि रहेछ। एक दिन लोग्ने बजारतिर घुम्नु पऱ्यो भन्ने विचार गरी घरबाट निस्केछ। घुम्दै जाँदा एउटा पसलमा फर्सी बेच्न राखेको देखेछ। उसले पसलेसँग यो के हो भनी सोधेछ। फर्सी पनि नचिन्ने कस्तो खालको मान्छे हो भन्ने पसलेलाई पनि लागेछ। पसलेले पनि यो घोडाको फुल हो भन्ने उत्तर दिएछ। त्यो अधवेस्राले सोचेछ- यो फुल किनेर लान पाए यसबाट बच्चा जन्मिन्छ, त्यो बच्चा ठूलो भएपछि चढेर हिंड्न पाइन्छ। यस्तो सोचेर उसले पसलेसित कति पैसा भनी सोध्यो। पसलेले भनेबमोजिमको पैसा तिरी फर्सीलाई घोडाको फूल सम्झेर अधबेस्रो घरतिर लाग्यो।

घरफर्कंदा बाटोमा अलिकति जङ्गलको बाटो पनि थियो। त्यही जङ्गलको बाटोमा आइपुग्दा अधवेस्रोलाई दिसा गर्न मन लागेछ। रुखको कापोमा घोडाको फुललाई राखेर ऊ दिसा बस्न झाडीतिर गयो। एकछिन पछि सररर हावा चल्यो। हावा चल्दा फर्सी रुखको कापोबाट तल झऱ्यो। झाडीमा लुकेर बसेको स्यालले फर्सी खसेको आवाज सुनी कुलेलम ठोक्यो। यता अधबेस्रोले पनि फर्सी खसेको आवाज सुनी दौडेर आउँदा फर्सी तल झरी फुटिसकेको र झाडीबाट स्याल भागेको पनि देख्यो। उसले विचार गऱ्यो, ओहो घोडाको फुल फुटेर पनि त्यहाँबाट बच्चा बनी भागिसकेछ। स्याललाई घोडाको बछेटो भन्ने सोचेर अधवेस्रो झाडीझाडी स्यालको पछिपछि दगुऱ्यो। तै पनि समात्न सक्छु कि भनी दगुर्दा उसले भेट्टाउन सकेन। स्याललाई कसैले भेट्टाउन सक्छ र। अधबेस्रो थकित भई लखतरान परी घर फर्क्यो। घरमा आई पुर्पुरोमा हात राख्दै सुस्केरा हाल्दै पिंढीमा बस्यो। बेलुकीपख खानपिन गरिसकेपछि दिउँसो भएको सबै घटनाहरू स्वास्नीलाई सुनायो।

लोग्नेका कुरा सुनेपछि स्वास्नीले भनी- ओहो ! अलि बेर लगाएर खोजेर ल्याउनुपर्ने थियो। म पनि यिनै गाउँका आइमाईको अगाडि घोडा चढेर हिँड्दा आफ्नो सान देखाउन पाउने थिए। गाउँघरका दिदीबहिनीभन्दा कम हुने थिइन। बुढीले फेरि भनी अलि गैरन पर्ने थियो एक न एक ठाउँमा त कसो भेटिने थिएन र ? अलि बेर खोजेको भए भेट भइहाल्थ्यो कि। स्वास्नीका कुरा सुनेर लोग्नेलाई रिस उठेछ। लोग्नेले भन्यो- हेर कस्ती अपराधिनी, त्यस्तो सानो बछेटोलाई समातेर ल्याएको भए हुने थियो भन्छेस्। तँ तेती ठूली मान्छे चढ्दा त्यसको ढाड भाँचिदैन तँलाई बद्मास ! भनी स्वास्नीलाई लात्तै लात्ताले पिट्यो। बुढी रुन थाली। भैगो अब नरो, नकरा कुनै दिन फेला परेछ भने ल्याउँला अनि चढ्लिस हैन भने यत्तिकैमा सन्तोष गरी बसम् भनी बुढाबुढी आसैआसमा बसेछन् रे। सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला।

कथावाचक : भीमनाथ खनाल
ठेगाना : भोटेवोडार लमजुङ
वर्ष : ५८
मिति : १९-१०-०६०

कथा संख्या : ८

# टुहुरो

एकादेशमा एउटा टुहुरो केटा थियो । दुःखी भएको कारणले ऊ माग्दै खाँदै गर्दथ्यो । जब ऊ बाह्र तेह्र वर्षको भयो, अब मागेर खानु ठीक छैन भन्ने विचार गरी टुहुरो कामको खोजीमा हिँड्यो । जाँदा-जाँदा ऊ एउटा सिकारीको घरमा पुग्यो । सिकारी दयालु थियो । सिकारीले टुहुरोलाई आफूसँगै राखी उसलाई पनि सिकार खेल्न सिकाउने विचार गऱ्यो । भोलिपल्टदेखि केटो पनि बन्दुक बोकी सिकारीसँगै जङ्गलतर्फ लाग्यो । सिकारीले टुहुरोलाई बन्दुक चलाउन सिकायो । टुहुरो पनि केही समयपछि बन्दुक चलाउन सिपालु भयो ।

टुहुरो अब ठूलो भइसकेको थियो । एक दिन ऊ सिकारीको घरबाट बन्दुक बोकी हिंड्यो । बाटामा एक हुल केटाकेटीहरूले भिजेका भट्मास खाँदै गरेको उसले देख्यो । त्यसबखत पशुपंक्षी, भट्मास, ढुङ्गा सबै कुरा मान्छे जस्तै गरी बोल्ने र एक अर्कले परस्परको भाषा पनि बुझ्न सकिन्थ्यो रे । ती भिजेका भट्मासले टुहुरोसँग भने- दाइ ! हामीलाई पनि साथै लैजानुहोस्, आवश्यक परेको बखत हामी मद्दत गरौंला । भट्मासको यस्तो कुरा सुनेपछि टुहुरोले पनि तिनीहरूलाई साथै लिई हिंड्यो । अब केटो, बन्दुक र भट्मास भई त्यहाँबाट हिंड्दै थिए- बाटोमा सियोसँग भेट भयो । सियोले पनि मौकामा मद्दत गर्नेछु मलाई पनि साथै लैजानुहोस् भन्यो । लौ हुन्छ भनी सियोलाई साथै लिई त्यहाँबाट हिँडे । बाटामा हिँड्दै थिए, उनीहरूले एउटा बाघ भेटे । बाघले पनि म पनि मौकामा मद्दत गर्नेछु, मलाई पनि लैजानुहोस् भन्यो । टुहुरो केटाले पनि लौ हुन्छ भनी बाघसहित सबै हिँडे । तिनीहरू जाँदा बेलुकीपख एउटा गाउँमा पुगे । त्यस गाउँमा गएर एउटाको घरमा बास मागे । त्यस गाउँमा एउटा राक्षेसनी बुढीले ज्यादै सताएकी रहिछ । निर्दोष गाउँका सोझा सिधालाई मार्ने । खानु खायो नरुचेको लास जथाभावी फाल्ने गरेको रहेछ । त्यस गाउँका मानिसहरूले एउटा कचहरी गरेछन् । अबदेखि हामी पालैसँग घरको एकजना आफ्नो पालामा राक्षेसनी बुढीको आहारा बन्न जानु पऱ्यो । यसो गर्नाले हामीलाई पनि सधैं डराउनु पर्ने भएन, राक्षेसनीलाई पनि गाउँ डुल्नु परेन । दुवै पक्षलाई यसै गर्दा भलो हुन्छ भनी नियम बनाएका रहेछन् । राक्षेसनी बुढी पनि घरमा नै बसीबसी आफ्नो सिकार आउने भएको हुँदा गाउँलेको यो निर्णयबाट खुसी भई दङ्ग परेकी रहिछ । यसरी नै त्यस गाउँका निर्दोष गाउँलेहरूले राक्षेसनी बुढीलाई आफ्नो प्राणको आहुती दिएका रहेछन् ।

टुहुरो र उसका साथीहरूले बास बसेको घरमा बेलुकी पख खानपिन गरेपछि खूब रुबावासी चल्यो । कुरा के रहेछ भनी बुझ्दा त त्यस दिनमा राक्षेसनी बुढीको आहारा बन्न जानेपालो त्यसै घरको रहेछ । सबै कुरा थाहा पाएपछि टुहुरो र उसका साथीहरूले त्यस घरका मानिसका सट्टा आफूहरू जाने बताए । साँझमा आएका पहुना देवता हुन्छन् हामीलाई ठूलो पाप लाग्छ भनी त्यस घरका मानिसले मानेनन् । धेरै बेरको छलफल पछि टुहुरो र उसका साथीहरू आफ्नै कुरामा अडिक रहिरहे । अन्त्यमा उनीहरू नै राक्षेसनीको आहारा बन्न गए । यसै मर्नु छ, उसै मर्नु छ, चाँढो किन जानु भनी आलटाल गर्दै ढिलो गरी उनीहरू राक्षेसनीको आहारा बन्न गए । बुढीको घरमा गई भट्मास अगेनाको छेउमा, बन्दुक दैलाको पछाडि, सियो दैलो ठेलोमा, बाघ आँगनमा र टुहुरो केटो कोठामा लुकेर चुपचाप बसे । राक्षेसनी बुढी भोकले रन्थनिदै रिसले चुरिँदै गोडा बजार्दै तलाबाट तल झरी । ज्यादै अँध्यारो भएकाले बुढीले बत्ती बाल्न खोजी बत्ती बाल्न भनी अँगेनामा आगो फुकी । आगो फुकेपछि लुकेर बसेको भट्मास पड्केर बुढीको आँखा नै फुट्यो । ऐया नि बा ! मरे नि ! भनी रुँदै बाहिर निस्कन खोज्दा सङ्घारमा बसेको सियो बुढीको गोडामा रोपिन गयो । बुढी त्यसैबखत आँगनमा ढली । यसैबीच मौका पारेर ढोकामा लुकेर बसेको बन्दुकले बुढीलाई हानेर माऱ्यो । आँगनमा बसेको बाघले बुढीलाई खाइदियो ।

भोलिपल्ट गाउँलेहरूले यो कुरा थाहा पाए । गाउँलेहरूले खुसी मनाए । त्यस दिनदेखि त्यस गाउँमा खुसी र आनन्दको सीमा रहेन । गाउँलेहरूले पनि टुहुरो र उसका साथीहरूलाई त्यही बस्ने आग्रह गरे । उनीहरूले राक्षेसनी बुढीको भएको सम्पत्ति सबै टुहुरोलाई नै दिए । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला ।

कथावाचक : दुर्गा खनाल

वर्ष : ३०

ठेगाना : भोटेओडार लमजुङ

मिति : १७-१०-०६०

कथा संख्या : ९

# लेखेको मेटिदैन

एकादेशमा एउटा राजा थियो । राजाले एउटा भान्से बाहुन केटो पालेका थिए । राजा वनविहार गर्न खूब रुचाउँथे । एक दिन त्यही बाहुन केटालाई साथमा लिई राजा दरबारबाट वनविहानतर्फ लागे । जङ्गलमा केही बेर डुलेपछि बाहुन केटालाई तिर्खा लाग्यो । केटाले आफूलाई ज्यादै पानीको तिर्खा लागेको कुरा राजा समक्ष बतायो । राजाले उनीहरू भएको वरिपरि पानी नभएको बताए । केटोलाई ज्यादै तिर्खा लागेको हुनाले अलि अग्लो ठाउँबाट कतै पानी भएको देखिन्छ कि भनी रुखमा चढेर पर परसम्म हेर्‍यो । रुखबाट हेर्दा केही पानीको तलाउ देख्यो र त्यसको नगिचै (२/४) दुई/चार जना मानिसहरू पनि बसेको देख्यो । केटो रुखबाट तल झर्‍यो र राजालाई आफूले पानीको तलाउ देखेको बतायो र पानी खान जाने बिन्ती पनि गर्‍यो । राजाले हुन्छ भनी केटालाई छाडिदिए । केटो तलाउको नगिच गएर पानी खायो । पानी खाएपछि तलाउको नगिचै त दस पन्ध्र जना मानिस बसेर केही छलफल गरेको सुन्यो । ती मानिसहरूको नगिचै तिलकुश पनि राखेको रहेछ । केटाको मनमा पनि यी मानिसहरू के कुरा गरिरहेका होलान्, त्यो तिलकुश किन राखेको होला भनी जान्ने इच्छा भयो र ऊ पनि तिनै मानिसहरूतर्फ लाग्यो । केटाले ती मानिसहरूसँग आफूलाई मनमा लागेको सबै कुरा सोध्यो । ती मानिसहरूले पनि सबै बताए । उनीहरूले केटालाई भने- कसकी छोरी कसको छोरालाई, कसको छोरा कसकी छोरीसँग बिहे हुन्छ भनी हेरेको भने । केटाले फेरि सोध्यो- मेरो पनि छ त ? भनी सोध्दा छ भनेर भने । उसो भए कसको छोरीसँग मेरो बिहे हुन्छ त भन्दा अहिले तिमी बसैकै राजाकी छोरीसँग तिम्रो बिहे लेखेको छ भनिदिए । यति थाहा पाएर केटो पनि राजाछेउ आएर तलाउको छेउमा भएको सबै कुरा बताइदियो । राजाले केटालाई सोधे- पानी खायौ त भन्दा उसले भन्यो खाएँ । राजाले फेरि सोधे-तिमीले पनि आफ्नो बिहे कसको छोरीसँग हुने रहेछ थाहा पायौ त भन्दा त केटोले थाहा पाएँ भन्यो । राजाले को हो नाम बताऊ भन्दा केटाले बताएन । राजाले आफूले चिनेका मानिसहरूको नाम बताएर फलानाको छोरी कि भन्दा केटोले कुनै पनि होइन भन्यो । राजालाई शङ्का लाग्यो र सोधे कतै मेरै छोरी त होइन भन्दा त केटो केही पनि बोलेन ।

राजा र केटो दरबारमा फर्के । जब राजाले केटालाई देख्दथे, उनको मनमा झसङ्ग हुने गर्दथ्यो । एक/दिन राजाले राम्रो सुनको बाकस बनाउन लगाएर र त्यसभित्र त्यही बाहुन केटालाई हाली नदीमा बगाई देऊ भनी सिपाहीहरूलाई अह्राए । केटालाई मार्न भने उनले सकेनन् । खाली बगाएर भने पनि सन्तोष लिए । बाकस बग्दैबग्दै उनको राज्यबाट बिरानो मुलुकमा पुग्यो । त्यस मुलुकमा एउटाका बुढाबुढी तर ज्यादै धनी रहेछन् । ती बुढाबुढी निःसन्तान रहेछन् । तिनीहरू सन्तानको मुख देख्न पाइयोस् भनी नदीको किनारमा तपस्या गरी बसेका रहेछन् । ती बुढाबुढीको तपस्या गरेको ठीक बाह्र वर्ष पुगेको दिन यता

राजाले बगाएको बाकस पनि तिनै बुढाबुढीले देख्ने गरी उनीहरूकै अगाडि तिर बग्दै आउँदै रहेछ । दैवसंयोगले त्यहाँ एउटा जालाहारी पनि आइपुगेछ । जाल हान्दै गरेको जलाहारीलाई तपस्वी बुढाबुढीले बग्दै आइरहेको बाकस झिकिदिने कुरा गरे । जलाहारीले पनि बाकसभित्रको कुरा तपस्वीका बुढाबुढीलाई दिने र आफू भने त्यो बाकस लिने सर्तमा बाकस झिक्ने बतायो । तपस्वीका बुढाबुढीले हुन्छ भने पछि त्यही सर्तमा जलाहारीले बाकस जालको सहायताले नदीबाट झिकिदियो । बाकस खोलेर हेर्छन् त भित्र एउटा केटो पो रहेछ । सर्तबमोजिम केटो तिनै सन्तानहीन तपस्वीका जोडीलाई दियो र सुनको बाकस जलाहारीले लियो । बाह्र वर्षपछिको तपस्याले ईश्वर खुसी भएर सन्तानका रूपमा त्यस केटालाई हामीलाई पठाइदिएका छन् भनी ती तपस्वी जोडीको पनि आनन्दको सीमा रहेन ।

समय बित्दै गयो । त्यो केटो पनि राम्रो खान लगाउन पाएकाले हलक्क बढ्यो । त्यो केटो पहिलाभन्दा निकै राम्रो भएर आयो । तपस्वी जोडीले अब आफ्नो छोराको व्रतबन्ध गरिदिने विचार गरे । व्रतबन्धमा उनीहरूले धनी, गरिब, राजा सबैलाई निम्तो पठाएका थिए । तपस्वी जोडीको छोराको व्रतबन्धमा तिनै राजा पनि आएका थिए । जब केटाले राजालाई देख्यो, उसले चिनी हाल्यो तर, राजाले भने केही समयपछि भेटेको र हलक्क बढेको कारणले गर्दा चिन्न सकेनन् । जब राजाले तपस्वी जोडी पुत्रलाई देखे उनलाई अति राम्रो लाग्यो र मनमनै आफ्नी छोरी दिने सङ्कल्प पनि गरे । ब्रतबन्ध सकियो, भोज पनि खाइसकियो । आएका सबै परपाहुनाहरू गइसके तर राजा भने यताउता गरिरहे । तपस्वी जोडीले के कुरा होला भनी बिन्ती गर्दा राजालाई कसरी आफ्नो इच्छा बताऊँ भन्ने लागिरहेको बेला तपस्वीका बुढाबुढीले सोधेपछि राजाले आफ्नी छोरी उनीहरूको छोरालाई दिने इच्छा भएको बताए । तपस्वी जोडी ज्यादै खुसी भए उचित लग्न जुराई बिहे पनि भयो । दुरन फर्काउन जाँदा माइतमा दुलही मात्र गइन् । दुलहा गएनन् । जब दुलही माइतमा पुगिन्, राजाले ज्वाइँ खोइभन्दा छोरीले नआएको बताइन् । राजाले सिपाहीहरूलाई तुरुन्त गएर लिएर आऊ भने । सिपाहीले पनि त्यसै गरे । बेलुकी पख खानपिन सकेर ज्वाईं ससुरा कुरा गर्न थाले । ससुराले भन्दा रहेछन् ज्वाईं तपाईंलाई मैले छोरी बलैले दिएको हुँ भन्दा ज्वाईंले भन्दा रहेछ होइन कर्मैले पारेको हो । धेरैबेरसम्म ठूलाबाजी चलेपछि ज्वाईं केटाले जङ्गलमा भएको सबै घटना राजालाई बताइदिएछ । राजाले पनि यही नै बाहुन केटो रहेछ भनी चिनिहालेछन् । लाजले रातो मुख लगाएछन् र यस्तै हो लेखेको मेटिंदैन रहेछ भनेछन् । त्यसपछि राजाले त्यस केटालाई आधा राज्य समेत दिई उसका बुबा आमालाई पनि त्यही झिकाइ खुसीसाथ बसेछन् । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरुक्क आउला ।

कथावाचक : लालबहादुर भुजले<br>
वर्ष : ६४,<br>
ठेगाना : भोटेओडार, लमजुङ<br>
मिति : १७-१०-२०६०

कथा संख्या : १०

# लोभी

एकादेशमा एउटाका बुढाबुढी थिए । उनीहरूका सन्तान थिएनन् । एक दिन बुढीले आफूलाई रोटी खान मन लागेको कुरा बुढासँग भनिन् । बुढाले पनि रोटी खाने उपाय सोच्यो । बुढाले कुचो बाट्न जानेको थियो । उसले केही कुचाहरू बाटी गाउँमा गई कुचोसँग चामल साटेर ल्यायो । बुढीले पनि जङ्गल गई दाउरा, पात टिपेर ल्याई । उसले पात र दाउरालाई बजारमा लगेर बेची र तेल किनेर ल्याई । बुढीले जम्मा तीनवटा रोटीमात्र पकाई । बुढीले पहिले नै बुढालाई भनेकी थिई, जब रोटी पकाइ सकिन्छ अनि दुबैले बाँडेर खानुपर्छ । बुढो पनि बुढीको कुरा मानेर रोटी पकाइञ्जेल चुप लागेर बसेको थियो । रोटी पकाउने सकिएपछि बुढीले भनी- म दुईवटा रोटी खान्छु । बुढाले पनि म दुईवटा खान्छु भन्यो । बुढाबुढीमा हानथाप पर्न गयो । यत्तिकैमा बुढाले एउटा सर्त राख्यो । भोलि जो ढीला उठ्छ उसैले दुईवटा खान्छ । बुढीले पनि हुन्छ भनी र दुवैजना सुते ।

भोलिपल्ट एघार बाह्र बजेसम्म पनि उनीहरूको ढोका नखोलेकाले छिमेकीहरूले लौन के भएछ भनी बोलाए । बुढाबुढी तैपनि उठेनन् । अब भएन भनी छिमेकीहरूले बलैले ढोका फोरेरभित्र गएर बोलाउँदा पनि बुढाबुढी नबोलेकाले उनीहरू लौ मरिसकेछन् भन्ने विचार गरी दुवै बुढाबुढीलाई बाँधछाँध गरी घाटतिर लगे । बुढाबुढीलाई पोल्नको लागि दाउरा अलि कमजस्तो भएको हुँदा तीन जना मलामीले घाटमा बसेर भएका दाउराले पोल्दै गर्ने अरू मलामीहरू नजिकका जङ्गलबाट अलिकति दाउरा खोजेर ल्याउने भन्ने सल्लाह गरी तीन जना घाटमा बसेर र अरू जङ्गलमा पसे । जब ती तीनजना मलामीले बुढाबुढीलाई पोल्ने सुरसार गर्न के लागेका थिए, बुढो चाहिँ आथ्युआथ्यु भन्दै एक्कासि चिताबाट जुरुक्क उठेर तैं खा बुढी दुईवटा म एउटै खान्छु भनी उठ्यो । बुढो उठेपछि बुढी पनि त्यसरी जुरुक्क उठी । पोल्न बसेका ती तीन जना मलामीले यी बुढाबुढी त भूत नै बनिसकेछन् । यिनीहरूले हामी तीनै जनालाई खान्छन् भनी त्यहाँबाट लागे । बुढाबुढी आफ्नो घरमा आई रोटी हेर्छन् त मान्छेले हो कि बिरालोले हो खाइसकेछ । त्यसपछि बुढाबुढी टाउकोमा हात राखी पछुताइरहे । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला ।

कथावाचक : काशीनाथ खनाल

वर्ष : ६०

ठेगाना : भोटेओडार, लमजुङ

मिति : १७-१०-०६०

परिशिष्ट–२

# लोककथाका सूचक

| क.सं. | कथाशीर्षक | नाम | वर्ष | ठेगाना | मिति |
|---|---|---|---|---|---|
| १ | कस्को विद्या ठूलो | भीमनाथ खनाल | ५८ | शिसुप्लेड भोटेओडार | १९-१०-०६० |
| २ | दूधको धारा दिने चलन | लक्ष्मी विश्वकर्मा | ४४ | बजार भोटेओडार | १८-१०-०६० |
| ३ | सत्य र कलि | माधवप्रसाद अधिकारी | ६० | कुसुण्डे भोटेओडार | १५-१०-०६० |
| ४ | ऱ्याङ र ठ्याङ | लालबहादुर भुजेल | ६४ | पैरे भोटेओडार | १७-१०-०६० |
| ५ | अर्ती | कृष्णकान्त खनाल | ५४ | धारापानी भोटेओडार | १९-१०-०६० |
| ६ | तपस्वी र परमात्मा | सरस्वती अधिकारी | ७५ | उर्दीपुर लमजुङ | १६-१०-०६० |
| ७ | घोडाको फूल | भीमनाथ खनाल | ५८ | शिख भोटेओडार | १९-१०-०६० |
| ८ | टुहुरो | दुर्गा खनाल | ३० | धारापानी भोटेओडार | १७-१०-०६० |
| ९ | लेखेको भेटिँदैन | लालबहादुर भुजेल | ६४ | पैरे भोटेओडार | १७-१०-०६० |
| १० | लोभी | काशीनाथ खनाल | ६० | शिख भोटेओडार | १७-१०-०६० |

# सन्दर्भग्रन्थ-सूची


अर्याल सुनिल (२०६३), गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण, स्नातकोत्तर शोधपत्र, अप्रकाशित ।

आचार्य बाबुराम, पुराना कवि र कविता, काठमाडौं : साझा प्रकाशन ।

गिरी, जिवेन्द्रदेव (२०५७), हाम्रो लोक गाथा, काठमाडौं : एकता प्रेस ।

दिवस, तुलसी (२०३३), नेपाली लोक कथा केही अध्ययन, काठमाडौं ने.रा.प्र.प्र. ।

पराजुली, कृष्णप्रसाद (२०२४), पन्ध्र तारा नेपाली साहित्य, काठमाडौं : साझा प्रकाशन ।

बन्धु चूडामणि (२०५८), नेपाली लोकसाहित्य, काठमाडौं : एकता बुक्स ।

शर्मा हरिप्रसाद (२०५९), कथा सिद्धान्त र विवेचना, ने.प्र.प्र.

श्रेष्ठ दयाराम (२०३८), प्रारम्भिक कालको नेपाली इतिहास र परम्परा, काठमाडौं पा.वि.क., त्रि.वि. ।

)))))))) (२०५७), नेपाली कथा, काठमाडौं : साझा प्रकाशन ।

)))))))) (२०५९), साहित्यको इतिहास, काठमाडौं : त्रिकोण प्रकाशन ।